# बार्षिक गतिविधि प्रतिवेदन

## आ.ब. २०७८-७९

राष्ट्रिय मानव अधिकार आयोग
कर्णाली प्रदेश शाखा कार्यालय
जुम्ला

# वार्षिक गतिविधि प्रतिवेदन

## (आ.व. २०७८-७९)

## राष्ट्रिय मानव अधिकार आयोग

### कर्णाली प्रदेश शाखा कार्यालय

### जुम्ला

**लेखन/सम्पादन** : बुद्धनारायाण साहनी केवट

**प्रकाशक** : राष्ट्रिय मानव अधिकार आयोग
कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला ।

**प्रकाशन मिति** : २०७९ असार

**संस्करण** : प्रथम

**प्रति** : ३००

**मुद्रण** : म्याक्सवेल प्रिन्टस् प्रा.लि., नेपालगन्ज

**सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग
कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला ।

***@ आयोगको यस कार्यालयको पूर्व स्वीकृति विना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाईने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोग गर्न सकिने छ ।***

# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## मन्तव्य

नेपाल मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्षराष्ट्र बनेको छ । नेपालको संविधान २०७२ मा मानव अधिकारका थुप्रै प्रावधानहरूलाई मौलिक हकको रुपमा राखिएको छ । अतः मानव अधिकारको सम्मान, संरक्षण तथा परिपुर्ति गर्नु राज्यको दायित्व हो ।

मानव अधिकारको सुनिश्चितताको लागि नेपालको संविधान तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक तथा कानुनी दायित्व सुम्पेको छ । आयोगलाई मानव अधिकार उल्लंघन तथा दुरुत्साहनका उजुरी ग्रहण गरी उजुरीउपर अनुसन्धान र सिफारिस गर्ने अधिकार सुम्पेको छ । त्यस्तै मानव अधिकार अवस्थाको निरन्तर अनुगमन गर्ने, कानुन पुनरावलोकन गर्ने, मानव अधिकार शिक्षाको प्रवर्धन गर्ने साथै नेपाल सरकारको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दायित्वहरुको सम्बन्धमा प्रतिवेदनहरूमाथि सुझाव तथा सिफारिस गर्ने अभिभारा सुम्पेको छ ।

नेपाल संघीय संरचनामा गइसकेको अवस्थामा मानव अधिकार सुनिश्चितताका लागि तीन तहका सरकारहरूलाई थप जवाफदेही बनाउन आयोगले रणनीति योजना (२०२१-२०२६) ले तय गरेका निर्दिष्ट लक्ष्यहरू र उद्देश्यहरू प्राप्त गर्न आफ्ना कार्यालयहरूमार्फत वार्षिक कार्ययोजना बनाइ कार्य गरिरहेको छ । यसै सन्दर्भमा कर्णाली प्रदेश शाखा कार्यालयल,जुम्ला आ.व. ०७८/०७९ मा मानव अधिकार उल्लंघनका घटनाहरुको अनुसन्धान, मानव अधिकार अवस्थाको अनुगमन, प्रवर्धनात्मक कार्यक्रमहरू सहितका गतिविधिहरुलाई समेटेर आफ्नो वार्षिक गतिविधि पुस्तिका तयार गरेकोमा खुशी प्रकट गर्दछु । यस गतिविधि पुस्तिकामा शाखा कार्यालयले हासिल गरेका उपलब्धि र चुनौती समेत समावेश गरी प्रकाशन भएको हुँदा त्यस क्षेत्रको समग्र मानव अधिकारको अवस्था र कार्यालयको कामको समेत मूल्यांकन गर्न सरोकारवाला सबैलाई सहज हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

वार्षिक गतिविधि पुस्तिकामा समावेश भएका विषयवस्तु कार्यालयको कामको समग्र प्रतिफल हो । कार्यालयको प्रभावकारिता मापन गर्ने प्रमुख सूचक पनि हो । जसले कार्यालयको गतिविधिबारे जानकारी राख्न चाहने जोसुकैलाई पनि उपयोगी हुने देखिन्छ । शाखा कार्यालय जुम्लाको आ.व.०७८/०७९ को वार्षिक गतिविधि पुस्तिकाले त्यस क्षेत्रको मानव अधिकार अवस्थासम्बन्धी सूचना पनि समावेश हुनाले पुस्तिकाले प्रदेशको मानव अधिकार अवस्थाबारे पनि बुझ्न सजिलो बनाएको छ । प्रतिवेदनलाई यस अवस्थामा पुर्‍याई दस्तावेजीकरण गर्ने/गराउने प्रदेश शाखा कार्यालयका प्रमुख उप-सचिव बुद्ध नारायण सहनी केवटसहित लेखन एवं अन्य कार्यमा संलग्न हुने सम्पूर्ण कर्मचारीहरूलाई विशेष आभार प्रकट गर्दछु ।

(मुरारिप्रसाद खरेल)
का.मु. सचिव

३१ असार २०७९


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal

# मन्तव्य

मानव अधिकार मानिसका लागि नभई नहुने विषय हो । यसको अभावमा सभ्य समाज र जीवनको कल्पना गर्न सकिदैन । यसको प्रभावकारी सम्मान, संरक्षण र परिपुर्तिले मात्र मानव अधिकारको प्रत्याभुति गर्दछ । राष्ट्रिय मानव अधिकार आयोगले पहुच विस्तार गर्ने क्रममा जुम्लामा वि.सं. २०६२ साल फागुन १९ गते सम्पर्क कार्यालयको स्थापना गरेको थियो । तत्पश्चात उपक्षेत्रीय कार्यालय हुदै हाल कर्णाली प्रदेशको शाखा कार्यालयको रुपमा रहेको छ । कर्णाली प्रदेशमा आयोगको प्रदेश कार्यालय हालसम्म स्थापना हुन नसकेको हुनाले शाखा कार्यालय जुम्लाले नै कर्णाली प्रदेशमा भुमिका निर्वाह गर्दै आइरहेको छ । केन्द्रिय कार्यालयको निर्देशन र समन्वयमा लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जले पनि समय समयमा सहयोग गर्दै आइरहेको छ ।

कर्णाली प्रदेशमा प्राकृतिक सुन्दरताका साथै मानव अधिकार दृष्टिकोणले जटिलता पनि त्यतिकै छ । शिक्षा, स्वास्थ्य, र विकासको दृष्टिकोणले अत्यन्तै पछाडी रहेको यो प्रदेश गरिवीले ग्रस्त छ । नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरू यस प्रदेशको विकास र उत्थानमा लागिरहदा पनि सोचे जस्तो प्रगति हासिल हुन सकिरहेको छैन् । बर्षातको मौसममा राजमार्ग, सडक हिलाम्मे हुने र चिसो मौसममा अत्यधिक चिसो हुने कारणले गम्भिर मौसमि कठिनाई भोग्नु पर्ने हुन्छ । साथै कार्यालयमा उपलब्ध सिमिति भौतिक साधन स्रोत र न्युन मानव संशाधनले समयमै जिम्मेवारी निर्वाह गर्ने कार्यमा थप जटिलता रहेको छ । जसले गर्दा मानव अधिकार अनुगमन एव्म अनुसन्धान सम्बन्धी कार्यका लागि जिल्ला वाहिर खटेको टोलीले सार्वजनिक साधनको सहारा लिनुका साथै कष्टप्रद पैदल यात्रा समेत गर्नु परेको थियो ।

अतः तमाम जटिलता र अप्ठयारका बाबजुद पनि आर्थिक प्रगति ९७ प्रतिशत र भौतिक प्रगति १३७ प्रतिशत हासिल गर्नु निकै उत्साहजनक कुरा हो । यसले आत्मसन्तुष्टि प्रदान गरेको छ । कार्य सम्पादन गर्ने क्रमाम सहयोग गर्ने सहकर्मी मानव अधिकार अधिकृत धनराज शाही, लेखापाल नरेन्द्र खत्री, कार्यालय सहयोगी बलसिंह सुनार, सुरक्षागार्डत्रय जीवन महत्त, नन्द बुढा र कल्पना महतारा सबैजना धन्यवादका पात्र रहेका छन् । कार्य सम्पादन गर्ने सम्बन्धमा नियमित रूपमा आवश्यक निर्देशन, सल्लाह र सुझाव प्रदान गर्नुहुने आयोगका अध्यक्षज्यू, माननीय सदस्यज्यूहरू र का.मु. सचिव श्री मुरारीप्रसाद खरेलज्यूप्रति विशेष आभार प्रकट गर्न चाहन्छु ।

**३१ आषाढ २०७९**

**बुद्धनारायण साहनी केवट**<br>
**उप-सचिव**<br>
**कार्यालय प्रमुख**

# सङ्क्षिप्त रूप

| | | |
|---|---|---|
| आइ.यस.सि.आर. | : | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ |
| आइ.सि.सि.पि.आर. | : | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ |
| आइ.सि.एम.डब्ल्यू. | : | आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९९० |
| आ.ब. | : | आर्थिक बर्ष |
| क्र.सं. | : | क्रम संख्या |
| के.का. | : | केन्द्रिय कार्यालय |
| क्याट् | : | यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि १९८४ |
| गा.पा. | : | गाउँपालिका |
| न.पा. | : | नगरपालिका |
| नं. | : | नम्बर |
| पृ. | : | पृष्ठ |
| मा.अ.अ. | : | मानव अधिकार अधिकृत |
| सर्ड | : | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि १९६५ |
| सिड्अ | : | महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ |
| सि.आर.सि. | : | बाल अधिकार अधिकार सम्बन्धी महासन्धि १९८९ |
| सि.आर.पि.डि. | : | अपागंता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि |

# विषय-सुचि


| क.सं. विषय | पेज नं. |
|---|---|
| **परिच्छेद १ : प्रारम्भिक** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ प्रतिवेदनको उद्देश्य | २ |
| १.३ प्रतिवेदन तयारी | २ |
| १.४ प्रतिवेदनको सिमा | २ |
| **परिच्छेद २ : आयोगको काम, कर्तव्य र अधिकार** | **३** |
| २.१ आयोगको काम, कर्तव्य र अधिकार | ३ |
| २.२ आयोगको कर्तव्य | ३ |
| २.३ आयोगको काम | ३ |
| २.३.१ मानव अधिकार अनुसन्धान | ३ |
| २.३.२ मानव अधिकार अनुगमन | ४ |
| २.३.३ मानव अधिकार प्रवर्द्धन | ४ |
| २.३.४ मानव अधिकार सम्बन्धी कानून पुनरावलोकन | ४ |
| २.३.५ सिफारिश | ४ |
| २.४ आयोगको अधिकार | ५ |
| **परिच्छेद ३ : जुम्ला कार्यालयको जिम्मेवारी** | **६** |
| ३.१ जुम्ला कार्यालयको अख्तियारी | ६ |
| ३.२ कार्यक्षेत्र | ६ |
| ३.३ सांगठनिक संरचना | ६ |
| ३.४ कर्मचारीविच कार्य बाँडफाँड | ७ |
| ३.५ प्रशासनिक कार्यहरू | ८ |
| **परिच्छेद ४ : आ.ब. ०७८/७९ मा सम्पन्न कार्यक्रम एवम् गतिविधि** | **१०** |
| ४.१ आ.ब. ०७८/७९ को कार्यक्रम | १० |
| ४.२ आर्थिक तथा भौतिक प्रगति | ११ |
| ४.३ मानव अधिकार अनुगमन | ११ |
| ४.४ मानव अधिकार अनुसन्धान | १३ |
| ४.४.१ चालु आ.ब. ०७८/७९ का के.का. गएका उजुरी फाइलहरूको विवरण | १५ |
| ४.४.१.१ आ.व. को आधारमा उजुरी | १५ |
| ४.४.१.२ महासन्धिको आधारमा उजुरी | १५ |
| ४.४.१.३ निर्णय प्रकृतिको आधारमा उजुरी | १६ |
| ४.४.१.४ उजुरी विषयको आधारमा उजुरी | १६ |

४.४.१.५ जिल्लागत आधारमा उजुरी १७
४.१.२ चालु उजुरी विवरण १८
४.१.२.१ सन्धिको आधारमा चालु अवस्थामा रहेका उजुरीहरू १८
४.१.२.२ उजुरी विषयका आधारमा चालु रहेका उजुरीहरू १९
४.१.२.३ आ.ब.का आधारमा चालु रहेका उजुरी १९
४.१.२.४ जिल्लागत रुपमा चालु रहेका उजुरी २०
४.५ मानव अधिकार संवर्द्धन सम्बन्धी कार्यहरू २१
४.५.१ कार्यालयले आयोजना गरेका कार्यक्रम २१
४.५.२ अन्यले आयोजना गरेको कार्यक्रममा सहभागिता २२
४.५.३ समन्वय सहकार्य २३
४.६. मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था २३

**परिच्छेद ५ : मानव अधिकार अवस्था** **२४**
५.१ पृष्ठभूमि २५
५.२ सन्धिजनित मानव अधिकार अवस्था २६
५.३ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) १९६६ २९
५.३.१ बाच्न पाउने अधिकार ३०
५.३.२ शान्ति सुरक्षाको अधिकार ३२
५.३.३ न्याय प्रशासन ३२
५.३.४ स्थानीय निर्वाचन २०७९ र मानव अधिकार ३३
५.३.५ पहिचानको अधिकार ३३
५.३.६ व्यवशाय र मानव अधिकार ३४
५.३.७ कैदी वन्दीको अधिकार ३४
५.३.८ स्वतन्त्र पत्रकारिताको अधिकार ३७
५.४ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ESCR) १९६६ ३८
५.४.१ शिक्षा अधिकार ४०
५.४.२ स्वास्थ्य अधिकार ४१
५.४.३ खाद्य अधिकार ४४
५.४.५ विद्युत तथा सञ्चार अधिकार ४६
५.५ महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) १९७९ ४६
५.६ सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि (CERD) १९६५ ४८
५.७ बाल अधिकार महासन्धि (CRC) १९८९ ४९
५.८ अपागंता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि ५०
५.९ आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICMW) १९९० ५१

५.१० यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि (CAT) ५२

**परिच्छेद ६ : दिगो विकास लक्ष्य र मानव अधिकार** **५३**

६.१ दिगो विकास लक्ष्य र मानव अधिकार ५३

६.२ दिगो विकास लक्ष्य जिल्लागत रुपमा हेर्दा ५४

६.३ दिगो विकास लक्ष्य, मानव अधिकार सन्धि र जिल्ला ५५

**परिच्छेद ७ : उपलब्धि र चुनौति** **५९**

७.१ उपलब्धि ५९

७.१.१ सात जिल्लामा उपस्थिति ५९

७.१.२ लक्षित अनुसन्धान सम्पन्न ५९

७.१.३ आर्थिक तथा भौतिक प्रगति हासिल ५९

७.१.४ प्रमुख दलहरूलाई पत्राचार ५९

७.१.५ कार्ययोजना कार्यान्वयनका लागि पत्राचार ५९

७.१.६ सुर्खेतमा आयोगको कार्यालय ६०

७.२ चुनौति ६०

७.२.१ आन्तरिक चुनौति ६०

७.२.२ बाह्य चुनौति ६१

**अनुसूचिहरू**

अनुसूचि १ : जुम्ला कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण ६२

अनुसूचि २ : बार्षिक कार्ययोजना र प्रगति विवरण ६३

अनुसूचि ३ : कार्यालयबाट भएका अनुगमन विवरण ६५

अनुसूचि ४ : चालु आ.ब. मा के.का. गएका उजुरी विवरण ७१

अनुसूचि ५ : चालु आ.ब. मा चालु रहेका उजुरी विवरण ७३

अनुसूचि ६ : चालु आ.ब. मा मानव अधिकार प्रबर्द्धन सम्बन्धी सम्पन्न कार्यक्रम विवरण ७६

अनुसूचि ७ : अन्य कार्यालय/निकायको कार्यक्रममा यस कार्यालयबाट जनाइएका सहभागिता विवरण ८३

अनुसूचि ८ : केन्द्रिय कार्यालयबाट निर्णय भएका जुम्ला कार्यालयका उजुरी विवरण ८६

**चार्ट विवरण**

चार्ट नं. १ : चालु आ.ब. मा सम्पन्न अनुगमन कार्यक्रम १३

चार्ट नं. २ : मानव अधिकार प्रबर्द्धन सम्बन्धी सम्पन्न कार्यक्रम विवरण २२

चार्ट नं. ३ : स्वास्थ्य अधिकार सम्बन्धी जिल्लागत घटना ४३

चार्ट नं. ४ : खाद्य अधिकार ४५

चार्ट नं. ५ : दिगो विकास लक्ष्य र घटना ५४

**तालिका विवरण  तालिकाको नाम** **पेज नं.**


| | |
|---|---|
| तालिका नं. १: जुम्ला कार्यालयको कर्मचारी दरवन्दी संख्या | ७ |
| तालिका नं. २: कर्मचारी जिम्मेवारी बाँडफाँड | ७ |
| तालिका नं. ३: जुम्ला कार्यालयबाट सम्पादित प्रशासनिक कार्यहरूको विवरण | ८ |
| तालिका नं. ४ : चालु आ.ब. को बार्षिक कार्यक्रम विवरण | १० |
| तालिका नं. ५: मानव अधिकार अनुगमन सम्बन्धी कार्यक्रम | १२ |
| तालिका नं. ६: अनुसन्धान शिर्षकमा छुट्याइएको बजेट | १४ |
| तालिका नं. ७: चालु आ.ब. को अनुसन्धान तथ्याङ्क | १४ |
| तालिका नं. ८ : के.का.गएका उजुरीहरूका तथ्याङ्क आ.ब.को आधारमा | १५ |
| तालिका नं. ९: के.का.गएका उजुरी तथ्याङ्क सन्धिजनित आधारमा | १६ |
| तालिका नं. १०: के.का.गएका उजुरी तथ्याङ्क निर्णय प्रकृतिका आधारमा | १६ |
| तालिका नं. ११: के.का. गएका उजुरी तथ्याङ्क विषयगत आधारमा | १७ |
| तालिका नं. १२: के.का. गएका उजुरी तथ्याङ्क जिल्लागत आधारमा | १७ |
| तालिका नं. १३: कार्यालयमा चालु रहेका उजुरीको सन्धिजनित तथ्याङ्क | १८ |
| तालिका नं. १४: कार्यालयमा चालु रहेका उजुरीको विषयगत तथ्याङ्क | १९ |
| तालिका नं. १५: कार्यालयमा चालु रहेका उजुरीको आ.ब. आधारित तथ्याङ्क | २० |
| तालिका नं. १६: कार्यालयमा चालु रहेका उजुरीको जिल्लागत तथ्याङ्क | २१ |
| तालिका नं. १७: कार्यालयमा चालु रहेका उजुरीको सन्धिजनित तथ्याङ्क | २७ |
| तालिका नं. १८: विषयगत आधारमा जिल्लागत मानव अधिकार घटना तथ्याङ्क | २८ |
| तालिका नं. १९: नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि घटना तथ्याङ्क | ३० |
| तालिका नं. २०: चालु आ.ब. जेठसम्म दर्ता भएका मुद्दाहरूको तथ्याङ्क | ३१ |
| तालिका नं. २१: कर्णाली प्रदेशमा रहेका कारागारहरूको क्षमता र कैदीवन्दी संख्या | ३४ |
| तालिका नं. २२: आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी घटना तथ्याङ्क | ३९ |
| तालिका नं. २३: महिला अधिकार सम्बन्धी घटना तथ्याङ्क | ४७ |
| तालिका नं. २४ : चालु आ.ब. को जेठ मसान्तसम्म मुद्दा दर्ता तथ्याङ्क | ४८ |
| तालिका नं. २५: जातिय भेदभाव विरुद्धको अधिकार सम्बन्धी घटना तथ्याङ्क | ४९ |
| तालिका नं. २६: बाल अधिकार विरुद्धको घटना तथ्याङ्क | ४९ |
| तालिका नं. २७: आप्रवासी कामदारहरूको अधिकार सम्बन्धी घटना तथ्याङ्क | ५१ |
| तालिका नं. २८ : क्याट महासन्धिसित सम्बन्धित घटना तथ्याङ्क | ५२ |
| तालिका नं. २९: दिगो विकास लक्ष्य आधारित जिल्लागत मानव अधिकार घटना तथ्याङ्क | ५५ |
| तालिका नं. ३०: दिगो विकास लक्ष्य, मानव अधिकार महासन्धि आधारित मानव अधिकार घटना तथ्याङ्क | ५६ |

# परिच्छेद : एक
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

प्राणी जगतमा मानिस सर्वश्रेष्ठ प्राणी हो । गर्भ देखि चिहानसम्मको यात्रा तय गर्दा आवश्यक पर्ने आधारभुत अधिकारहरू नै मानव अधिकार हुन् । त्यसैले मानव अधिकारलाई जन्मजात अधिकार पनि भनिन्छ। मानिस प्राकृतिक प्राणी भएकोले मानव अधिकारलाई प्राकृतिक अधिकार पनि भनिन्छ । मानव अधिकार विधि शास्त्रीय मान्यता अनुसार मानव अधिकारलाई जेजसरी अर्थयाए पनि राज्यको संविधान वा कानूनमा त्यसको सुनिश्चितत्ता नगरेसम्म दावी योग्य बन्न सक्दैन । यसलाई अर्को अर्थमा भन्नुपर्दा नागरिकको हक अधिकारलाई संविधान वा प्रचलित कानूनमा व्यवस्था नगरेसम्म आधिकारिकता प्राप्त गर्न सक्दैन । त्यसैले नेपालको संविधान र प्रचलित कानूनमा मानव अधिकारबारे व्यवस्था गरिएको छ ।

मानव अधिकारको सर्वमान्य परिभाषा हालसम्म भएको छैन् । त्यसैले यसलाई आ-आफनै तरिकाले परिभाषित गर्ने काम गरिएको पाइन्छ । नेपालमा पहिलो चोटि मानव अधिकार आयोग ऐन, २०५३ ले परिभाषा गर्ने काम गरेको थियो । उक्त ऐनको दफा २(च) मा मानव अधिकारको परिभाषा भएको थियो । जस अनुसार "मानवको जीवन, स्वतन्त्रता, समानता र मर्यादासित सम्बन्धित अधिकारहरू जो नेपालको संविधान, प्रचलित कानून र नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिहरूमा निहित अधिकारलाई सम्झनु पर्दछ" भनि परिभाषित गरिएको थियो ।

राज्यले संविधान र प्रचलित कानूनद्वारा प्रदान गरेको मानव अधिकारको सम्मान, संरक्षण तथा त्यसको प्रबर्द्धन गर्नको लागि नेपालमा राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भएको हो । मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम आयोगको स्थापना भएको हो । वि.सं. २०५७ साल ज्येष्ठ १३ गते स्थापित आयोग प्रारम्भमा कानूनी सन्यन्त्र (Statuary Body) को रुपमा स्थापित भएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ देखि संवैधानिक निकाय (Constitutional Organ) को रुपमा परिणत भएको छ । मानव अधिकारको प्रभावकारी संरक्षणका लागि आयोगले पहुँच विस्तार गर्ने क्रममा जुम्लामा पनि आफनो कार्यालय स्थापना गरेको हो ।

वि.सं. २०६२ फागुन १९ गते आयोगको सम्पर्क कार्यालय, जुम्लामा स्थापना भएको हो । वि.सं. २०६६ कार्तिक २७ गते देखि यस कार्यालयलाई उपक्षेत्रीय कार्यालयको रुपमा रुपान्तरण गरिएको थियो । उपक्षेत्रीय कार्यालयलाई आयोगको मिति २०७५/३/१७ गतेको निर्णयानुसार मिति २०७५/४/१[१] देखि कर्णाली प्रदेश शाखा कार्यालयमा रूपान्तर गरी संचालन गर्दै आइरहेको छ । नेपालको संविधान बमोजिम देश संघीय संरचनामा गएपछि आयोगको कार्यालयहरूपनि संघीय संरचनासित मिलान हुने गरी शाखा कार्यालयहरूको नाम रूपान्तरण गरेको हुनाले जुम्ला कार्यालयको नामपनि रूपान्तरण भएको हो ।

आयोगले जुम्लामा कार्यालय स्थापना गरेदेखि नै आफ्नो क्षेत्राधिकार भित्र रहि तोकिएको कार्य गर्दै आइरहेको छ । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारवाही तथा

१ मानव अधिकारसँग सम्बन्धित संवैधानिक व्यवस्था र कानूनहरू, २०७५ (मौलिक हक समेत) प्रकाशक राष्ट्रिय मानव अधिकार आयोग, प्रकाशन नं. २३८/२०७५ पृष्ठ १७ फुटनोट ।

क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९, राष्ट्रिय मानव अधिकार आयोग उजूरी तथा कारवाही सम्बन्धी निर्देशिका, २०६९ द्वारा आयोगले प्रदान गरेको अख्तियारीभित्र रहि कार्य गर्दै आइरहेको छ। मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन गर्ने गराउने सम्बन्धी आयोगको कार्यादेश मुताविक यस कार्यालयले मानव अधिकार अनुगमन, अनुसन्धान र प्रबर्द्धनसम्बन्धी कार्य निरन्तररूपमा गर्दै आइरहेको छ । आ.ब. ०७८/७९ मा यस कार्यालयबाट भएका प्रगतिलाई समेटि यो प्रतिवेदन तयार पारिएको छ ।

## १.२ प्रतिवेदनको उद्देश्य

कुनै पनि विषयको दस्तावेजीकरण आफैमा एउटा अभिलेख हो । यस कार्यालयलाई आ.ब. ०७८/७९ मा प्राप्त बजेट र कार्यक्रमको प्रगति अवस्था के कस्तो रहयो ? मानव अधिकारको अवस्था कस्तो रहयो ? उपलब्धि, समस्या, चुनौति र समाधानका उपायहरू के कस्ता रहेका छन् भन्ने विषयमा जानकारी प्रदान गर्ने र भए गरेको कामको दस्तावेजीकरण गरी आयोगको जुम्ला कार्यालयबारे जानकारी लिन चाहने इच्छुक वर्ग वा सर्वसाधारणलाई जानकारी उपब्ध गराउने वा सुचना प्रवाह गर्नु नै यस प्रतिवेदनको मुख्य उद्देश्य हो । यस कार्यालयबाट चालु आर्थिक बर्षमा भएका कामकारवाही, प्रगति, उपलब्धि र चुनौतिबारे जानकारी प्राप्त गर्न सकिन्छ । कर्णाली प्रदेशको मानव अधिकार अवस्थाबारे सामान्य जानकारी प्राप्त गर्न सकिन्छ ।

## १.३ प्रतिवेदन तयारी

यो प्रतिवेदन तयारी गर्नका लागि यस कार्यालयका कार्यालय प्रमुख उप-सचिव श्री बुद्धनारायण साहनी प्रतिवेदनको लेखन एवम् सम्पादन गरेका थिए । प्रतिवेदन तयारीको क्रममा आवश्यक सहयोग मानव अधिकार अधिकृत धनराज शाही र लेखपाल नरेन्द्र खत्रीले गरेका थिए ।

## १.४ प्रतिवेदनको सिमा

यस कार्यालयबाट आ.व. २०७८/७९ मा केन्द्रिय कार्यालयबाट स्विकृत बार्षिक र मासिक कार्ययोजनामा बमोजिम सम्पन्न भएका कार्यक्रम तथा प्राप्त तथ्यहरूलाई प्रतिवेदनको आधार वनाइएको छ । आ.व. २०७८/७९ यस प्रतिवेनको समय सिमा रहेको छ । यस प्रतिवेदनमा समेटिएका तथ्य यसै आर्थिक बर्षमा आधारित रहेको छ ।

मानव अधिकार अनुगमन सम्बन्धमा स्थलगत एव्म डेष्क मार्फत विभिन्न सञ्चार माध्यममा प्रकासित मानव अधिकार सम्बन्धी समाचार, सुचना एव्म जानकारीलाई पनि मानव अधिकार अवस्था मापनको लागि आधार वनाइएको छ। त्यस्तै यस कार्यालयको कार्यक्षेत्रभित्रका सरकारी कार्यालयहरू जस्तै जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्थानी तह लगायत मानव अधिकारको क्षेत्रमा क्रियाशिल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ सस्थाहरू, पत्रकार, नागरिक समाजसँग विभिन्न समयमा गरिएका अर्न्तक्रिया एव्म छलफलबाट प्राप्त जानकारीहरूलाई पनि यस प्रतिवेदनमा समेटिएको छ ।

परिच्छेद : दुई

# आयोगको काम, कर्तव्य र अधिकार

## २.१ आयोगको काम, कर्तव्य र अधिकार

आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन सहितको कार्यादेश नेपालको संविधान २०७२ को धारा २४९ र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले प्रदान गरेको छ । आयोगको काममा कुनैपनि किसिमको हस्तक्षेप नहोस् भन्दै पेरिस सिद्धान्तलाई घरेलुकरण गर्ने सन्दर्भमा संविधानको धारा २९३ ले संसदीय समितिले अन्य संवैधानिक निकायहरूलाई निर्देशन वा राय सल्लाह दिनसक्ने अधिकार राखेपनि यस आयोगको हकमा निर्देशन वा राय सल्लाह पनि दिन नपाउने व्यवस्था गरी आयोगको स्वतन्त्रता र स्वायत्ततालाई संवैधानिक संरक्षण प्रदान गरेको छ ।

> ***"संवैधानिक निकायका प्रमुख र पदाधिकारी सङ्घीय संसदप्रति उत्तरदायी र जवाफदेही रहनुपर्ने छ । प्रतिनिधिसभाका समितिले राष्ट्रिय मानव अधिकार आयोग बाहेकका अन्य संवैधानिक निकायको प्रतिवेदन लगायतका कामकारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्नेछ ।***
>
> ***- नेपालको संविधान, धारा २९३***

## २.२ आयोगको कर्तव्य

नेपालको संविधान, २०७२ को धारा २४९(१) अनुसार "मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु" आयोगको कर्तव्य हो ।

## २.३ आयोगको काम

आयोगले आफ्नो कर्तव्य पूरा गर्नका लागि नेपालको संविधान, २०७२ धारा २४९(२) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम निम्न काम रहेको छ :

### २.३.१ मानव अधिकार अनुसन्धान

- मानव अधिकार संरक्षण अन्तर्गत मानव अधिकारको उल्लङ्घन वा ज्यादती भएको विषयको अनुसन्धान, अनुगमन र अध्ययन सम्बन्धी कार्यहरू रहेका छन् । आयोगले संरक्षण सम्बन्धी काम अन्तर्गत मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूमा उजूरी ग्रहण गर्ने, स्वयम् जानकारी (Suo Motto) मा लिई उजूरी दर्ता गर्ने र सो उपर अनुसन्धान गर्ने रहेका छन् ।
- मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारी उपर छानबिन गर्ने ।
- मानव अधिकार उल्लङ्घन सम्बन्धमा आयोगले गरेको सिफारिश वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख राख्ने ।

### २.३.२ मानव अधिकार अनुगमन

- मानव अधिकारको विद्यमान अवस्थाबारे समीक्षा गरी सो सम्बन्धी प्रतिवेदनहरू सार्वजनिक गर्ने ।
- कारागार, नेपाल सरकारका अन्य निकाय, सार्वजनिक संस्था वा निजी संस्था वा अन्य कुनै ठाउँको निरीक्षण तथा अनुगमन गर्ने, गराउने र मानव अधिकारको संरक्षणको लागि त्यस्ता निकाय, संस्था वा ठाउँमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक सुझाव वा निर्देशन दिने ।
- मानव अधिकार संरक्षण तथा त्यसको कार्यान्वयनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने र
- मानव अधिकार संरक्षणका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने ।

### २.३.३ मानव अधिकार प्रवर्द्धन

- मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने ।
- मानव अधिकार संवर्द्धन, प्रवर्द्धनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने ।
- मानव अधिकार संवर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने ।

### २.३.४ मानव अधिकार सम्बन्धी कानून पुनरावलोकन

- मानव अधिकारसँग सम्बन्धीत कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने ।

### २.३.५ सिफारिश

- मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिश गर्ने ।
- नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने ।
- मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिश गर्ने ।
- मानव अधिकार उल्लङ्घनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धीत निकाय समक्ष सिफारिश गर्ने ।
- मानव अधिकार सम्बन्धी प्रचलित कानूनको कार्यान्वयन स्थितिको अनुगमन गर्ने तथा सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिश गर्ने ।
- मानव अधिकार सम्बन्धी शिक्षामूलक विषयवस्तुलाई विद्यालय तथा विश्व विद्यालयको पाठ्यक्रममा समावेश गर्न सम्बन्धीत निकायमा सिफारिश गर्ने ।
- मानव अधिकारसँग सम्बन्धीत कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने । तथा त्यसमा गर्नुपर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिश गर्ने ।
- मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनुपर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिश गर्ने ।

## २.४ आयोगको अधिकार

- मानव अधिकार उल्लङ्घन वा ज्यादतीका घटनाको अनुसन्धानको क्रममा आयोगलाई अदालतलाई भए सरहको अधिकार रहेको छ । यस सम्बन्धमा संविधानको धारा २४९(३) ले व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भएसरहको अधिकार रहेको छ ।
- मानव अधिकार उल्लङ्घन भएको वा हुन लागेको सूचना कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिँदा मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिने ।
- कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भइरहेको कुरा जानकारी भई तत्काल कारवाही गर्नुपर्ने आवश्यक देखिएमा बिना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने ।
- मानव अधिकार उल्लङ्घनबाट पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

## परिच्छेद : तीन

# जुम्ला कार्यालयको जिम्मेवारी

### ३.१ जुम्ला कार्यालयको अख्तियारी

कर्णाली प्रदेशको जुम्ला जिल्लामा स्थापित आयोगको कार्यालय प्रारम्भमा सम्पर्क कार्यालयबाट उपक्षेत्रीय कार्यालय हुदै हाल कर्णाली प्रदेशको शाखा कार्यालयको नाम बाट सञ्चाल हुदै आएको छ । वर्तमान कार्यालयको कार्यादेश मानव अधिकार अनुगमन, अनुसन्धान र प्रबर्द्धन सम्बन्धी कार्य रहेको छ । यस कार्यादेश अन्तर्गत रही यस कार्यालयको कार्यक्षेत्रभित्रको जिल्लामा मानव अधिकारका विषयवस्तु उपर अनुगमन, अनुसन्धान तथा प्रबर्द्धन सम्बन्धी कार्य गर्दछ । मानव अधिकार अनुगमन अन्तर्गत मानव अधिकारका विविध विषयहरूको आवद्यिक अनुगमन गरी मानव अधिकार अवस्थाको समिक्षा गर्दछ । मानव अधिकार अनुसन्धान अन्तर्गत कार्यक्षेत्रभित्रका जिल्लाहरूबाट प्राप्त मानव अधिकार उजुरीहरू एव्म मानव अधिकार उल्लघंन तथा ज्यादती भएका घटना उपर आयोगको ऐन, नियमावली र निर्देशिका बमोजिम अनुसन्धान कार्य सम्पन्न गरी निणयार्थ आयोगमा पेश गर्दछ । मानव अधिकार उजुरी उपर अनुसन्धान गर्दा ऐन बमोजिम अदालतलाई भए सरहको अख्तियारी प्रयोग गर्दछ । त्यस्तै मानव अधिकार प्रबर्द्धन अन्तर्गत मानव अधिकार सम्बन्धी जनचेतना निर्माण गर्ने कार्यमा भुमिका निर्वाह गर्दछ । त्यस्तै नेपाल सरकारका सरकारी कार्यालयहरू र मानव अधिकार क्षेत्रमा कार्यरत नागरिक समाजका व्यक्ति, संघ संस्थाहरू, मानव अधिकार रक्षक, पत्रकार आदीसित समन्वय सहकार्य पनि गर्दछ ।

- मानव अधिकार अनुगमन
- मानव अधिकार अनुसन्धान
- मानव अधिकार प्रबर्द्धन
- समन्वय सहकार्य

### ३.२ कार्यक्षेत्र

यस कार्यालयको भौगोलिक कार्यक्षेत्र कर्णाली प्रदेश अर्न्तगतका जुम्ला र मुगु जिल्ला हो । यी दुई बाहेकका आठ जिल्लाहरू डोल्पा, हुम्ला, कालिकोट, दैलेख, सुर्खेत, जाजरकोट, रुकुम (पश्चिम) र सल्यान कर्णाली प्रदेशमा प्रदेश कार्यालय स्थापना नहुन्जेलसम्मका लागि आयोगको जुम्ला कार्यालय र लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज, बाँकेको समन्वय र सहकार्यमा गर्ने निर्देशन रहेको छ ।

### ३.३ सांगठनिक संरचना

आयोगको सागंठनिक संरचना आयोगको सिफारिसमा नेपाल सरकारले स्विकृत गरे बमोजिम रहने कानूनी प्रावधान रहेको छ । नेपालमा संघियता लागुहुनु पूर्व स्विकृत सागंठनिक संरचना नै हालसम्म लागु रहेको छ । नेपालको संघीय संरचनानुसार कार्यालयको नाम समायोजन गरिएतापनि संघीयताको अवधारणानुसार आयोगको संरचना नेपाल सरकारबाट हालसम्म स्विकृत भएको छैन । प्रारम्भमा स्थापना गरिएको सम्पर्क कार्यालय पश्चात उपक्षेत्रीय कार्यालयमा रुपान्तरण गर्दा यसको संरचनाबारे व्यवस्था गरिएको छ ।

**तालिका १ : जुम्ला कार्यालयको कर्मचारी दरवन्दी संख्या**

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १ | उपसचिव | १ |
| २ | मानव अधिकार अधिकृत (संरक्षण) | ४ |
| ३ | मानव अधिकार अधिकृत (प्रबर्द्धन) | १ |
| ४ | लेखापाल | १ |
| ५ | प्रविधि एव्म अभिलेख सहायक | १ |
| ६ | सहायक प्रथम | १ |
| ७ | चालक | १ |
| ८ | कार्यालय सहयोगी | १ |
| ९ | सुरक्षा गार्ड | ३ |
| १० | जम्मा दरवन्दी संख्या | १४ |

यस कार्यालयमा चौध जनाको दरवन्दी रहेतापनि हाल सात जना कर्मचारी मात्र कार्यरत रहेका छन् । ति सात जनामा उपसचिव एक, मानव अधिकार अधिकृत एक, लेखापाल एक, कार्यालय सहयोगी एक र सुरक्षा गार्ड तीन जना रहेका छन् । समावेशी दृष्टिकोणले हेर्ने हो भने कूल सात जनामा छ जना पुरुष र एक जना महिला कर्मचारी रहेको अवस्था छ । त्यस्तै मधेशी एक, दलित एक, ब्राम्हण क्षेत्री पाँच जना रहेका छन् । यस कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण अनुसुची-१ मा राखिएको छ ।

## ३.४ कर्मचारीविच कार्य बाँडफाँड

आयोगको ऐन, नियमावली तथा निर्देशिका बमोजिम आयोगद्धारा यस कार्यालयलाई प्रदत्त जिम्मेवारी वहन गर्नु यस कार्यालयको कर्तव्य हो । कार्यालयको उद्धेश्य प्राप्ति कुनै एक कर्मचारीबाट मात्र सम्भव नभई कार्यालय सहयोगी देखि कार्यालय प्रमुखसम्मको सबैको सामुहिक प्रयासबाट मात्र सम्भव हुन्छ । यस कार्यालयमा कार्यरत अधिकृत कर्मचारीहरूको कार्य विभाजन निम्न प्रकारले गरिएको थियो :

**तालिका २ : कर्मचारीको जिम्मेवारी बाँडफाँड**

| क्र.सं. | जिम्मेवारी | जिम्मेवारी | पद |
|---|---|---|---|
| १ | • मानव अधिकार अनुगमन तथा अनुसन्धान कार्य गर्ने र आवश्यकता अनुसार टोली खटाउने ।<br>• समन्वय सहकार्य गर्ने ।<br>• प्रबर्द्धनात्मक क्रियाकलाप गर्ने ।<br>• स्विकृत बार्षिक कार्ययोजना कार्यान्वयन गर्ने गराउने ।<br>• कार्यालयको समग्र व्यवस्थापन मिलाउने ।<br>• आयोगको केन्द्रिय कार्यालयको निर्देशन कार्यान्वयन गर्ने गराउने । | बुद्धनारायण साहनी केवट | उपसचिव कार्यालय प्रमुख |

| क्र.सं. | जिम्मेवारी | जिम्मेवारी | पद |
|---|---|---|---|
| २ | • ICCPR, CEDAW, CRC, CERD, ESCR, CAT, DISSAPPERANCE, CMW & CRPD<br>• उजुरी ग्रहण व्यवस्थापन<br>• सुचना व्यवस्थापन | धनराज शाही | मानव अधिकार अधिकृत |
| ३ | लेखा तथा प्रशासन सम्बन्धि काम कारवाही | नरेन्द्र खत्री | लेखापाल |
| ४ | कार्यालयको काम कारवाहीमा सहयोग गर्ने । | बलसिंह सुनार | कार्यालय सहयोगी |
| ५ | कार्यालय सुरक्षासम्बन्धी कामकारवाही । | जीवन महत, नन्द बुढा, कल्पना महतारा | सुरक्षा गार्ड |

## ३.५ प्रशासनिक कार्यहरू

यस कार्यालयलाई तोकिएका प्रशासनिक जिम्मेवारी निम्नानुसार रहेका छन् :-

(क) कार्यालय व्यवस्थापन र सरसफाई ।

(ख) सार्वजनिक खरिद ।

(ग) मर्मत संहार तथा रेखदेख (कार्यालयका भौतिक साधनहरूको अनुगमन निरीक्षण) ।

(घ) सवारी व्यवस्थापन ।

(ङ) दर्ता चलानी (पत्राचार) ।

(च) कार्यालय व्यवस्थापन र सञ्चालनका दैनिक भैपरी आउने अन्य कामहरू ।

**तालिका ३ : जुम्ला कार्यालयबाट सम्पादित प्रशासनिक कार्यहरूको विवरण**

| क्र.सं. | शिर्षक | सम्पादित कार्य | कैफियत |
|---|---|---|---|
| १ | कर्मचारीहरूसँग सम्बन्धित कार्यहरू | • कर्मचारीहरूको सरुवा र रमाना सम्बन्धी पत्राचार ।<br>• कर्मचारीहरूको कार्य सम्पादन मुल्यांकन फारम संकलन एव्म मुल्याकंन गरिएको ।<br>• कर्मचारीहरूको आ.व. २०७७/०७८ को सम्पति विवरण संकलन गरी केन्द्रिय कार्यालय मार्फत सम्बन्धित निकायमा पेश गरिएको ।<br>• कर्मचारीहरूको व्यक्तिगत फाईल खडा गरी व्यवस्थापन प्रभावकारी बनाइएको ।<br>• कर्मचारीहरूको बिदा, हाजिरको अभिलेख राख्नुका साथै कार्यालय प्रमुखको विदा सम्बन्धि अभिलेख प्रत्येक महिनाको पहिलो हप्ता के.का. मा सम्प्रेषण गरिएको ।<br>• कर्मचारी बैठक मासिक रूपमा गर्दै आइएको । | |

| क्र.सं. | शिर्षक | सम्पादित कार्य | कैफियत |
|---|---|---|---|
| | | • बार्षिक कार्ययोजना एवम् मासिक कार्ययोजना बमोजिम तोकिएको समयमा कार्य सम्पदान गर्नका लागि आवद्धिक रूपमा बैठक बसि कार्यान्वयन अवस्था समिक्षा गर्ने गरिएको । | |
| २ | व्यवस्थापकीय कार्यहरू | • अनुगमन र अनुसन्धान टोलीका कार्यमा सहजीकरणका लागि आवश्यक सवारी साधन लगायतका सामग्रीहरूको व्यवस्थापन गरिएको ।<br>• कार्यालय तथा कार्यालय परिसर सरसफाईका लागि आवश्यक कार्यहरू गरिएको ।<br>• कोभिड-१९ को सङ्क्रमणबाट सुरक्षित रहनका लागि कार्यालयमा साबुनपानी, सेनिटाइजर, दुरी व्यवस्थापन, मास्क लगायतका सामग्रीको व्यवस्था मिलाइएको ।<br>• पत्रपत्रिका व्यवस्थापन । | |
| ३ | खरिद बिक्रि/मर्मत संहार/सवारी साधनसँग सम्बन्धित कार्यहरू | • आ.व. २०७७/०७८ को जिन्सी निरिक्षण गरिएको ।<br>• फर्निचर सम्बन्धी समान खरिद गरिएको ।<br>• स्टेशनरी खरिद गरिएको ।<br>• कार्यालय सम्बन्धी आवश्यक समान खरिद, मर्मत तथा नियमित आपूर्ति गरिएको । | |

परिच्छेद : चार

# आ.ब. ०७८/७९ मा सम्पन्न कार्यक्रम एवम् गतिविधि

## ४.१ आ.ब. ०७८/७९ को कार्यक्रम

यस कार्यालयको स्विकृत बार्षिक र मासिक कार्ययोजना बमोजिम यस आर्थिक बर्षमा कार्यालयबाट कार्यहरू सम्पादन भएका छन । यस आ.ब.को प्रयोजनको लागि केन्द्रिय कार्यालयले कार्यक्रममा चालु तर्फ १०,९०,०००।- र पूँजीगत खर्च तर्फ १,००,०००।- गरी जम्मा ११,९०,०००।- बजेट छुट्याइएको थियो । मन्त्रालयगत सुचना प्रणाली (Line Ministry Budget Inormation System-LMBIS) को कोड नं. २२५२२ कार्यक्रम खर्च शिर्षकमा ८,८०,०००।- र कोड नं. २२५२९ विविध कार्यक्रम खर्च शिर्षकमा २,१०,०००।- छुट्याइएको थियो । पूँजीगत खर्च तर्फ कोड नं. ३११२२ मेसिनरी तथा औजार शिर्षकमा ६०,०००।- र कोड नं. ३११२३ फर्निचर तथा फिक्चर्स शिर्षकमा ४०,०००। गरी एक लाख छुटयाइएको थियो ।

चालु खर्च २२५२२ कार्यक्रम तर्फको बार्षिक कार्ययोजनामा मानव अधिकार उल्लघंनका घटना, उजुरी तथा फाइलहरूको अनुसन्धान ५, मानव अधिकार उल्लघंनका घटनाहरूको आकष्मिक अनुगमन ८, मानव अधिकार अनुगमन १, नागरिकको स्वास्थ्यको अधिकार सम्बन्धी सरोकारवालाहरूसँग अन्तरक्रिया तथा अनुगमन २, दिगो विकास लक्ष्य/व्यवसाय/श्रमीकको अधिकार र मानव अधिकारको विषयमा अनुगमन तथा छलफल २, आयोगको अर्धबार्षिक र बार्षिक योजना कार्यान्वयनको समिक्षा १ र प्रदेश/स्थानीय तहमा मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था विषयमा अनुगमन तथा छलफल कार्यक्रम ४ गरी २२ वटा कार्यक्रम रहेको थियो । कोड नं. २२५२९ विविध कार्यक्रम खर्च सन्धि अनुरुप विषयगत मानव अधिकार दिवस मनाउने, आयोगको स्थापना दिवस मनाउने र अन्तर्राष्ट्रिय मानव अधिकार दिवस डिम्बर १० गरी ५ वटा कार्यक्रम रहेको थियो । यसरी कोड नं. २२५२२ र २२५२९ तर्फ कुल २७ कार्यक्रम रहेको थियो ।

**तालिका ४ : चालु आ.ब. को बार्षिक कार्यक्रम**

| क्र.सं. | कार्यक्रम शिर्षक | संख्या |
|---|---|---|
| | कोड नं. २२५२२ तर्फ कुल कार्यक्रम | २२ |
| १ | मानव अधिकार उल्लघंनका घटना, उजुरी तथा फाइलहरुको अनुसन्धान | ५ |
| २ | मानव अधिकार उल्लघंनका घटनाहरुको आकस्मिक अनुगमन | ८ |
| ३ | मानव अधिकार अवस्था अनुगमन | २ |
| ४ | नागरिकको स्वास्थ्यको अधिकार सम्बन्धी सरोकारवालाहरुसँग अन्तरकृया तथा अनुगमन | २ |
| ५ | दिगो विकास लक्ष्य/व्यवसाय/श्रमीकको अधिकार र मानव अधिकारको विषयमा अनुगमन तथा छलफल | १ |
| ६ | आयोगको चौमासीक अर्धवार्षिक र वार्षिक योजना कार्यान्वयनको समीक्षा | १ |

| क्र.सं. | कार्यक्रम शिर्षक | संख्या |
|---|---|---|
| ७ | प्रदेश/स्थानीय तहमा पाचौं मानव अधिकार राष्ट्रिय कार्यायोजना कार्यान्वयन अवस्था विषयमा अनुगमन तथा छलफल । | ३ |
| | कोड नं. २२५२९ तर्फ | |
| १ | सन्धि अनुरुप विषयगत मानव अधिकार दिवस मनाउने | ३ |
| २ | आयोगको स्थापना दिवस मनाउने | १ |
| ३ | अन्तर्राष्ट्रिय मानव अधिकार दिवस डिसेम्बर १० मनाउने | १ |
| | **कुल जम्मा** | **५** |

## ४.२ आर्थिक तथा भौतिक प्रगति

चालु आर्थिक बर्ष ०७८/७९ का लागि केन्द्रिय कार्यालयले यस कार्यालयलाई प्रशासनिक र कार्यक्रम तर्फ गरी कुल बजेट रू.९५,९७,००।- विनियोजन गरेको थियो । कुल बजेटको प्रशासनिक तर्फ ८६ प्रतिशत ८२,१३,००।- र कार्यक्रम तर्फ १४ प्रतिशत बजेट रू.१३,८४,००।- विनियोजन गरेको थियो । प्रशासनिक खर्च तर्फ विनियोजन गरिएको कुल बजेट ८२,१३,००।- को ७५ प्रतिशत बजेट खर्च भएको छ ।

कार्यक्रम तर्फ कोड नं. २२५२२ मा कुल बजेट १०,५९,०००। मा जम्मा रू.९,९१,२१२ खर्च भई ९४ प्रतिशत र कोड नं. २२५२९ विविध कार्यक्रममा कुल बजेट २,२५,०००। मा जम्मा रू.२,२३,६७०।- खर्च भई ९९ प्रतिशत गरी २२५२२ र २२५२९ को औसत प्रगति ९७ प्रतिशत आर्थिक प्रगति भएको छ । पूँजीगत खर्च तर्फ कोड नं. ३११२२ मेसिनरी तथा औजार तर्फ ६०,०००। र कोड नं. ३११२३ फर्निचर तथा फिक्चर्स तर्फ ४०,०००। विनियोजन भएकोमा औसतमा ९९ शतप्रतिशत आर्थिक प्रगति भएको छ । बार्षिक कार्ययोजनानुसार कुल कार्यक्रम संख्या २७ रहेकोमा ३७ वटा सम्पन्न भएको हुनाले भौतिक प्रगति १३७ प्रतिशत रहेको छ । कार्यक्रमगत र पूँजीगत खर्चको स्विकृत बार्षिक कार्ययोजना र प्रगति विवरण अनुसूचि-२ मा रहेको छ ।

| | |
|---|---|
| **आर्थिक प्रगति** | ९७ प्रतिशत |
| कोड नं. २२५२२ तर्फ | ९४ प्रतिशत |
| कोड न.. २२५२९ तर्फ | ९९ प्रतिशत |
| **भौतिक प्रगति** | १३७ प्रतिशत |

## ४.३ मानव अधिकार अनुगमन

मानव अधिकार आफैमा वृहत दायरा वोकेको शव्द हो । यसको सिमा निर्धारण गर्न असम्भव छ । कारण मानिसको चाहना अनन्त छ । उसको मुल्य मान्यता अनन्त छ । कुनै राष्ट्र, समाज, ब्यक्तिमा रहेको वर्तमान मान्यता र आवश्यकताको सिमा सदाका लागि स्थिर रहनै सक्दैन । वर्तमान समयमा मान्य भएको कुनै कुरा भविष्यमा अमान्य हुन सक्दछ । अमान्य रहेको कुरा मान्य हुन सक्दछ । त्यसैले जसरी जसरी सामाजिक मुल्य मान्यतामा परिवर्तन हुदै जान्छ । त्यसैगरी मानव अधिकारप्रतिको विषयवस्तु, मुल्य मान्यतापनि विकसित हुदै जान्छ ।

साविकककाे कर्णाली अञ्चलको सदरमुकाम जुम्लामा आयोगको कार्यालय स्थापना भएदेखि नै मानव अधिकारको विविध विषयमा अनुगमन गर्दै आइरहेको छ । कर्णाली प्रदेश भौगोलिक सुन्दरता र प्रकृतिले

भरिभराउ भएपनि मानव अधिकारका विविध दृष्टिकोणले विकटता तथा चुनौति पनि रहेको छ। यस प्रदेशमा रहेको अति गरिवी, अशिक्षा, कमजोर स्वास्थ्य सेवा पहुच, कमजोर विकास, महिला हिंसा, बाल विवाह, वहुविवाह, विकृत सामाजिक मुल्य मान्यता, भौगोलिक विकटता, प्राकृतिक प्रकोप जस्ता विषय मानव अधिकारको दृष्टिकोणले चुनौतिको रूपमा रहेका छन्। कार्यालयसित रहेको सिमित साधन स्रोतको कारणले पहिचान गरिएको र स्विकृत गरिएको विषयवस्तुमा रहि मात्र अनुगमन कार्य गर्नुपर्ने हुन्छ।

आयोगको केन्द्रिय कार्यालयले चालु आर्थिक बर्षका कार्यक्रमका लागि कुल बजेट १२,५९,०००।- विनियोजन गरेको थियो। कार्यक्रम शिर्षकमा विनियोजन गरिएको कुल बजेटको ६४ प्रतिशत बजेट अनुगमन शिर्षकमा छुट्याइएको थियो।

यस आर्थिक बर्षमा कार्यालयबाट भएका अनुगमन सम्बन्धि कार्य निर्धारित र आकष्मिक गरी दुई प्रकृतिका अनुगमन रहेका छन्। निर्धारित अनुगमन कार्यक्रम ८ वटा रहेका थिए। आकष्मिक अनुगमन कार्यक्रम ८ वटा रहेको थियो। निर्धारित अनुगमन तर्फ नागरिकको स्वास्थ्यको अधिकारसम्बन्धी अनुगमन २, दिगो विकास लक्ष्य/व्यवसाय/श्रमिकको अधिकार र मानव अधिकारको विषयमा अनुगमन १, मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था अनुगमन ३, मानव अधिकार अनुगमन २ वटा रहेको थियो।

**तालिका ५ : मानव अधिकार अनुगमन सम्बन्धी कार्यक्रम**

| LMBIS | ACTIVITIES (PROGRAM 22522) | QTY | AMOUNT | सम्पन्न कार्यक्रम |
|---|---|---|---|---|
| 2.7.7.1.2 | मानव अधिकार उल्लघंनका घटनाहरूको आकस्मिक अनुगमन | ८ | १९९ | ५ |
| 2.7.7.1.99 | नागरिकको स्वास्थ्यको अधिकार सम्बन्धी सरोकार वालाहरूसँग अन्तरकृया तथा अनुगमन | २ | १०० | २ |
| 2.7.7.1.193 | दिगो विकास लक्ष्य/व्यवसाय/श्रमिकको अधिकार र मानव अधिकारको विषयमा अनुगमन तथा छलफल | १ | ५८ | ० |
| 2.7.7.1.192 | प्रदेश/स्थानीय तहमा पाचौं मानव अधिकार राष्ट्रिय कार्यायोजना कार्यान्वयन अवस्था विषयमा अनुगमन तथा छलफल। | ३ | १४९ | ३ |
| 2.7.7.1.207 | मानव अधिकार अनुगमन | २ | ३०० | ८ |
| | | १६ | ८०६ | १८ |

आ.व. २०७८/७९ मा अनुगमन सम्बन्धी १६ वटा कार्यक्रम रहेकोमा १८ वटा अनुगमन सम्पन्न भएको छ। नागरिकको स्वास्थ्यको अधिकार सम्बन्धी अनुगमन २, दिगो विकास लक्ष्य/व्यवसाय/श्रमिकको अधिकार र मानव अधिकारको विषयमा अनुगमन हुन नसकेको, मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था अनुगमन ३, मानव अधिकार अनुगमन ८ वटा सम्पन्न भएको छ।

मानव अधिकार आकष्मिक अनुगमन ८ वटा रहेकोमा ५ वटा सम्पन्न भएको छ। प्राकृतिक प्रकोपमा मानव अधिकार अवस्था अनुगमन ३, हवाई उपभोक्ताहरूको मानव अधिकार अवस्था अनुगमन १ र आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरूको मानव अधिकार अवस्था अनुगमन १ गरी ५ वटा अनुगमन कार्य सम्पन्न भएको छ।

मानव अधिकार अनुगमन २ वटा रहेकोमा ८ पटक अनुगमन कार्य सम्पन्न भएको छ। चालु आर्थिक बर्षको बजेट तथा कार्यक्रम निर्माण हुदा यस सम्बन्धी अनुगमन रहेको थिएन। तर नेपाल सरकारले २०७९ बैशाख ३१ गते निर्धारण गरेको स्थानिय तहका सदस्यको निर्वाचन अनुगमन गर्नका लागि यस विषयमा कार्यक्रम र बजेट निर्माण गरिएको थियो। यस कार्यालयबाट कालिकोट, जुम्ला र मुगु तीन जिल्लामा स्थानिय तह सदस्य निर्वाचनमा मतदान पुर्व, मतदानका दिन र मतदान पश्चात मानव अधिकार अवस्था अनुगमन गरिएको थियो।

बार्षिक कार्ययोजनाले तय गरेको कार्यक्रम मध्ये दिगो विकास लक्ष्य/व्यवसाय/श्रमिकको अधिकार र मानव अधिकारको विषयमा अनुगमन बाहेक सबै अनुगमन कार्य सम्पन्न भएका छन्।

जिल्लागत रुपमा भएका अनुगमन संख्यालाई हेर्दा रुकुम पश्चिममा १, डोल्पा २, दैलेख १, मुगु २, जुम्ला १०, जुम्ला मुगु १, जुम्ला कालिकोट १ वटा अनुगमन भएका छन्। सबैभन्दा धेरै जुम्लामा अनुगमन कार्य सम्पन्न भएका छन्। डोल्पा र मुगुमा २/२ वटा गरी बराबर संख्यामा अनुगमन कार्य सम्पन्न भएका छन्। सम्पन्न भएका अनुगमन कार्यक्रम विवरण अनुसूचि-३ मा रहेको छ।

**चार्ट १ : सम्पन्न अनुगमन कार्यक्रम**




## ४.४ मानव अधिकार अनुसन्धान

मानव अधिकार अनुसन्धान आयोगको प्रमुख कार्यहरू मध्येको एक हो। मानिसको मानव अधिकार उल्लघंन वा ज्यादती भएपछि वा हुन लागेको खण्डमा आयोगमा उजुरी दिन सकिने अधिकार खुल्ला रहेको

छ । नेपालको संविधानको धारा २४९ र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले उजुरी दिन पाउने अधिकारको व्यवस्था गरेको छ । लिखित वा मौखिक हिसावले पीडित आफै वा निजको तर्फबाट अन्य कुनै सरोकारवालाले जुनसुकै माध्यमबाट आयोगमा उजुरी दिन पाउदछ । आयोग वा आयोगको कुनै कार्यालयमा उजुरी दर्ता भएपछि सो उपर कारवाही प्रक्रिया अगाडी बढाउनुपर्ने हुन्छ । मानव अधिकारको गम्भिर उल्लघंन भएको घटनामा आयोग आफैले पनि स्वविवेकीय अधिकार प्रयोग गरी उजुरी ग्रहण गर्न पाउदछ् ।

यस कार्यालयमा चालु अवस्थामा रहेका उजुरी उपर अनुसन्धान गर्नका लागि कार्यक्रमगत कुल बजेटको अठार प्रतिशत बजेट अनुसन्धान शिर्षकमा छुटयाइएको थियो । कार्यक्रमगत कुल बजेट मध्ये तीन लाख त्रिहतर हजार बजेट अनुसन्धानका लागि छुटयाइएको थियो ।

**तालिका ६ : अनुसन्धान शिर्षकमा छुट्याइएको बजेट**

| LMBIS | ACTIVITIES (PROGRAM 22522) | UNIT COST | QTY | सम्पन्न कार्यक्रम |
|---|---|---|---|---|
| 2.7.7.1.1 | मानव अधिकार उल्लघंनका घटना, उजुरी तथा फाइलहरूको अनुसन्धान | ७५ | ५ | ५ |

आ.ब. ०७८/७९ मा ५ वटा उजुरी दर्ता भई कूल ८० वटा उजुरीहरू चालु अवस्थामा रहेका थिए । यस आर्थिक बर्षको बार्षिक कार्ययोजनामा अनुसन्धानमा ५ वटा अनुसन्धान कार्यका लागि बजेट छुट्याइएकोमा ५ वटै अनुसन्धान कार्य सम्पन्न भएका छन् । कालिकोट, जुम्ला, मुगु, रुकुम पश्चिममा अनुसन्धान कार्य सम्पन्न भएको छ । विभिन्न मितिमा खटि गएको अनुसन्धान कार्यको विवरण तलको तालिका उल्लेख गरिएको छ ।

**तालिका ७ : चालु आ.ब. को अनुसन्धान विवरण**

| क्र.सं. | जिल्ला | मिति |
|---|---|---|
| १ | कालिकोट | २०७८/५/२५-२९ |
| २ | जुम्ला मुगु | २०७८/०६/२–८ |
| ३ | रुकुम पश्चिम | २०७८/०६/१७–२५ |
| ४ | जुम्ला | २०७८/०९/६–१२ |
| ५ | कालिकोट जुम्ला | २०७८/०९/१४–२० |

यस आर्थिक बर्षमा ३७ वटा उजुरी उपर अनुसन्धान सम्पन्न भएका छन् । आयोगको नियमावली बमोजिम अपनाउनुपर्ने प्रक्रिया अवलम्बन गरी आयोगबाट आवश्यक निर्णय हुनका लागि ३७ वटै उजूरी फाइल आयोगको केन्द्रिय कार्यालय हरिहरभवन ललितपुर पठाइएकोमा ७ वटा उजुरी कार्यविधि पुरा नभएको आधारमा फर्कि आएका छन् । के.का.बाट फर्कि आएका समेत गरी कुल ५० थान उजुरी फाइल चालु अवस्थामा रहेका छन् । ३० थान उजुरी फाइल आवश्यक निर्णयार्थ केन्द्रिय कार्यालयमा बुझाइएको छ । केन्द्रिय कार्यालयमा बुझाइएका ३० थान उजुरी फाइलको विस्तुत विवरण अनुसुचि-४ मा रहेको छ ।

### ४.४.१ चालु आ.ब. ०७८/७९ का के.का. गएका उजुरी फाइलहरूको विवरण

#### ४.४.१.१ आ.ब. को आधारमा उजुरी

चालु आ.ब. मा कार्यालयमा चालु रहेका कुल ८० थान उजुरी मध्ये आवश्यक निर्णयार्थ केन्द्रिय कार्यालयमा ३७ थान उजुरी पठाइएको छ। च.नं. २९२ मिति २०७९/३/६ बाट आयोगको केन्द्रिय कार्यालय गएका ३७ थान मध्ये कार्यविधि नपुगेको आधारमा ७ वटा फाइल फर्कि आएका छन्। सात वटा फाइल फर्कि आएता पनि ३७ कै आधारमा ब्याख्या विश्लेषण गरिएको छ। केन्द्रिय कार्यालय गएका कुल ३७ मध्ये सबै भन्दा धेरै आ.ब. ०६३/६४ का १४ थान फाइल रहेका छन्। त्यसपछि आ.ब. ०६२/६३ का ६ थान फाइल रहेका छन्। आ.ब. ०६४/६५ र ०७७/७८ का ४/४ थान गरी ८ वटा रहेका छन्। आ.ब. ०७६/७७, ०७५/७६, ०७३/७४ बाट २/२ थान गरी ६ वटा रहेका छन्। आ.ब. ०६०/६१, ०६६/६७ र ०६८/६९ बाट एक एक गरी ३ वटा फाइल रहेका छन्।

**तालिका ८ : के.का. गएका उजुरीहरूको तथ्याङ्क आ.ब. का आधारमा।**

| क्र.सं. | आर्थिक बर्ष | उजुरी संख्या |
|---|---|---|
| १ | ०६०/६१ | १ |
| २ | ०६२/६३ | ६ |
| ३ | ०६३/६४ | १४ |
| ४ | ०६४/६५ | ४ |
| ५ | ०६६/६७ | १ |
| ६ | ०६८/६९ | १ |
| ७ | ०७३/७४ | २ |
| ८ | ०७५/७६ | २ |
| ९ | ०७६/७७ | २ |
| १० | ०७७/७८ | ४ |
| | **जम्मा** | ३७ |

#### ४.४.१.२ महासन्धिको आधारमा उजुरी

आयोगको केन्द्रिय कार्यालयमा यस कार्यालयबाट चालु आ.ब.मा गएका उजुरीहरूलाई सन्धिजनित आधारमा हेर्दा सबैभन्दा धेरी अनुसन्धान सम्पन्न भएका उजुरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र (आइसिसिपिआर) सित सम्बन्धित उजुरी रहेका छन्। दोस्रो स्थानमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र (आइसिइयससिआर) सित सम्बन्धित उजुरी रहेका छन्। तेस्रो स्थानमा यातना विरुद्धको महासन्धि (क्याट) सित सम्बन्धित उजुरीहरू रहेका छन्। चौथो स्थानमा वेपत्ता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (सिपेड) सित सम्बन्धित उजुरीहरू रहेका छन्। पाँचौ स्थानमा बाल अधिकार महासन्धि (सिआरसि) सित सम्बन्धित उजुरीहरू रहेका छन्।

यातना विरुद्धको महासन्धि (क्याट) सित सम्बन्धित उजुरीहरू ६ थान रहेका छन्। वेपत्ता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (सिपेड) सित सम्बन्धित उजुरीहरू ५ थान रहेका छन् । बाल अधिकार महासन्धि (सिआरसि) सित सम्बन्धित उजुरीहरू २ थान रहेका छन्। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र (आइसिसिपिआर) सित सम्बन्धित उजुरी १७ थान रहेका छन्। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र (आइसिइयससिआर) सित सम्बन्धित उजुरी ७ थान रहेका छन्।

**तालिका नं. ९ : के.का. गएका उजुरी तथ्याङ्क सन्धिजनितका आधारमा।**

| क्र.सं. | मानव अधिकार महासन्धिको छोटो नाम | संख्या |
|---|---|---|
| १ | CAT | ६ |
| २ | CPED | ५ |
| ३ | CRC | २ |
| ४ | ICCPR | १७ |
| ५ | ICESCR | ७ |
| | hDdf | ३७ |

### ४.४.१.३. निर्णय प्रकृतिको आधारमा उजुरी

आयोगको केन्द्रिय कार्यालयमा गएका कुल ३७ थान उजुरीहरूको निर्णय प्रकृति तीन किसिमका रहेका छन्। अनुसन्धान टोलीले पेश गरेको प्रतिवेदनका आधारमा आयोगको ऐन नियमावलीले निर्दिष्ट गरेको कार्यविधि पुरा भई निर्णय हुनसक्ने प्रकृति आकलन गरिएको छ। उक्त आकलन अनुसार सिफारिस गर्नुपर्ने प्रकृतिका १९ थान उजुरी फाइल रहेका छन्। तामेली गर्नुपर्ने प्रकृतिका १६ थान रहेका छन्। खारेजी गर्नुपर्ने प्रकृतिका २ थान उजुरी फाइल रहेका छन्। सिफारिस गर्नुपर्ने प्रकृतिका उजुरी फाइल सबै भन्दा धेरै रहेका छन्। त्यसपछि दोस्रो स्थानमा तामेली गर्नुपर्ने प्रकृतिका उजुरी फाइल रहेका छन्। अन्त्यमा तेस्रो स्थानमा खारेजी गर्नुपर्ने प्रकृतिका उजुरी फाइल रहेका छन्।

**तालिका नं. १० : के.का. गएका उजुरीहरूको तथ्याङ्क निर्णय प्रकृतिका आधारमा।**

| क्र.सं. | निर्णय प्रकृति | संख्या |
|---|---|---|
| १ | सिफारिस | १९ |
| २ | तामेली | १६ |
| ३ | खारेजी | २ |
| | **जम्मा** | ३७ |

### ४.४.१.४ उजुरी विषयको आधारमा

आयोगको केन्द्रिय कार्यालय गएका कुल ३७ थान उजुरी फाइललाई उजुरीको शिर्षक अनुसार हेर्दा १२ विषयका उजुरीहरू रहेका छन्। हत्या सम्बन्धी १० थान, यातना सम्बन्धी ६ थान, लुटपाट र बेपत्ता सम्बन्धी ५/५ गरी १० थान, न्याय प्रशासन सम्बन्धी ३ थान, आगजनी र बाल अधिकार सम्बन्धी २/२ गरी ४ थान, आरक्ष कोटा, छात्रवृत्ति र घाइते शिर्षमा १/१ थान गरी ३ थान रहेका छन्। यसरी सबै भन्दा धेरै पहिलो

स्थानमा हत्या सम्बन्धी उजुरीहरू अनुसन्धान गर्न सफल भइएको छ । दोस्रो स्थानमा यातना विरुद्धको अधिकार सम्बन्धी उजुरीहरू रहेका छन् । तेस्रो स्थानमा लुटपाट र वेपत्ता सम्बन्धी उजुरी रहेका छन् । चौथो स्थानमा न्याय प्रशासन सम्बन्धी रहेका छन् । पाँचौ स्थानमा आगजनी र बाल अधिकार सम्बन्धी उजुरी रहेका छन् । छैठौ स्थानमा आरक्ष कोटा, छात्रवृत्रि र घाइते सम्बन्धी उजुरी रहेका छन् ।

**तालिका नं. ११ : के.का. गएका उजुरी तथ्याङ्क विषयगत आधारमा ।**

| क्र.सं. | उजुरी विषय | संख्या |
|---|---|---|
| १ | घाईते | २ |
| २ | छात्रवृत्ति नपाएका | १ |
| ३ | बाल अधिकार | २ |
| ४ | आरक्षण कोटा संरक्षण गरी पाउ | १ |
| ५ | आगजनी | २ |
| ६ | न्याय प्रशासन | ३ |
| ७ | वेपत्ता | ५ |
| ८ | लुटपाट | ५ |
| ९ | यातना | ५ |
| १० | यातना | १ |
| ११ | हत्या | ९ |
| १२ | हत्या | १ |
| | **जम्मा** | ३७ |

### ४.४.१.५ जिल्लागत आधारमा उजुरी

आयोगको केन्द्रिय कार्यालयमा चालु आ.ब.मा गएका कुल ३७ थान उजुरीलाई कुन जिल्लाका कति थान उजुरी केन्द्रिय कार्यालयमा गए वा कुन जिल्लाका कति थान उजुरी उपर अनुसन्धान सम्पन्न भएका छन् भन्ने विषयलाई जिल्लागत आधारमा केलाई हेर्दा सबैभन्दा धेरै जुम्ला जिल्लाका २१ थान उजुरी उपर अनुसन्धान सम्पन्न भएको छ । त्यसपछि दोस्रो स्थानमा कालिकोटका ९ थान उजुरी उपर अनुसन्धान सम्पन्न भएको छ । त्यसपछि सुर्खेतका ३ थान उजुरी उपर अनुसन्धान सम्पन्न भएको छ । त्यसपछि दैलेखका २ थान उजुरी उपर अनुसन्धान सम्पन्न भएको छ । त्यसपछि मुगुको १ र जाजरकोटको १ थान उजुरी उपर अनुसन्धान सम्पन्न भई ति उजुरी फाइलहरू केन्द्रिय कार्यालयमा आवश्यक निर्णयार्थ गएको देखिन्छ ।

**तालिका १२ : के.का. गएका उजुरीहरूको तथ्याङ्क जिल्लागत आधारमा ।**

| क्र.सं. | जिल्ला | संख्या |
|---|---|---|
| १ | सुर्खेत | ३ |
| २ | दैलेख | २ |

| क्र.सं. | जिल्ला | संख्या |
|---|---|---|
| ३ | मुगु | १ |
| ४ | जुम्ला | २१ |
| ५ | जाजरकोट | १ |
| ६ | कालिकोट | ९ |
| | जम्मा | ३७ |

### ४.१.२ चालु उजुरी विवरण

### ४.१.२.१ सन्धिको आधारमा चालु अवस्थामा रहेका उजुरीहरू

चालु आ.ब. मा कार्यालयमा चालु रहेका कुल ८० थान उजुरी मध्ये आवश्यक निर्णयार्थ केन्द्रिय कार्यालयमा गएका ३७ थान उजुरी बाहेक ४३ थान उजुरी अझै कार्यालयमा चालु अवस्थामा रहेका छन् । चालु रहेको उजुरीहरू विवरण अनुसुची-५ मा राखिएको छ । चालु रहेका ति उजुरीहरूलाई सन्धिजनित हिसावले हेर्दा यातना विरुद्धको अधिकार सम्बन्धी महासन्धि (क्याट) सित सम्बन्धित ११ थान, महिला विरुद्धका सबै प्रकारका हिंसा उन्मुलन गर्ने महासन्धि (सिड्अ) सित सम्बन्धित उजुरी १ थान, वेपत्ता सम्बन्धि महासन्धि (सिपेड) सित सम्बन्धि उजुरी ४ थान, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि प्रतिज्ञापत्र (आइसिसिपिआर) सित सम्बन्धित उजुरी २१ थान र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धि प्रतिज्ञापत्र (आइसिइयससिआर) सित सम्बन्धित उजुरी ६ थान रहेका छन् ।

यसरी कुल ४३ थान उजुरीको सन्धिजनित स्थान हेर्दा पहिलो स्थानमा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र (आइसिसिपिआर) सित सम्बन्धित, दोस्रो स्थानमा यातना विरुद्धको अधिकार सम्बन्धी महासन्धि (क्याट) सित सम्बन्धित, तेस्रो स्थानमा सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र (आइसिइयससिआर) सित सम्बन्धित, चौथो स्थानमा वेपत्तासम्बन्धि महासन्धि (सिपेड) सित सम्बन्धी र पाँचौ स्थानमा महिला विरुद्धका सबै प्रकारका हिंसा उन्मुलन गर्ने महासन्धि (सिड्अ) सित सम्बन्धित उजुरी रहेका छन् ।

**तालिका नं. १३ : कार्यालयमा चालु रहेका उजुरीको सन्धिजनित तथ्याङ्क ।**

| क्र.सं. | मानव अधिकार महासन्धिको छोटो नाम | संख्या |
|---|---|---|
| १ | CAT | ११ |
| २ | CEDAW | १ |
| ३ | CPED | ४ |
| ४ | ICCPR | २१ |
| ५ | ICESCR | ६ |
| | जम्मा | ४३ |

### ४.१.२.२ उजुरी विषयका आधारमा चालु रहेका उजुरीहरू

चालु आ.ब. मा अनुसन्धान सम्पन्न भई के.का. गएका उजुरीहरू बाहेक चालु अवस्थामा रहेका कुल उजुरीहरलाई उजुरीको विषयको आधारमा हेर्दा : सबैभन्दा धेरै हत्या विषयमा १६ थान, दोस्रो स्थानमा यातना विषयमा ११ थान, तेस्रो स्थानमा वेपत्ता सम्बन्धमा ४ थान, चौथो स्थानमा विस्थापित विषयमा २ थान र पाँचौ स्थानमा न्याय प्रशासन, स्वच्छ सुनुवाई, घरेलु हिंसा, बाल अधिकार, आन्तरिक विस्थापित, आगजनी, पारिश्रमिक नपाएको, गैरकानूनी थुना र धम्कि विषयमा १/१ गरी १० थान उजुरी रहेका छन् ।

**तालिका नं. १४ : कार्यालयमा चालु रहेका उजुरीको विषयगत तथ्याङ्क**

| क्र.सं. | उजुरी विषय | संख्या |
|---|---|---|
| १ | न्याय प्रशासन | १ |
| २ | हत्या | १ |
| ३ | स्वच्छ सुनुवाई | १ |
| ४ | घरेलु हिंसा | १ |
| ५ | बाल अधिकार | १ |
| ६ | आन्तरिक विस्थापित | १ |
| ७ | आगजनी | १ |
| ८ | न्याय प्रशासन | १ |
| ९ | वेपत्ता | ४ |
| १० | पारिश्रमिक नपाएको | १ |
| ११ | विस्थापित | २ |
| १२ | यातना | ९ |
| १३ | यातना | २ |
| १४ | गैरकानूनी थुना | १ |
| १५ | धम्कि | १ |
| १६ | हत्या | १४ |
| १७ | हत्या | १ |
| | **जम्मा** | ४३ |

### ४.१.२.३ आ.ब.का आधारमा चालु रहेका उजुरी

चालु अवस्थामा रहेका उजुरीहरूलाई कुन आर्थिक बर्षमा दर्ता भएका उजुरीहरू कतिवटा चालु रहेका छन् भनि तलको तालिकालाई हेर्दा पहिलो स्थानमा सबै भन्दा धेरै आ.ब. ०७७/७८ को ९ थान, दोस्रो स्थानमा आ.ब. ०६३/६४ का ७ थान, तेस्रो स्थानमा आ.ब. ०६२/६३ का ६ थान, चौथो स्थानमा आ.ब. ०७८/७९ का ४ थान, पाँचौ स्थानमा आ.ब. ०६५/६६, ०७३/७४ र ०७६/७७ का ३/३ गरी ९ थान, छैठौ स्थानमा

आ.ब. छैठौ स्थानमा आ.ब. ०६४/६५ का २ थान र अन्त्यमा सातौ स्थानमा आ.ब. ०५९/६०, ०६०/६१, ०६१/६२ र ०७६/७७ का १/१ थान गरी ४ थान उजुरी चालु अवस्थामा रहेका छन् ।

१४ चालु आ.ब.मा दर्ता भएका उजुरीहरू अझै चालु अवस्थामा रहेका छन् । आयोग २०५७ जेठ १३ गते स्थापना भएको मितिले चालु आ.ब. ०७८/७९ सम्म आयोग पार गरेको आयु २३ चालु आ.ब. मध्ये १४ आ.ब.को उजुरी चालु अवस्थामा रहेका छन् । संख्याको हिसाले थोरै रहेतापनि चालु अवस्थामा रहेको अवस्थाले अनुसन्धान कार्यलाई अझै तिव्र वनाउनुपर्ने स्थिती यस तथ्याङ्कले दर्शाएको छ ।

**तालिका नं. १५ : कार्यालयमा चालु रहेका उजुरीको तथ्याङ्क आ.ब. का आधारमा ।**

| क्र.सं. | आर्थिक बर्ष | संख्या |
|---|---|---|
| १ | ०५९/६० | १ |
| २ | ०६०/६१ | १ |
| ३ | ०६१/६२ | १ |
| ४ | ०६२/६३ | ६ |
| ५ | ०६३/६४ | ७ |
| ६ | ०६४/६५ | २ |
| ७ | ०६५/६६ | ३ |
| ८ | ०६६/६७ | १ |
| ९ | ०७३/७४ | ३ |
| १० | ०७४/७५ | १ |
| !! | ०७५/७६ | ३ |
| !@ | ०७६/७७ | १ |
| !# | ०७७/७८ | ९ |
| !$ | ०७८/७९ | ४ |
| | **जम्मा** | ४३ |

### ४.१.२.४ जिल्लागत रुपमा चालु रहेका उजुरी

चालु अवस्थामा रहेका उजुरीको तथ्याङ्कलाई कुन जिल्लाबाट कतिवटा उजुरी चालु अवस्थामा रहेका छन् भने तर्फ हेर्दा : सबै भन्दा धेरै पहिलो स्थानमा कालिकोटबाट १८ थान, जुम्लाबाट १३ थान, सुर्खेतबाट ५ थान, दैलेखबाट ४ थान, रुकुम पश्चिमबाट २ थान र सल्यानबाट १ थान उजुरी चालु अवस्थामा रहेका छन्। यस चालु आ.ब.मा जुम्लाबाट रहेका कुल उजुरी ३९ थान उजुरी मध्ये २१ थान उजुरी उपर अनुसन्धान सम्पन्न भई आवश्यक निर्णयार्थ केका जादा पनि हाल १८ थान उजुरी चालु अवस्थामा रहेको तथ्याङ्कले कार्यालय स्थापित रहेको जिल्लामा नै अनुसन्धान कार्यलाई अझै तिव्र बनाउनु पर्ने देखिन्छ । त्यसपछि अनुसन्धानको दृष्टिकाणले अनुसन्धानलाई प्राथकिता दिनुपर्ने जिल्ला कालिकोट रहेको छ ।

**तालिका नं. १६ : कार्यालयमा चालु रहेका उजुरीको जिल्लागत तथ्याङ्क ।**

| क्र.सं. | जिल्ला | संख्या |
|---|---|---|
| १ | सल्यान | १ |
| २ | सुर्खेत | ५ |
| ३ | रुकुम पश्चिम | २ |
| ४ | दैलेख | ४ |
| ५ | जुम्ला | १३ |
| ६ | कालिकोट | १८ |
| | **जम्मा** | ४३ |

## ४.५ मानव अधिकार संवर्द्धन सम्बन्धी कार्यहरू

### ४.५.१ कार्यालयले आयोजना गरेका कार्यक्रम

मानव अधिकार सम्बन्धी शिक्षा र सचेतना अभिवृद्धि एवं मानव अधिकारको वकालत, सुचना सम्प्रेषण कार्यमा संवर्द्धनात्मक कार्यको विशेष महत्व हुने गर्दछ । आयोगको संवैधानिक एवं कानुनी दायित्व अर्न्तगत यस कार्यालयले मानव अधिकार प्रर्वधन सम्बन्धी गतिविधिहरू संचालन गर्दै आएको छ । आयोगको रणनीतिक योजना तथा बार्षिक कार्ययोजना सहित कार्यहरूमा समावेश प्रर्वधनात्मक कार्यबाट मानव अधिकार सचेतना अभिवृद्धि एवं मानव अधिकार संस्कृतिको विकासमा टेवा पुगेको छ ।

आयोगले "जीवन, मर्यादा, समानता र स्वतन्त्रताको आधार : दिगो शान्ति र समृद्धिको आधार" भन्ने नारालाई सार्थक बनाउन यस कार्यालयले प्रदेश सरकार, स्थानीय सरकार, सुरक्षाकर्मी, पत्रकार, नागरिक समाज, मानव अधिकार रक्षकहरूसँग समन्वय र सहकार्य गरी अन्तरक्रिया, छलफल, गोष्ठी, तालिम, कार्याशाला जस्ता गतिविधीहरू संचालन गर्दै आएको छ ।

आयोगको यस कार्यालयले चालु आर्थिक बर्षमा १५ वटा प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न गरेको छ । मानव अधिकारक विविध विषयमा अन्तरक्रिया एवम् छलफल कार्यक्रम १० वटा र मानव अधिकार सम्बन्धि विविध दिवस ५ वटा सम्पन्न गरेको छ । अन्तरक्रिया एवम् छलफल कार्यक्रम अन्तर्गत आधारभुत स्वास्थ्य सेवामा नागरिकको पहुच विषयमा ४ वटा, मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था विषयमा ३ वटा, मानव अधिकार रक्षक सम्बन्धी कर्णाली प्रदेश स्तरीय सम्मेलन १ वटा र बार्षिक कार्यक्रम प्रगति समिक्षा १ गरी १० वटा रहेको छ । मानव अधिकारका विविध दिवस अन्तर्गत अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर), अन्तर्राष्ट्रिय नारी दिवस, ज्येष्ठ नागरिक दिवस, यातना पीडितहरूलाई सहयोग सम्बन्धी अन्तर्राष्ट्रिय दिवस र आयोगको स्थापना दिवस मनाइएको छ। संम्वर्द्धन सम्बन्धी सम्पादित कार्यक्रमहरूको विवरण अनुसुची-६ मा रहेको छ ।

यस आ.ब. मा सम्पन्न भएका कुल १५ वटा कार्यक्रम मध्ये सुर्खेत, रुकुम पश्चिम र मुगुमा १/१ वटा कार्यक्रम, डोल्पामा २ वटा कार्यक्रम र जुम्लामा १० वटा कार्यक्रमको आयोजना गरिएको थियो । सम्पूर्ण कार्यक्रममा कुल १०६६ जना सहभागी भएका थिए । त्यसमध्ये पुरुष ६८६ र महिला ३८० जना सहभागी

भएका थिए । लैङ्गिक सहभागिताको दृष्टिकोणले पुरुष र महिलाको समान सहभागिता हुन सकेको छैन । एक तिहाई मात्र महिला सहभागिता रहेको छ । अन्यको सहभागिता नै हुनसकेको छैन ।

**चार्ट २ : सम्पन्न मानव अधिकार प्रबर्द्धनात्मक कार्यक्रम विवरण**




### ४.५.२ अन्यले आयोजना गरेको कार्यक्रममा सहभागिता

यस कार्यालयको आफनो आयोजना बाहेक अन्य निकाय, कार्यालय, संघ संस्थाले आयोजना गरेको कुल ११ वटा कार्यक्रममा सहभागिता जनाइएको थियो । यसभित्र आयोगको केन्द्रिय कार्यालयले आयोजना गरेको कार्यक्रम समेत रहेको छ ।

सिंजा सभ्यता संरक्षण तथा विकास बिधेयकको सुझाब संकलन सम्बन्धी अर्न्तक्रिया कार्यक्रम, चालु आ.ब. को अर्धबार्षिक समिक्षा कार्यक्रम, लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियानको उद्‌घाटन कार्यक्रम, सम्बृद्धि परियोजनाद्वारा सञ्चालन हुने कृयाकलापमा अपाङ्गता भएका ब्यक्तिका लागि समुदायमा आधारित समाबेशी बिकासका लागि जिल्ला स्तरीय सम्वाद कार्यक्रम, सम्बृद्धि परियोजनाद्वारा सञ्चालन हुने कृयाकलाप सम्बन्धी सुझाब संकलन बैठक, ३०औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस, बालबिबाह सम्बन्धी जिल्ला स्तरीय छलफल कार्यक्रम, अन्तर्राष्ट्रिय नारी दिवस, Advance Cource on Mangaement and Development विषयक सेवाकालीन प्रशिक्षण, निर्वाचन अनुगमन सम्बन्धमा छलफल कार्यक्रम, आयोगको २३औं स्थापना दिवसको अवसरमा केन्द्रिय कार्यालयले हरिहर भवनमा आयोजना गरेको समारोह कार्यक्रममा आयोगमा दिर्घ सेवा गर्ने कर्मचारीलाई सम्मान गर्ने कार्यक्रम, चालु आ.ब. को बार्षिक समिक्षा र मानव अधिकार रक्षक सम्बन्धी राष्ट्रिय सम्मेलन कार्यक्रममा सहभागिता जनाइएको थियो । त्यस्तै छ वटा कार्यक्रममा स्रोत व्यक्तिको रुपमा सहभागिता जनाइएको छ । विभिन्न कार्यक्रममा जनाइएको सहभागिता सम्बन्धी विवरण अनुसुची-७ मा रहेको छ ।

### ४.५.३ समन्वय सहकार्य

आयोगले आफ्नो प्रादेशिक क्षेत्राधिकार भित्र पर्ने जिल्लाहरूमा मानव अधिकार प्रर्वदनात्मक कार्यक्रमहरू संचालन गर्दा प्रदेश सरकार, सरकारी कार्यालयहरू, स्थानीय सरकार अर्न्तगत नगरपालिका तथा गाँउ पालिकाहरूसँगको समन्वय र सहकार्यमा कार्यक्रमहरू संञ्चालन गर्दै आएको छ । प्रदेश तथा स्थानीय सरकार र अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सम्पन्न भएका कार्यक्रमहरू प्रभावकारी हुने गरेको छ ।

## ४.६ मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था

सिद्धान्ततः मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना मानव अधिकार सम्बन्धी राज्यको दायित्वलाई प्रभावकारी ढंगले अपेक्षा अनुरुप निश्चित समयमा कार्यान्वयन गर्नका लागि तयार पारिएको दस्तावेज हो । राज्यको दायित्व कार्यान्वयन गर्न, मापन गर्नका लागि सरकारले निर्माण गरी लागु गर्दछ । नेपालमा यसको अभ्यास नौलो होइन । नेपाल सरकारले हालसम्म चार वटा कार्ययोजना लागु गरी सकेको छ । यसलाई कार्यान्वयन गर्ने अनुभव समेत अंगाली सकेको छ । नेपाल सरकारबाट हाल मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना आ.ब. २०७७/७८ देखि २०८१/८२ सम्मको लागि लागु गरिएको छ । नेपाल सरकारबाट कार्ययोजना लागु भएको दोस्रो आर्थिक बर्ष ब्यतित भइ तेस्रो बर्ष लागि सकेको छ ।

उक्त कार्ययोजना कार्यान्वयन अवस्था अनुगमन गर्ने निकायको रुपमा राष्ट्रिय मानव अधिकार आयोग पनि रहेको हुनाले आयोगको यस कार्यालयले कर्णाली प्रदेशमा कार्ययोजना कार्यान्वयन अवस्थाको अनुगमन गरेको थियो । अनुगमन क्रममा कार्ययोजना कार्यान्वयन गर्नका लागि कर्णाली प्रदेशका प्रदेश सरकार, १० वटै जिल्ला समन्वय समिति र ७९ वटै स्थानीय तहलाई पत्राचार गरी अनुरोध गरिएको थियो । यस कार्यालयबाट भएको पत्राचार अनुसार सुर्खेतको चिङ्गाड गाउँपालिकाको कार्यालय अवलचिङ्ग, सुर्खेत, चौरहजारी नगरपालिकाको कार्यालय, चौरहजारी, रुकुम (पश्चिम) ले स्थानीय समन्वय समिति गठन गरेको छ । जिल्ला समन्वय समिति जुम्ला र रुकुम (पश्चिम) ले जिल्ला समन्वय समिति गठन गरेको छ । कर्णाली प्रदेश समन्वय समितिले समिति गठन गर्नका लागि यस कार्यालयबाट प्रतिनिधि माग गरेको थियो । समग्रमा कर्णाली प्रदेशको २ स्थानिय तह, २ जिल्ला समन्वय समिति र प्रदेश समन्वय समितिमात्र गठन हुनसकेको अवस्था छ ।

### परिच्छेद : पाँच

# मानव अधिकार अवस्था




स्रोत : *http://ocmcm.karnali.gov.np/node/391*

| | | | |
|---|---|---|---|
| कुल क्षेत्रफल | २७,९८४ वर्ग कि.मि. | साक्षरता | ६३ प्रतिशत |
| स्थानीय तह | ७९ वटा | गरिबी | ३९.८ प्रतिशत |
| न.पा. | २५ वटा | मानव विकास सुचकाकं | ०.४२६ |
| गा.पा. | ५४ वटा | पाँच बर्ष मुनिका बाल मृत्यु दर | ५५ |
| वडा | ७१८ वटा | शिशु मृत्यु दर | ४७ |
| कुल जनसंख्या | १६,९४,८८९ (१०० प्रतिशत) | नवजात शिशु मृत्यु दर | २९ |
| नेपालको कुल जनसंख्याको | ६ प्रतिशत | आधी घण्टामा स्वास्थ्य संस्थामा पुग्न सक्ने जनसंख्या | २४ प्रतिशत |
| ग्रामीण क्षेत्र जनसंख्या | ८,११,९१३ (४७.९० प्रतिशत) | सरदरमा १५,०००। जनसंख्याको लागि चिकित्सक संख्या | १ जना |
| बहरी क्षेत्र जनसंख्या | ८,८२,९७६ (५२.१० प्रतिशत) | सुरक्षित पिउने पानीका पहुच भएको जनसंख्या | ७७ प्रतिशत |
| पुरुष | ८,२८,३०७ | कृषिमा आधारित जनसंख्या | ७० प्रतिशत |
| महिला | ८,६६,५८२ | प्रमुख भाषा | नेपाली |
| लैङ्गिक अनुपात | ९५.५८ प्रतिशत | प्रमुख पेशा | कृषि |

## ५.१ पृष्ठभूमि

मानव अधिकार अवस्था भनेको कुनै निश्चित विषय, क्षेत्र, स्थानको मानव अधिकाररूपी ऐना हो । मानव अधिकाररूपी ऐनाले मानव अधिकारको वास्तविक अवस्थालाई दर्शाउने कार्य गर्दछ । मानव अधिकारको प्रभावकारी संरक्षण तथा सम्बर्द्धन भएको छ छैन ? भएको भए कतिको भएको छ ? नभएको भए के कति भएको छैन ? पुरै भएको छैन वा आशिंक रूपमा भएको छैन ? नभएकाको हकमा के कस्ता कुरा गर्नुपर्ने आवश्यकता देखिन्छ ? उक्त आवश्यकता पुरा गर्ने दायित्व कसको हो ? दायित्व निर्वाहमा कसले कस्तो भुमिका खेल्नु पर्दछ ? लगायतका विषयवस्तुमा ऐना आफै बोल्दछ ।

मानव अधिकारको अवस्था मानव अधिकार ऐनामा उतार्न त्यति सजिलो कार्य होइन । मानव अधिकारका विषयवस्तु मानव जीवनको हरेक क्रियाकलाप, व्यवहार, आचरण, चरण र विन्दुसित जोडिएका छन् । तर ति सबै कुरालाई मानव अधिकारमुखि दृष्टिले हेर्ने अभ्यास हामी र हाम्रो समाजमा छैन । केही कुरालाई हामी दया कृपाको भावले हेर्छौं भने केहीलाई भाग्य दुर्भाग्यको दृष्टिले पनि हेर्दछौ । यसलाई दृष्टिको समस्या भन्ने की बुझाइको अभाव भन्ने । जे जस्तो भएपनि मानवको जीवनसित सम्बन्धित विषयवस्तुलाई अधिकारको दृष्टिले हेर्ने र बुझ्ने नजरियामा अझैपनि अभाव नै रहेको छ । अभाव किन रहेको छ ? कसरी रहेको छ ? यसको कारक तत्व के हो ? को हो ? इत्यादी प्रश्न उब्जिन सक्दछ । तर यस प्रतिवेदनमा ति तमाम प्रश्न र जिज्ञासाको पुर्ति गर्न सम्भव नभएको हुनाले त्यसतर्फ केही बोलिएको छैन ।

मानव अधिकारको अवस्था कसरी नाप्ने ? नाप्ने यन्त्र सन्यन्त्र के छ ? यसका पद्धति र प्रकृया के कस्ता छन ? मानव अधिकार अवस्था मापन गर्ने तौरतरिका मिलेको छ छैन ? भन्ने तर्फ केही मात्रामा बोल्ने कोशिश गरिएको छ । मानव अधिकारको विषयवस्तु आफैमा वृहत भएको हुनाले यसलाई मापन गर्ने, नाप्ने तौरतरिका पनि वृहत हुन्छन । एक चोटि मापन गर्दैमा सधैका लागि उक्त अवस्था स्थिर रहन पनि सक्दै न । जसरी समय परिवर्तनशिल छ । त्यसै गरी मानव अधिकार अवस्थापनि परिवर्तनशिल नै हुन्छ । मानव अधिकार अवस्था मापन गर्ने पद्धति अन्तर्गत मानव अधिकार अनुगमन, मानव अधिकार अनुसन्धान, घटना परिस्थितीको अध्ययन, सुचना संकलन, तथ्याङ्क संकलन, अन्तरक्रिया, छलफल, विचार, गोष्ठि, शोध आदि यसका पद्धति र प्रक्रिया हुन । यसलाई मापन गर्ने सन्यन्त्र औपचारिक अनौपचारिक दुई किसिमका हुन्छन । औपचारिक सन्यन्त्र अन्तर्गत राज्यले स्थापना गरेको निकाय, संघ, संस्थाहरू पर्दछन भने अनौपचारिक सन्यन्त्र अन्तर्गत औपचारिरूपमा सँगठित नभएका तर मानव अधिकारका विषयवस्तुउपर नियमितरूपमा रखवारी गर्ने, ख्याल गर्ने, आवश्यकतानुसार वक्तव्य जारी गर्ने, बोल्ने, संरक्षणको लागि खवरदारी गर्ने भुमिका निर्वाह गर्ने पात्रहरू पर्दछन । जसलाई हामी नागरिक समाज, मानव अधिकारकर्मी, मानव अधिकार रक्षक इत्यादी नामले चिन्दछौ ।

मानव अधिकार अनुगमन आफैमा नियमितरूपमा गरिराख्ने विषय हो । यसले निरन्तरता पाएन भने वास्तविक अवस्थाको तस्विर वाहिर ल्याउनै सकिदैन । सरोकारवालाहरूको ध्यानाकर्षण गराउनै सकिदै न । त्यसैले मानव अधिकार अनुगमनका लागि निरन्तरता पहिलो अत्यावश्यक तत्व हो । नेपालमा राष्ट्रिय मानव अधिकार आयोगको स्थापना हुदाको कानुन मानव अधिकार आयोग ऐन, २०५३ र वर्तमान संवैधानिक तथा कानूनी व्यवस्था भएको नेपालको संविधान र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा मानव

अधिकारको विद्यमान अवस्थाको समिक्षा गर्ने कार्यादेश प्राप्त रहेको छ । उक्त कार्यादेश अनुसार आयोगले जुम्लामा आफनो शाखा कार्यालय स्थापना गरेदेखि नै आफनो क्षेत्रको मानव अधिकारका विविध विषयमा अनुगमन गर्दै आइरहेको छ ।

नेपालको प्रदेशहरूमा आयोगको प्रादेशिक कार्यालयहरू स्थापित रहेका छन् तर कर्णाली प्रदेशमा यो प्रतिवेदन प्रकाशन हुदाका मितिसम्म प्रदेश कार्यालयको स्थापना हुनसकेको छैन । यस प्रदेशमा आयोगले प्रदेश कार्यालय स्थापना गर्नका लागि आयोगले नीतिगत निर्णय गरी आवश्यक प्रवन्धकिय कुरा व्यवस्थापन गर्नका लागि नेपाल सरकारलाई अनुरोध गरेको छ । तर त्यसतर्फ सरकारको दृष्टि पर्न नसकेको हुनाले हालसम्म स्थापना हुन सकेको छैन । आयोग निरन्तर प्रयासमा लागि रहेको छ । प्रदेश कार्यालय स्थापना नभएको कारणले कर्णाली प्रदेशभरिको मानव अधिकारका विषयवस्तु उपर यस कार्यालयले आफनो भुमिका निर्वाह गर्दै आइरहेको छ । उक्त हिसाबले यस कार्यालयको भौगोलिक कार्यक्षेत्र फराकिलो रहेको छ तर कार्यालयका साधनस्रोत सिमित रहेका छन् । जसले गर्दा मानव अधिकारको हरेक आयाममा समान ध्यान तथा अध्ययन हुन गर्न सकिएको छैन । तथापि कार्यालयमा उपलब्ध मानव संशाधन र साधन स्रोतको आधारमा अध्ययन गर्दा देखिएको मानव अधिकार अवस्थाबारे चर्चा गरिएको छ ।

संयुक्त राष्ट्रसंघद्वारा पारित मानव अधिकारका प्रमुख नौ महासन्धिहरू मध्ये ७ वटा नेपालले अनुमोदन गरेको छ ।[२] दुई वटा महासन्धि बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २००६ र आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICMW) १९९० लाई नेपालले हालसम्म अनुमोदन गरेको छैन । अनुमोदित महासन्धिहरू नेपाल कानून सरह नेपालमा लागु हुन्छन ।

## ५.२ सन्धिजनित मानव अधिकार अवस्था

चालु आर्थिक बर्ष २०७८/७९ मा मानव अधिकारका विविध विषयमा कुल १९५ घटना सम्बन्धी समाचार वा जानकारी अभिलेखिकरण गरिएको थियो । विभिन्न मिडिया तथा संघ संस्थाको वेभसाइटमा प्रकासित तथा प्रसारित खबरहरूको अभिलेखिकरण गरिएको थियो । अभिलेखिकरण भएको कुल १९५ वटा विषयवस्तुहरू मानव अधिकारको अवस्था विश्लेषण गर्न सकिने उद्देश्यले यो अभिलेखिकरण गरिएको थियो । मानव अधिकारको अवस्थाका साथसाथै दिगो विकास लक्ष्य र मानव अधिकारको विषयवस्तुलाई पनि साथसाथै विश्लेषण गर्ने प्रयोजनको लागि पनि अभिलेखिकरण गरिएको थियो ।

अभिलेखिकरण गरिएको १९५ वटा विषयवस्तुलाई सन्धिजनित तरिकाले हेर्दा : नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) १९६६ सँग सम्बन्धित ४६ वटा घटना, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ESCR) १९६६ सँग सम्बन्धित ८४ वटा घटना, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि (CERD), १९६५ सँग सम्बन्धित १ वटा घटना, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको

२ नेपालले अनुमोदन गरेको संयुक्त राष्ट्रसंघीय मानव अधिकार महासन्धिहरू : १) नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) १९६६, २) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ESCR) १९६६, ३) सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि (CERD), १९६५, ४) यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि (CAT) १९८४, ५) महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) १९७९, ६) बाल अधिकार महासन्धि (CRC) १९८९, ७) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (CRPD) २००६ ।

महासन्धि (CAT) १९८४ सँग सम्बन्धित ४ वटा घटना, महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) १९७९ सँग सम्बन्धित २५ वटा, बाल अधिकार महासन्धि (CRC) १९८९ सँग सम्बन्धित १६ वटा, आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICMW) १९९० सँग सम्बन्धित १ वटा रहेका छन् ।

कालिकोट जिल्लाबाट १४ वटा, जाजरकोट जिल्लाबाट १७ वटा, जुम्ला जिल्लाबाट ३२ वटा, डोल्पा जिल्लाबाट ५ वटा, दैलेख जिल्लाबाट १७ वटा, मुगु जिल्लाबाट १४ वटा, रुकुम पश्चिम जिल्लाबाट १४ वटा, सल्यान जिल्लाबाट २३ वटा, सुर्खेत जिल्लाबाट २५ वटा र हुम्ला जिल्लाबाट ३३ वटा घटना सम्बन्धि जानकारी अभिलेखिकरण गरिएको छ ।

**तालिका १७ : कार्यालयमा चालु रहेको उजुरीको सन्धिजनित तथ्याङ्क**

| मा.अ. महासन्धिको छोटो नाम | कर्णाली प्रदेश | कालिकोट | जाजरकोट | जुम्ला | डोल्पा | दैलेख | मुगु | रुकुम पश्चिम | सल्यान | सुर्खेत | हुम्ला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| CAT | | | १ | | १ | १ | | | | | १ | ४ |
| CEDAW | | ३ | ३ | ४ | १ | ५ | २ | ४ | ४ | ५ | १ | ३२ |
| CERD | | १ | | | | २ | | | | | | ३ |
| CRC | | ३ | | ३ | | २ | १ | | २ | ३ | २ | १६ |
| ICCPR | | २ | ६ | १० | | ६ | २ | ५ | ८ | १० | ६ | ५५ |
| ICESCR | १ | ५ | ७ | १४ | ३ | १ | ९ | ५ | ९ | ७ | २३ | ८४ |
| ICMW | | | | १ | | | | | | | | १ |
| **जम्मा** | १ | १४ | १७ | ३२ | ५ | १७ | १४ | १४ | २३ | २५ | ३३ | १९५ |

अभिलेखिकरण भएका कुल १९५ वटा घटना सम्बन्धी जानकारी कुल ३४ वटा विषयसित सम्बन्धित रहेका छन् । सातवटै महासन्धिसित सम्बन्धित विषयवस्तुलाई एकत्रित गरिएको छ । आप्रवासी कामदारहरूको अधिकार सम्बन्धी १ वटा, आवासको अधिकार सम्बन्धी ४ वटा, उपभोक्ताको अधिकार सम्बन्धी ६ वटा, कुरीति विरुद्धको अधिकार सम्बन्धी १ वटा, कृषि अधिकार सम्बन्धी १ वटा, खाध्य अधिकार सम्बन्धी ८ वटा, घरेलु हिंसा सम्बन्धी २ वटा, जातिय विभेद विरुद्धको अधिकार सम्बन्धी ३ वटा, थुनुवाको अधिकार सम्बन्धी १ वटा, दुर्व्यवार सम्बन्धी ४ वटा, निर्वाचन पुर्व मानव अधिकार अवस्था सम्बन्धी २ वटा, न्याय प्रशासन सम्बन्धि ५ वटा, पहिचानको अधिकार सम्बन्धी ५ वटा, पारिश्रमिक पाउने अधिकार सम्बन्धी १ वटा, प्राकृतिक विपद सम्बन्धी ६ वटा, बलत्कार सम्बन्धी २ वटा, बाच्न पाउने अधिकार सम्बन्धी २३ वटा, बाल अधिकार सम्बन्धी १२ वटा, बाल विवाह सम्बन्धी १ वटा, विकासको अधिकार सम्बन्धी ६ वटा, महिला अधिकार सम्बन्धी १० वटा, मानव वेचविखन विरुद्धको अधिकार सम्बन्धी ४ वटा, यौनजन्य दुर्व्यवहार सम्बन्धी १४ वटा, रोजगारीको अधिकार सम्बन्धी २ वटा, विद्युतिय सेवा पाउने अधिकार सम्बन्धी

१ वटा, व्यवसाय र मानव अधिकार सम्बन्धी १ वटा, शान्ति सुरक्षाको अधिकार सम्बन्धी १५ वटा, शिक्षाको अधिकार सम्बन्धी १५ वटा, सामाजिक सुरक्षाको अधिकार सम्बन्धी ३ वटा, सुचनाको अधिकार सम्बन्धी १ वटा, स्वच्छ खानेपानीको अधिकार सम्बन्ध : ११ वटा, स्वतन्त्र पत्रकारिताको अधिकार सम्बन्धी २ वटा र स्वास्थ्य अधिकार सम्बन्धी २२ वटा जानकारी रहेका छन् ।

कालिकोट जिल्लाबाट १४ वटा, जाजरकोट जिल्लाबाट १७ वटा, जुम्ला जिल्लाबाट ३२ वटा, डोल्पा जिल्लाबाट ५ वटा, दैलेख जिल्लाबाट १७ वटा, मुगु जिल्लाबाट १४ वटा, रुकुम पश्चिम जिल्लाबाट १४ वटा, सल्यान जिल्लाबाट २३ वटा, सुर्खेत जिल्लाबाट २५ वटा र हुम्ला जिल्लाबाट ३३ वटा घटना सम्बन्धी जानकारी अभिलेखिकरण गरिएको छ ।

**तालिका १८ : विषयगत आधारमा जिल्लागत मानव अधिकार घटना तथ्याङ्क ।**

| मानव अधिकार बिषय | कर्णाली प्रदेश | कालिकोट | जाजरकोट | जुम्ला | डोल्पा | दैलेख | मुगु | रुकुम पश्चिम | सल्यान | सुर्खेत | हुम्ला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आप्रवासी कामदारको अधिकार | | | | १ | | | | | | | | १ |
| आवासको अधिकार | | १ | | | | | | | | २ | १ | ४ |
| उपभोक्ताको अधिकार | | | | १ | | | | | | | ५ | ६ |
| कुरीति बिरुद्धको अधिकार | | १ | | | | | | | | | | १ |
| कृषि अधिकार | | | | | | | | | | १ | | १ |
| खाध्य अधिकार | | | | २ | | | २ | | | | ४ | ८ |
| घरुलु हिंसा | | २ | | | | | | | | | | २ |
| जातीय भिभेद बिरुद्धको अधिकार | | १ | | | | २ | | | | | | ३ |
| थुनुवाको अधिकार | | | | | | | | | १ | | | १ |
| दुर्व्यवहार | | | १ | | १ | १ | | | | | १ | ४ |
| निर्बाचन पूर्व अवस्था | | | | १ | | | | १ | | | | २ |
| न्याय प्रशासन | | | | १ | | २ | १ | १ | | | | ५ |
| पहिचानको अधिकार | | | | ३ | | | | | | | २ | ५ |
| पारिश्रमिक पाउने अधिकार | | | | | | | | | १ | | | १ |
| प्राकृतिक विपद | | १ | २ | २ | | | | | | १ | | ६ |
| बलात्कार | | | | | | | | | | | | २ |
| बाच्न पाउने अधिकार | | १ | ४ | १ | | ४ | | १ | ७ | ४ | १ | २३ |
| बाल अधिकार | | १ | | | | | | | | | | १ |

| मानव अधिकार बिषय | कर्णाली प्रदेश | कालिकोट | जाजरकोट | जुम्ला | डोल्पा | दैलेख | मुगु | रुकुम पश्चिम | सल्यान | सुर्खेत | हुम्ला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाल अधिकार | | १ | | ३ | | १ | | | १ | ३ | २ | ११ |
| बाल बिबाह | | | | | | १ | | | | | | १ |
| बिकाशको अधिकार | | | | | | | २ | | १ | | ३ | ६ |
| महिला अधिकार | | | १ | ३ | | २ | १ | १ | १ | १ | | १० |
| मानव बेचबिखन बिरुद्धको अधिकार | | | | | | १ | | | | ३ | | ४ |
| यौनजन्य दुर्व्यवहार | | | २ | १ | १ | २ | १ | ३ | २ | १ | १ | १४ |
| रोजगारीको अधिकार | | १ | | | | | | | | | १ | २ |
| विधुतीय सेवा पाउने अधिकार | | | १ | | | | | | | | | १ |
| व्यवसाय र मानव अधिकार | | | | | | | | | | | १ | १ |
| शान्ति सुरक्षाको अधिकार | | | २ | ४ | | | १ | २ | | ५ | १ | १५ |
| शिक्षाको अधिकार | १ | १ | १ | ३ | १ | १ | २ | | ४ | | १ | १५ |
| सामाजिक सुरक्षाको अधिकार | | | १ | १ | | | | | | | १ | ३ |
| सुचनाको अधिकार | | | | | | | | | | १ | | १ |
| स्वच्छ खानेपानीको अधिकार | | १ | | २ | | | | ३ | १ | १ | ३ | ११ |
| स्वतन्त्र पत्रकारिताको अधिकार | | १ | | | | | | | | | १ | २ |
| स्वास्थ्य अधिकार | | १ | २ | ३ | २ | | ४ | २ | २ | २ | ४ | २२ |
| **जम्मा** | १ | १४ | १७ | ३२ | ५ | १७ | १४ | १४ | २३ | २५ | ३३ | १९५ |

## ५.३ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) १९६६

मानव अधिकारको विकास नै स्वतन्त्रता (Liberty) को संघर्षबाट भएको छ । राज्यको शासन व्यवस्थाले नागरिकलाई गरेको थिचोमिचोको उपज नै हो मानव अधिकार । स्वतन्त्रताको अभावमा मानव जीवन नै प्राणहिन हुन जान्छ । मानव अधिकारको परिभाषा गर्दा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २(च) ले पनि नागरिक तथा राजनीतिक अधिकारको मुल्य मान्यतालाई नै आधार वनाएको देखिन्छ । व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित अधिकारलाई मानव अधिकार भनेर परिभाषित गरेको छ । जुन नेपालको संविधान, प्रचलित कानून र नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अर्न्राष्ट्रिय सन्धिमा निहित अधिकारलाई जनाउदछ भनि उक्त परिभाषामा उल्लेख गरिएको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६, नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्य मा नागरिक तथा राजनीतिक मानव अधिकारबारे उल्लेख गरिएको छ । सिद्धान्तत : मानिसका सम्पूर्ण अधिकार समान छन् । अन्तर सम्बन्धित छन् । तरपनि व्यक्तिको स्वतन्त्रता र समानतालाई विशेषरुपमा हेर्ने गरिन्छ । सम्मानपुर्वक बाच्न पाउने हक र स्वतन्त्रताको हकलाई प्रथम स्थान दिने गरिन्छ ।

यस महासन्धिसित सम्बन्धित घटना अभिलेखिकरण कुल ४६ वटा रहेको छ । कालिकोटबाट २ वटा, जाजरकोटबाट ६ वटा, जुम्लाबाट १० वटा, दैलेखबाट ६ वटा, मुगुबाट २ वटा रुकुम पश्चिमबाट ५ वटा, सल्यानबाट ८ वटा, सुर्खेतबाट १० वटा र हुम्लाबाट ६ वटा रहेको छ । थुनुवाको अधिकार शिर्षकमा १ वटा, निर्वाचन पुर्व अवस्था सम्बन्धी २ वटा, न्याय प्रशासन सम्बन्धी ५ वटा, पहिचानको अधिकार सम्बन्धी ५ वटा, बाच्न पाउने अधिकार (हत्या) सम्बन्धी २३ वटा, व्यवशाय र मानव अधिकार सम्बन्धी १ वटा, शान्ति सुरक्षाको अधिकार सम्बन्धी १५ वटा, सुचनाको अधिकार सम्बन्धी १ र स्वतन्त्र पत्रकारिता सम्बन्धित २ वटा जानकारी अभिलेखिकरण गरिएको छ ।

**तालिका १९ : नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी घटना तथ्याङ्क**

| क्र.सं. | मानव अधिकार महासन्धि र घटना विषय | घटना संख्या |
|---|---|---|
| | ICCPR | ५५ |
| १ | थुनुवाको अधिकार | १ |
| २ | निर्बाचन पूर्व अवस्था | २ |
| ३ | न्याय प्रशासन | ५ |
| ४ | पहिचानको अधिकार | ५ |
| ५ | बाच्न पाउने अधिकार-हत्या | २३ |
| ६ | व्यवसाय र मानव अधिकार | १ |
| ७ | शान्ति सुरक्षाको अधिकार | १५ |
| ८ | सुचनाको अधिकार | १ |
| ९ | स्वतन्त्र पत्रकारिताको अधिकार | २ |

### ५.३.१ बाच्न पाउने अधिकार

कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत अनुसार चालु आ.ब. २०७९ जेठ महिनासम्म कर्तव्य ज्यान शिर्षकमा ३९, विष खुवाएर शिर्षकमा १, ज्यान मार्ने उद्योग शिर्षकमा ५६, भवितब्य ज्यान शिर्षकमा १७९, फुटकर ज्यान शिर्षकमा ४७, सवारी ज्यान शिर्षकमा ७० गरी ३९१ मुद्दा दर्ता भएका छन् । ति घटना मानिसको ज्यान गएको घटनासित सम्बन्धित छन् । यी घटनाहरू मानव अधिकार उल्लघंनको दायराभित्र पर्ने घटना नभई कानूनी अधिकार अर्थात कानूनको उल्लघंन गरी भएका घटना भएका हुनाले कानूनी नजरमा अपराध हो । कानूनको उल्लघंन गरी अपराधको दायराभित्र पर्ने भएता पनि मानिसको ज्यान जाने कुराले अन्ततः मानिसको बाच्न पाउने अधिकारलाई कुण्ठित पारेको छ ।

कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेतको तथ्याङ्क अनुसार विष खाएर शिर्षकमा ४९, आगो लगाएर शिर्षकमा १, भुण्डिएर शिर्षकमा २०६, हातहितयार औजारबाट १, पानीमा हाम फालेर डुबेर ३ र सवारी ज्यानमा ७० गरी कुल मुद्दा दर्ता संख्या २६० रहेको छ । यस तथ्याङ्कले आफनै कर्तव्यबाट २६० जना व्यक्तिले आफु बाच्न पाउने अधिकार आफैले समाप्त गरेको देखिन्छ । एघार महिनाको दौरानमा आफनै कर्तव्यबाट २६० जना कर्णाली प्रदेशमा मरेको घटना मानव अधिकारको दृष्टिकोणले सोधको विषय वन्दछ । के कति कारणले आत्म हत्या गरेका हुन । उनिहरूको समस्या राज्य, परिवार वा कसले संरक्षण गर्न नसकेको हो ? आत्महत्या दिनप्रतिदिन बढनुका कारण के हुन् ? यसको कारण पत्ता लगाई निदान तर्फ राज्यको भूमिका अगाडी बढनु पर्दछ ।

**तालिका २० : चालु आ.ब. २०७९ जेठ मसान्तसम्म दर्ता भएका मुद्दा संख्या**

| क्र.सं. | मुद्दा शिर्षक | संख्या |
|---|---|---|
| १ | कर्तव्य ज्यान | ३९ |
| २ | विष खुवाएर | १ |
| ३ | ज्यान मार्ने उद्योग | ५६ |
| ४ | भवितव्य ज्यान | १७९ |
| ५ | फुटकर ज्यान | ४७ |
| ६ | बिष खाएर | ४९ |
| ७ | आगो लगाएर | १ |
| ८ | भुण्डिएर | २०६ |
| ९ | हातहितयार औजार | १ |
| १० | पानीमा हाम फालेर डुबेर | ३ |
| ११ | सवारी ज्यान | ७० |
| १२ | जम्मा संख्या | ६५१ |

***स्रोत : कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत***

कर्णाली प्रदेश प्रहरीको मुद्दा दर्ता तथ्याङ्क अनुसार अर्काको कर्तव्यबाट ज्यान गुमाउने व्यक्तिको संख्या ३९१ रहेको छ भने आपनै कर्तव्यबाट ज्यान गुमाउनेको संख्या २६० रहेको छ । यस आर्थिक बर्षमा २०७९ जेठ महिनासम्म ११ महिनाको अवधिमा कुल ६५१ व्यक्तिको ज्यान गएको देखिन्छ । ज्यान गुमाएका ६५१ लाई शतप्रतिशत मान्दा अर्काको कर्तव्यबाट ज्यान गुमाउने व्यक्ति ६० प्रतिशत छन् भने आफनै कर्तव्यबाट ज्यान गुमाउने व्यक्ति ४० प्रतिशत देखिन्छ । अर्काको कर्तव्यबाट ज्यान गुमाउनेको हकमा कानून बमोजिम अनुसन्धान हुने र सम्बन्धित निकायबाट न्याय तथा क्षतिपुर्ति प्राप्त गर्ने हुन्छन् । तर आफनै कर्तव्यबाट ज्यान गुमाउने व्यक्ति र तिनका परिवारले केही पनि पाउने हुदैनन् । ति व्यक्तिहरू के कति कारणले आफनो ज्यान हरण गर्ने कुराको कारकतत्व आफै बनेका हुन त्यसको शोध हुनु जरुरी देखिन्छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकासित सन् २०२२ को मानव अधिकार बर्ष पुस्तक अनुसार[३] हत्या शिर्षकमा कर्णाली प्रदेशमा ३४ जनाको हत्या भएको देखिन्छ । ति ३४ मध्ये राज्य पक्षबाट पीडित भएका १ जना र अन्य पक्षबाट पीडित भएका ३३ जना रहेका छन् ।

कालिकोट जिल्ला तिलागुफा नगरपालिका वडा नं. ३ बस्ने कृष्ण हमाल मिति २०७८ फाल्गुण २० गते साझ नेपालगञ्जबाट ट्रकमा खुद्रा सामान लोड गरी सुर्खेत फर्कने क्रममा सुर्खेत जिल्ला बिरेन्द्रनगर नगरपालिका वडा नं ११ सुव्वाकुना आएको समयमा गाडी रोकी चौकीमा ईन्ट्री गर्न गएको बेला ईन्ट्री पोष्टमा ड्यूटीमा रहेका प्रहरी सहायक निरिक्षक शेर सिंह धामीले यातना दिएको र सोही चोटका कारण मृत्यू भएको विषयमा यस कार्यालयमा उजुरी प्राप्त भएको हुनाले सो उपर अनुसन्धान कार्य जारी रहेको छ ।

## ५.३.२ शान्ति सुरक्षाको अधिकार

शान्ति सुरक्षाको व्यवस्था मिलाउने जिम्मेवारी सम्बन्धित जिल्ला प्रशासन कार्यालयको हो । शान्ति सुरक्षाको अभावमा मानव अधिकारको उपभोग गर्न सकिदैन । त्यसैले मानव अधिकार उपभोगको वातावरण निर्माणका लागि शान्ति सुरक्षा अत्यावाश्यक तत्व हो । कर्णाली प्रदेशका सबै जिल्लामा छिटफुट घटना बाहेक शान्ति सुरक्षाको अवस्था सामान्य नै रहेको पाइयो ।

यस विषयमा कुल १५ वटा घटनाका समाचार अभिलेखिकरण भएको छ । जाजरकोट, जुम्ला, मुगु, सुर्खेत र हुम्ला जिल्लाबाट रहेको छ । जाजरकोटबाट २, जुम्लाबाट ४, मुगुबाट १, रुकुम पशिचमबाट २, सुर्खेतबाट ५ र हुम्लाबाट १ वटा रहेको छ । हुम्लामा समाचार लेखेको विषयलाई लिई धम्कि दिएको विषय रहेको छ । नेपाल टेलिभिजन र नयाँ पत्रिका दैनिकको हुम्ला संवाददाता नरजन तामाङलाई धम्कि आएको समाचार प्रकासित भएको थियो ।[४] सुर्खेतमा तरुण दलका वडा उपाध्यक्ष माथि खुँडा प्रहार भएको, विरेन्द्रनगर स्थित बुलबुले उद्यान गेटमा फेला परेको बम नेपाली सेनाले निष्क्रिय पारेको छ । अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशसन (एमसिसी) सम्झौता विरुद्धको आन्दोलन उग्र बनेपछि विरेन्द्रनगरमा जिल्ला प्रशासन कार्यालय, सर्खेतद्वारा निषेधाज्ञा जारी गरिएको थियो । केही क्षेत्रमा निषेधित क्षेत्र घोषणा गरिएको थियो । त्यस्तै सुर्खेतको सिम्ता गापा वडा नं. ६ बादेपिपलमा नेकपा एमाले र नेपाली काडग्रेसका कार्यकर्ताविच झडप भएको यिो । प्रहरीले अवस्था नियन्त्रणमा लिएको थियो ।

रुकुम पश्चिम जिल्ला आठवीसकोट नपा वडा नं. ३ स्यालाखदिका बस्ने बर्ष २३ को कर्णवहादुर बोहरा देवकोटालाई नेकपा (माओवादी केन्द्र) का कार्यकर्ताले खुकुरी प्रहरी गरेको समाचार सार्वजनिक भएको थियो ।[५] त्यस्तै ऐ. नपाको वडा नं. ९ राडी बस्ने बर्ष ३६ को रवि चन्दलाई धारिलो हतियार प्रयोग गरी घाइते बनाएको समाचार प्रकाशमा आएको थियो ।[६]

## ५.३.३ न्याय प्रशासन

न्याय प्रशासन सम्बन्धमा ५ वटा घटनाको जानकारी अभिलेखिकरण गरिएको छ । दैलखबाट २, रुकुम पश्चिमबाट १, जुम्लाबाट १ र मुगबाट १ वटा रहेको छ । २६ वर्षीया महिलालाई बलात्कार गरेको कसुरमा

३ मानव अधिकारसँग सम्बन्धित संवैधानिक व्यवस्था र कानूनहरू, २०७५ (मौलिक हक समेत) प्रकाशक राष्ट्रिय मानव अधिकार आयोग, प्रकाशन नं. २३८/२०७५ पृष्ठ १७ फुटनोट ।

४ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकासित सन् २०२२ को मानव अधिकार बर्ष पुस्तक परिशिष्ट ८ कर्णाली प्रदेश : घटनाको प्रकार अनुसार पीडित संख्या

५ https://inseconline.org/np/news

६ https://inseconline.org/np/news/

दुल्लु नगरपालिका-२ नाउलेकटुवालका २८ वर्षीय ठकेन्द्र थापालाई दैलेख जिल्ला अदालतले असोज २० गते सात वर्ष कैद र १ लाख रूपैयाँ पीडितलाई क्षतिपूर्ति दिनुपर्ने फैसला गरेको छ । जिल्ला न्यायाधीश दण्डपाणी लामिछानेको इजलासबाट थापालाई सात वर्ष कैद र १ लाख रूपियाँ क्षतिपूर्तिको अलवा नेपाल सरकारको पीडित राहत कोषमा १ हजार ३ सय रूपियाँ तिर्नपर्ने फैसला भएको थियो ।[७] कालिकोट जिल्ला खाँडाचक्र नपा वडा नं. ६ दाहा बस्ने बर्ष १६ को बालिका निरु विकको हत्या भएको घटना विषयमा दोषी पत्ता नलागेको समाचार प्रकाशमा आएको थियो ।[८]

### ५.३.४ स्थानीय निर्वाचन २०७९ र मानव अधिकार

स्थानीय तह सदस्य निर्वाचन २०७९ बैशाख ३० गते सम्पन्न भएको थियो । मनोनयनका दिन, मतदान पुर्व, मतदानका दिन र मतदान पश्चात तीनै चरणमा अनुगमन गरिएको थियो । स्थानहरूमा निर्वाचन आयोगले निर्वाचन सम्बन्धमा तोकेको कार्यक्रम अनुसार मनोनयनका दिन उम्मेदवारी दिने कार्य शान्तिपुर्ण वातावरणमा भएको, मतदान पुर्व शान्तिपुर्ण, स्वतन्त्र वातावरणमा उम्मेदवारहरूले मत माग्ने, प्रचारप्रसार गर्न पाएका, मतदानका दिन मतदाताहरू सोही वातावरणमा स्वस्फुर्तढंगले मतदान स्थलमा गई मतदान गरेको पाइएको हुनाले मानव अधिकारको दृष्टिकोणले शान्तिपुर्ण र सुरक्षित वातावरणमा मतदान कार्य सम्पन्न भएको थियो । मतदानका दिन स्थगित भएको जुम्ला जिल्ला गुठिचौर गापा ३ शंकर माविको मतदान कार्य २०७९ जेठ १ शान्तिपुर्ण, सुरक्षित र धाधलिरहित वातावरणमा सम्पन्न भएको थियो ।

यस कार्यालयबाट स्थानिय तहको निर्वाचन अनुगमन कालिकोट, जुम्ला र मुगुमा भएको थियो । बाँकी जिल्लाहरूमा केन्द्रिय कार्यालयले प्रत्येक जिल्लामा न्यूनतम एक टोली खटाएको थियो ।

रुकुम पश्चिमको त्रिवेणी गाउँपालिकामा वडा-१ मा दुई उम्मेदवारका समर्थकबीच सोमबार राति खुकुरी हानाहान हुँदा ६ जना घाइते भएका थिए । गाउँपालिकाको-१ नम्बर वडामा माओवादी केन्द्रबाट वडा अध्यक्षका उम्मेदवार र स्वतन्त्रबाट वडा अध्यक्षमा उम्मेदवारी दिएका सुन्दर ओलीका समर्थकबीच झडप भई ६ जना घाइते भएको जिल्ला प्रहरी कार्यालयका डीएसपी विष्णुप्रसाद सोतीले बताए थिए ।[९]

### ५.३.५ पहिचानको अधिकार

हुम्ला जिल्ला नाम्खा गाउँपालिका वडा नं. ६ लिमी बस्ने यङ्छो बुटी तामाङ २०७८ भदौ दोस्रो साता चार दिन लगाएर हुम्ला सदरमुकाम सिमकोट पुगिन । नागरिकता बनाउनैका लागि जिल्ला सदरमुकाम आएकी उनी घर भने तीन दिन हिंडेर पुगिन । 'उताबाट आउँदा चार दिन हिंड्नुपर्ने बाध्यता छ । यहाँबाट गाउँ जाँदा भने तीन दिनमा पुगिन्छ । नागरिकता लिन एक साता पैदल हिंडेकी तामाङको १० हजार रुपैयाँ पनि खर्च भयो ।[१०] हुम्ला जिल्ला सिमकोट गाउँपालिका वडा नं. ५ बस्ने बर्ष २६ की बविता बोहराले विवाह भएको १२ वर्ष वितिसक्दा २९ वर्षीय पति रवि रोकायाले नागरिकता बनाउन सहयोग नगरेको भन्दै पीडितले जिल्ला प्रशासन कार्यालय, हुम्लामा उजुरी दिनु भएको छ ।[११]

७ https://inseconline.org/np/news/ बलात्कार कसुरमा ७ वर्ष -10/

८ https://annapurnapost.com//news/189042

९ https://www.onlinekhabar.com/2022/05/1120061

१० https://ekantipur.com/news/2021/09/19/163197553780351465.html

११ https://inseconline.org/np/news/विवाह गरेको सात वर्ष सम्मा-न/

चन्दननाथ नगरपालिका वडा नं. ४ स्थित बौद्ध गुम्बामा बस्दै आएकी ८३ वर्षीया सांगे फुटीकसँग नागरिकता नहुँदा सामाजिक सुरक्षा भत्ताबाट बञ्चित हुनुभएको छ । फुटीकका दाजुभाइले पनि नागरिकता बनाउन पहल नगरेपछि बुढेसकालको सहारा बन्दै आएको सामाजिक सुरक्षा भत्ता समेत नपाएको लामाको भनाइ छ ।[१२]

कनकासुन्दरी गाउँपालिका वडा नं. १ रिया बस्ने बर्ष ३२ को कमला बुढा (कठायत) नागरिकता नहुँदा सामाजिक सेवाबाट बञ्चित हुनुभएको छ । जन्म घर पातारासी गाउँपालिका-७ पटमारा भएको बताउँदै उहाँले कनकासुन्दरी गाउँपालिका-१ रियागाउँका ३५ वर्षीय पति टेक बुढाले नागरिकता र विवाह दर्ता नबनाइदिएको गुनासो गर्नु भयो । अहिले १६ वर्षकी छोरी र १२ वर्षको छोरा छन् तर अहिलेसम्म पतिले नागरिकता र विवाह दर्ता नगरी दिएपछि सार्वजनिक सेवाबाट बञ्चित भएका छौं । नागरिकता नहुँदा अहिलेसम्म मतदाता नामावली बनाउन नपाएको उहाँको भनाइ छ ।[१३]

### ५.३.६ व्यवशाय र मानव अधिकार
हुम्लाको सदरमुकाम सिमकोटदेखि आसपास क्षेत्रका गाउँसम्म सञ्चालन हुँदै आएका सार्वजनिक सवारीले मनपरी भाडा लिने गरेको छ। सिमकोटदेखि खार्पुसम्म जम्मा ११ किलोमिटर दूरीमा यहाँका जीप तथा बोलेरो जीप चालकले रू.५०० सम्म भाडा लिन थालेको स्थानीयवासी कुम्मेर हमालले गुनासो गरे ।[१४]

### ५.३.७ कैदी वन्दीको अधिकार
अपराध अनुसन्धानको सिलसिलामा थुना वा हिरासतमा रहने वन्दी अर्थात थुनुवा र अदालतबाट फैसला भई अपराधि ठहरिएका कैदीहरू बस्ने कारागार पनि सुरक्षित हुनु पर्दछ। गैरकानूनी कार्य गरी कानूनी शासनको अवमुल्यन गर्ने, अरुको अधिकारमा दखखल अन्दाज गर्ने, समाजमा भय सृजना गर्ने, शान्ति सुरक्षामा खलल पुऱ्याउनेलाई कानून बमोजिम कारवाही गर्न पाउने अधिकार राज्यले प्राप्त गर्दछ। अनुसन्धान, अभियोजन वा कैद भुक्तान गर्ने सिलसिलामा हिरासत वा कारागारमा रहने कैदीवन्दीहरूको मानव अधिकार संरक्षणका लागि राज्य संवेदनशिल हुनुपर्दछ । कर्णाली प्रदेशको सबै जिल्लामा कारागार तथा हिरासत रहेको छ । कारागार व्यवस्थापन विभागको वेभसाइट (dopm.gov.np) मा रहेको सुचना २०७८ आषाढ महिनामा अवलोकन गर्दा कर्णालीका दश जिल्लामा रहेका कारागारहरूको कूल क्षमता २६५ रहेको छ ।

**तालिका २१ : कारागार क्षमता र कैदीवन्दी संख्या**

| क्र.सं. | जिल्ला | क्षमता | कैदी | | बन्दी/थुनुवा | | जम्मा | | कुल जम्मा | आश्रित | विदेशी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | | | संख्या | राष्ट्रियता |
| १ | रुकुम पश्चिम | ३५ | ४२ | ७ | ६५ | १ | १०७ | ८ | ११५ | १ | ० | |
| २ | सल्यान | ३५ | ३९ | १२ | ६४ | ११ | १०३ | २३ | १२६ | ३ | ० | |
| ३ | डोल्पा | २० | १६ | ० | ६ | ० | २२ | ० | २२ | ० | ० | |
| ४ | जुम्ला | २५० | ५२ | २ | ४९ | ० | १०१ | २ | १०३ | ० | ० | |

१२ https://inseconline.org/np/news/नागरिकता-नहुँदा-सामाजिक-/

१३ https://inseconline.org/np/news/नागरिकता-नहुँदा-सार्वजन-2/

१४ https://www.ratopati.com/story/195476/2021/8/20/vehicle

| क्र. सं. | जिल्ला | क्षमता | कैदी | | बन्दी/थुनुवा | | जम्मा | | कुल जम्मा | आश्रित | विदेशी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | | | संख्या | राष्ट्रियता |
| ५ | मुगु | २५ | | | | | | | | | | |
| ६ | हुम्ला | २० | | | | | | | | | | |
| ७ | कालिकोट | २५ | २२ | २ | २० | २ | ४२ | ४ | ४६ | २ | ० | |
| ८ | जाजरकोट | २० | ३४ | ० | १९ | ० | ५३ | ० | ५३ | ० | ० | |
| ९ | दैलेख | २५ | ९२ | १७ | ३६ | ७ | १२८ | २४ | १५२ | २ | ० | |
| १० | सुर्खेत | ५० | २६० | ३४ | ७० | ९ | ३३० | ४३ | ३७३ | ९ | १ | भारतिय |
| | | ५०५ | **५५७** | **७४** | **३२९** | **३०** | **९९०** | **८८६** | **१०४** | **१७** | **१** | |

***स्रोतः कारागार व्यवस्थापन विभाग (dopm.gov.np) र २०७९ जेठ महिनाको मास्केवारी***

कारागार व्यवस्थापन विभागको वेभसाइटमा राखिएको सुचना अनुसार कर्णाली प्रदेशको दश वटै जिल्लामा कारागार रहेको देखिएतापनि आयोगको अनुगमनबाट आठ जिल्लामा मात्र कारागार कार्यालय रहेको छ । हुम्ला र मुगु जिल्लामा कारागार भवन निर्माणाधिन अवस्थामा रहेकोले हाल ति जिल्लाहरूमा कैदीवन्दी कारागारमा राख्ने गरिएको छैन । राख्नुपर्ने अवस्था आए स्थानान्तरण नभएसम्मका लागि जिल्ला प्रहरी कार्यालयको हिरासतमा राख्ने गरिएको छ । ति दुई जिल्लाहरूमा कारागार नरहे तापनि कर्मचारीको व्यवस्थापन गरिएको पाइएको छ । कारागार व्यवस्थापन विभागको तथ्यांकमा जुम्ला कारागारको क्षमता १० उल्लेखभएतापनि अनुगमनबाट २५० क्षमता रहेको पाइएको छ। यस तथ्याङ्कलाई आधार वनाई हेर्दा कर्णाली प्रदेशमा रहेका समग्र कारागारको कुल क्षमता ५०५ रहेको देखिन्छ।

कर्णाली प्रदेशको १० जिल्लाका कारागार मध्ये मुगु र हुम्ला जिल्लाको कारागारमा कैदी वन्दी राखिएको छैन। ति दुई वाहेक ८ जिल्लाको कारागारको क्षमता ४६० रहेको छ। कारागार क्षमता अनुसार ४६० को ठाँउमा कारागार विभागको २०७९ जेठ महिनाको मास्के फाटवारी अनुसार ९९० जना कैदी बन्दी रहेका छन्। जुन कारागार क्षमता भन्दा दोब्बर संख्या हो।

कारागार नभएका जिल्लाहरूमा कैदीबन्दीहरूलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा नै राख्नुपर्ने बाध्यता रहेको छ। मुगु जिल्लामा निर्माणाधिन अवस्थामा रहेको कारागार सात/आठ बर्ष अघि नै हालको अवस्थासम्म निर्माण भएपनि तत्पश्चात निर्माण कार्य ओझेलमा परेको छ । पुर्ण रुपमा निर्माण कार्य सम्पन्न नभएको हुनाले हालसम्म संचालनमा आउन सकेको छैन । अधिकाशं कारागारको भौतिक अवस्था जिर्ण रहेको छ। पुरानै भौतिक पुर्वाधारमा कैदीवन्दी राख्नुपर्ने बाध्यता रहेको छ । कर्णालीको लगभग अधिकांश जिल्ला बर्षको अधिकाशं महिना चिसोबाट प्रभावित हुनेहुनाले कैदीवन्दीहरूको वसाई चिसोको कारणले त्यति सहज देखिएको छैन । त्यसैमा महिला कैदीबन्दीको अवस्था झन नाजुक रहेको छ। महिला ब्लकतिरको भौतिक पुर्वाधार देखि अन्य व्यवस्थापन समेत दुर्बल प्रकृतिको नै रहेको पाइएको छ। चिसो मौसममा घाम नलाग्ने कारणले जिउँमा मट्टितेल घसेर ज्यान वचाउनुपर्ने बाध्यता रहेको पीडा महिला कैदीवन्दीले अनुगमन टोली समक्ष वताएका थिए ।

जिल्ला कारागार सल्यानका कैदीबन्दीले मानव अधिकारको प्रत्याभूति गर्न नपाएको गुनासो गरेका छन् । कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ता ध्रुवकुमार श्रेष्ठको नेतृत्वमा फागुन २५ गते गरिएको कारागार अनुगमनको क्रममा कैदीबन्दीले यस्तो गुनासो गरेको हुन् । ३५ जना क्षमता रहेको कारागारमा अहिले १ सय ११ जना कोचिएर बस्नु पर्ने बाध्यता रहेको छ । इन्सेक प्रतिनिधि सल्यान तथा पत्रकारहरूको समेत सहभागिता रहेको अनुगमनका क्रममा कैदीबन्दीले कारागारमा खानेपानी, शौचालय, सरसफाई र सुत्नलाई समस्या हुने गरेको बताए । अनुगमन टोलीसँग कुरा गर्दै कैदी रामबहादुर दमाइले कारागारमा ठाउँ साँघुरो भएकाले बाहिर सुत्ने गरेको बताउनु भयो ।[१५]

यस कार्यालयको टोलीले डोल्पा जिल्लाका जिल्ला कारागार कार्यालय दुनै डोल्पाको अनुगमन गरेको थियो । कारागारको दरवन्दी नायबसुब्बा १, खरदार १, अहेव १, का.स. ४ गरी ७ जनाको दरवन्दी रहेकोमा हाल नायबसुब्बा १ र का.स. ४ गरी ५ जना कार्यरत रहेका छन । नायबसुव्वा देवराज आरसिको कारागारका साथै जिल्ला प्रशासन कार्यालयमा पनि जिम्मेवारी रहेको छ । सुरक्षा व्यवस्था तर्फ असई महेश महराको कमाण्डिगंमा हवल्दार २ र प्रहरी जवान १६ र का.स. १ गरी २० जना कार्यरत रहेका छन् ।

कैदीवन्दी तर्फ महिला कैदी वन्दी नरहेको । पुरुष कैदीवन्दी तर्फ २६ जना रहेका छन् । त्यसमा १८ जना कैदी र ८ जना वन्दी रहेका छन । कारागार संचालन रहेको भवन नया भवन हो । दुई बर्ष देखि संचालनमा रहेको छ । पुरुष ब्लक र महिला ब्लक छुट्टाछुट्टै रहेको छ । महिला कैदीवन्दी नरहेको हुनाले महिला ब्लकमा कारागार प्रशासन कार्यालय संचालनमा रहेको छ । कारागार प्रागंणमा कारागार संचालन रहेका भन्दा पृथक दुई नयाँ भवन पनि रहेका छन् । तर उक्त भवन सडक डिभिजनले हस्तान्तरण गरिसकेको छैन । जसले गर्दा औपचारिक ढंगले कामकारवाही अगाडी बढाउन सकिएको छैन । ति दुई भवन मध्ये एक कारागार प्रशासन र एक सुरक्षा प्रशासनको लागि रहेको जेलरले वताएका थिए ।

हाल पुरुष ब्लकमा कैदीवन्दीलाई आवश्यक पर्ने पानी भण्डारण गर्ने व्यवस्थापन हुननसकेको । डेढ लाख लि. पानी भण्डारण गर्नका लागि इस्मिेट गरी पठाइएको छ तर हालसम्म स्विकृत भई आएको छैन । ढल निकासको समस्या रहेको छ । आकाशे पानी परेपछि उक्त पानी वाहिर वगेरजाने उपयुक्त निकास वनाइएको छैन । जसले गर्दा कैदीवन्दी बस्ने कोठामा पस्न सक्ने सम्भावना रहन्छ । पानी धेरै जम्मा भए पछि कैदीवन्दीहरूले बाल्टी लगायत सामग्रीबाट फाल्ने गर्दछन् ।

कैदीबन्दीका लागि मनोरञ्जनका साधनहरूमा भित्र टिभि, भलिवल र पासाको व्यवस्था रहेको पाइयो । पुरुष ब्लकभित्र एक हलमा खेलकुद कार्य कैदीवन्दीले गर्दै आएको । उक्त हलमा एक ६४ इन्चको ठुलो टि.भि. रहेको । घरपरिवार आफन्तजनसित हप्ताको दुई दिन मंगलवार र शुक्रवार भेटन पाइदैन । बाँकी दिन भेटन पाइन्छ । खाट ओछयानको समस्या नरहेको । चार वटा कोठामा कैदीवन्दी बस्दै आएको । रुम २ मा ८ जना, रुम १ मा नाइके मात्र बस्ने गरेको, रुप ३ मा १३ जना बसेको, रुम ४ मा ३ जना बस्दै आएको । सबै कोठा एटैच टवाइलेट सहितको रहेको छ ।

नाइके १ जना, भाइनाइके ३ जना रहेका छन् । ३ वटा मेस रहेको छ । मेसको धुवा बाहिर निस्कने उपयुक्त व्यवस्था नभएको देखिएको जसले गर्दा खाना पकाउदाको धुवा आखामा लाग्ने, आखाको स्वास्थ्य समस्या

१५ https://inseconline.org/np/news/मानव-अधिकारको-प्रत्याभुत/

सृजना गरेको कैदीवन्दीले वताएका थिए । पुरुष ब्लकमा तातोपानीका लागि सोलार प्यानलको व्यवस्था रहेको पाइयो । एक सय लिटर क्षमताको रहेको जानकारी कैदीवन्दी र जेलरले बताएका थिए । कानून बमोजिम दैनिक ७०० ग्राम चामल र साठी रूपैयाँ रासन भत्ता उपलब्ध भइरहेको छ । यो २०७६ सालदेखि लागु भएको रासन भत्ता हो ।

कारागारमा अरुवा सोना मन्सुली चामल उलब्ध गराउने गरिएको छ । खाद्य कम्पनि र कारागार विभागसित भएको सम्झौता अनुसार उक्त चामल उपलब्ध गराइन्छ । दुनैको हकमा दुनैस्थित कारागारलाई आवश्यक पर्ने उक्त चामल यस शाखाले उपलब्ध गराउदछ । भुक्तानि कारागार कार्यालय दुनैले नै गर्ने गर्दछ । अरुवा सोना मन्सुली चामल सर्वसाधारणलाई ५३००। उपलब्ध गराइन्छ भने कारागारको लागि ११,८५१। मुल्य कायम गरिएको छ ।

### ५.३.८ स्वतन्त्र पत्रकारिताको आधार

नेपालको संविधानको धारा १९ मा सञ्चारको हकलाई मौलिक अधिकारको रूपमा पहिचान गरेको छ । विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै सामाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठय, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्त वा छाप्न पूर्व प्रतिबन्ध नलगाईने भनि व्यवस्था गरेको छ । त्यस्तै त्यस्ता सामग्री प्रसारण गरे वा छापे वापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन ।

स्वतन्त्र पत्रकारिता आफैमा एक कठिन कार्य हो । साथै यो कार्य गर्दा विभिन्न पक्षबाट सृजना हुनसक्ने खतराले थप समस्यामा पार्ने गर्दछ । अभिव्यक्ति स्वतन्त्रतामा काम गर्ने मानव अधिकार रक्षक तथा पत्रकारहरूको सुरक्षाको सवाललाई सम्बोधन गर्नका लागि आयोगले अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि सुरक्षा संयन्त्र गठन तथा कार्यविधि सम्बन्धी निर्देशिका, २०७५ जारी गरेको छ । साथै आवधिक रूपमा मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलन गर्दै आइरहेको छ । उक्त सम्मेलनले घोषणापत्र समेत जारी गर्दै आइरहेको छ ।

यस आर्थिक बर्षमा स्वतन्त्र पत्रकारितालाइ प्रभावित पार्ने खालका केही जानकारी प्राप्त भएको थियो । कालिकोट जिल्ला रास्कोट नपा-५ बस्ने रेडियो प्रदेश आवाज एफएममा कार्यरत ३५ वर्षीय पत्रकार रत्नबहादुर कार्कीलाई समाचारको विषय लिएर खाडाचक्र नपा-१ बस्ने नेकपा (माओवादी केन्द्र) कर्णाली प्रदेश सचिव ५३ वर्षीय धनजित शाहीले २०७८ चैत ५ गते टेलिफोनमार्फत मार्ने धम्की दिएको पीडित पक्षको आरोप छ । आरोपित शाहीले पार्टीलाई हानी हुने गरी रेडियोमा समाचार प्रसारण गरेको भन्दै फोनमार्फत मार्ने तथा रेडियो तोडफोड गर्ने धम्की दिएको पीडित कार्कीको आरोप छ ।[१६]

आफ्ना नेताको बारेमा समाचार लेखेको भन्दै नेकपा माओवादी केन्द्रका कार्यकर्ताले पत्रकार नरजन तामाङलाई धम्की दिएका छन् । टिकट वितरणको विषयमा विवाद हुँदा माओवादी केन्द्र कर्णाली प्रदेशका सहसचिव

१६ https://inseconline.org/np/news/समाचारको-विषयलाई-लिएर-पत-6/

लालकेश जैशी कुटिएको विषयमा समाचार लेखेको भन्दै नयाँ पत्रिका दैनिकका हुम्ला सम्वाददाता नरजन तामाङलाई माओवादी कार्यकर्ताले ज्यान मार्ने धम्की दिएका हुन् ।[१७]

सुचनाको अभावमा कर्णाली प्रदेश सरकारले कार्यान्वयनमा ल्याएका बैङ्क खाता छोरीको, सुरक्षा जीवनभरीको नीतिको लाभ गरीव, अशिक्षित, दलित र पिछडिएको वर्गले लिन नसकेको देखिन्छ । सुर्खेत लेकवेशी नगरपालिका-४ कागतेस्थित रितु सुनारको कोखबाट गत वर्षको पुस पहिलो साता छोरीको जन्म भयो । उहाँले छोरीको जीवन बीमा निजी बीमा कम्पनीबाट गरेपनि अन्य कुनै सरकारी कार्यक्रममा आबद्ध हुन भएको छैन । बैङ्कमा खाता खोलेर सरकारले पैसा बचत गर्ने कुरा कसैले भनेको भए पो थाहा हुनु ? कसैले भनेकै छैन । त्यस्तै भेरीगङ्गा नगरपालिका-१३ साँधिखोलास्थित २३ घरपरिवार रहेको दलित समुदाय छ । उक्त समुदायको अवस्था पनि लेकवेशीस्थित रितुको जस्तै छ । साँधिखोलाका लालवीर दमाईलाई पनि प्रदेश सरकारले सञ्चालनमा ल्याएको बैङ्क खाता छोरीको, सुरक्षा जीवनभरीको कार्यक्रम बारे जानकारी नै छैन ।[१८]

## ५.४ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ESCR) १९६६

मानव अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धिहरूको प्रमुख दुई स्तम्भ मध्ये एक स्तम्भ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार हो । संयुक्त राष्ट्र संघले मानव अधिकारसम्बन्धी दस्तावेज निर्माण गर्ने दौरानमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ पारित गरेको हो । नेपाल यसको पक्ष राष्ट्र बनिसकेको छ । नागरिक तथा राजनीतिक अधिकार वाहेकका सम्पूर्ण अधिकार यस महासन्धि अन्तर्गत पर्दछन् । व्यक्तिको खाद्यान्न, स्वास्थ्य, शिक्षा, आवास र रोजगारी लगायतका अधिकार यसभित्र पर्दछन् । नेपालको संविधानको भाग ३ धारा १६ देखि ४८ सम्ममा मौलिक हक अन्तर्गत ३१ वटा हक र १ वटा कर्तव्यको व्यवस्था गरेको छ । ३१ वटा मौलिक हक मध्ये १९ वटा हक आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसित सम्बन्धित छन् । १. छुवाछुत तथा भेदभाव विरुद्धको हक, २.सम्पतिको हक, ३.धार्मिक स्वतन्त्रताको हक, ४. शोषण विरुद्धको हक, ५. स्वच्छ वातावरणको हक, ६. शिक्षा सम्बन्धी हक, ७. भाषा तथा संस्कृतिको हक, ८.रोजगारीको हक, ९.श्रमको हक, १०.स्वास्थ्य सम्बन्धी हक, ११.खाद्य सम्बन्धी हक, १२. आवासको हक, १३. महिलाको हक, १४. बालबालिको हक, १५. दलितको हक, १६. ज्येष्ठ नागरिकको हक, १७. सामाजिक न्यायको हक, १८. सामाजिक सुरक्षाको हक, १९.उपभोक्ताको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक हक सम्बन्धी व्यवस्थाको संरक्षण एव्म कार्यान्वयनका लागि संविधानको भाग ४ मा राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी व्यवस्था गरेको छ ।

कर्णाली प्रदेशको मानव अधिकारका विषयवस्तु मध्ये सबैभन्दा धेरै संकटमा परेको मानव अधिकार विषयवस्तु छन भने आर्थिक, सामाीजक तथा साँस्कृतिक अधिकार सम्बन्धी अधिकारहरू नै रहेका छन । यो प्रदेश प्राकृतिक सम्पदा र सुन्दरताले भरिपूर्ण छ । तर तिनै सम्पदा र सुन्दरताभित्र कठिनाई र चुनौति पनि भरिएका छन् । कर्णाली प्रदेशमा गरिबी ३९.८ प्रतिशत रहेको छ । प्राकृतिक सम्पदाले भरिएको तर विकासको दृष्टिकोणले पिछडिएको छ । सडक सञ्जाल कमजोर अवस्था रहेको छ । सञ्चार व्यवस्था प्रभावकारी छैन । सडकमा हुने यात्रा असुरक्षित रहेको छ । विजुली ब्यवस्था दयनिय रहेको छ । खाद्य सुरक्षा प्रभावकारी

---

१७ https://deshsanchar.com/2022/04/23/639417/

१८ https://inseconline.org/np/news/जानकारी-नहुँदा-बैंक-खाता/

रहेको छैन । आयातित खाद्य सामग्रीको भर पर्नुपर्ने अवस्था रहेको छ । स्थानीय उत्पादन अवस्था कमजोर रहेको छ । मानव अधिकारमुखी विकास पद्धति प्रभावकारी ढंगले लागु हुन सकेको छैन । कर्णाली राजमार्गको स्तरोन्नती हुन नसकेको छैन । नाग्मा गमगढी सडक निर्माण कार्य ओझेलमै परेको छ । दाङ रुकूम पश्चिम सडक अवस्था कमजोर रहेको छ । जसले गर्दा दुर्घटना बढदै गइरहेको छ । मध्यपहाडी राजमार्ग निर्माण कार्य अपेक्षाकृत ढंगले हुनसकेको छैन । आर्थिक बृद्धिदर न्युन रहेको छ । अशिक्षाको कारणले समाजमा धेरै अन्धविश्वास, कुप्रथा र कुसँस्कृतिहरू अझै विद्यमान रहेका छन् । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारभित्रका केही विषयवस्तुको अवस्थाबारे तल थोरै मात्रामा भएपनि उल्लेख गरिएको छ ।

यस महासन्धिसित सम्बन्धित ८४ वटा अभिलेखिकरण गरिएको छ । कालिकोटबाट ५ वटा, जाजरकोटबाट ७ वटा, जुम्लाबाट १४ वटा, डोल्पाबाट ३ वटा, दैलेखबाट १ वटा, मुगुबाट ९ वटा, रुकुम पश्चिमबाट ५ वटा, सल्यानबाट ९ वटा, सुर्खेतबाट ७ वटा, हुम्लाबाट २३ वटा रहेको छ । आवासको अधिकार विषयमा ३ वटा, उपभोक्ताको अधिकार विषयमा ६ वटा, कृषि अधिकार विषयमा १ वटा, खाद्यय अधिकार शिर्षकमा ८ वटा, पारिश्रमिक पाउने अधिकार शिर्षकमा १ वटा, प्राकृकित विपद शिर्षकमा ६ वटा, विकासको अधिकार शिर्षकमा ६ वटा रोजगारीको अधिकार शिर्षकमा २ वटा, विद्युतिय सेवा पाउने अधिकार शिर्षकमा १ र शिक्षाको अधिकार शिर्षकमा १४ वटा घटना जानकारी अभिलेखिकरण भएको छ ।

मानव अधिकार सम्बन्धी सात वटा महासन्धिसित सम्बन्धित घटनाहरू मध्ये सबै भन्दा धेरै घटना जानकारी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसित सम्बन्धित प्रतिज्ञापत्रसित सम्बन्धित छन् । राज्यको साधनस्रोत अनुसार पुरा गर्दै जाने प्रकृतिको यो घटना सम्बन्धी विषयवस्तुहरू प्रायः कुनै निकायमा दावीयोग्य नहुने भएको हुनाले यस सम्बन्धी औपचारिक तथ्याङ्क कहि पाइदैन । मिडियामा प्रकासित समाचारलाई नै आधार बनाई यस प्रतिज्ञापत्रसित सम्बन्धित अधिकारहरूको अवस्थाको मापन एवम् विश्लेष गर्नुपर्ने हुन्छ । कर्णाली प्रदेश प्राकृतिक हिसाले भरिपुर्ण रहेपनि गरीवि, अशिक्षा, अविकास, भेदभाव, छुवाछुत इत्यादी सामाजिक तथा आर्थिक अधिकराको दृष्टिकोणले दलिएको अवस्थामा छ ।

**तालिका २२ : आर्थिक, सामाजिक तथा साँस्कृतिका अधिकार सम्बन्धी घटना तथ्याङ्क**

| क्र.सं. | मानव अधिकार महासन्धि र घटना विषय | घटना संख्या |
|---|---|---|
| | **ICESCR** | ८४ |
| १ | आवासको अधिकार | ३ |
| २ | उपभोक्ताको अधिकार | ६ |
| ३ | कृषि अधिकार | १ |
| ४ | खाध्य अधिकार | ८ |
| ५ | पारिश्रमिक पाउने अधिकार | १ |
| ६ | प्राकृतिक विपद | ६ |
| ७ | बिकाशको अधिकार | ६ |

| क्र.सं. | मानव अधिकार महासन्धि र घटना विषय | घटना संख्या |
|---|---|---|
| ८ | रोजगारीको अधिकार | २ |
| ९ | विधुतीय सेवा पाउने अधिकार | १ |
| १० | शिक्षाको अधिकार | १४ |
| ११ | सामाजिक सुरक्षाको अधिकार | ३ |
| १२ | स्वच्छ खानेपानीको अधिकार | ११ |
| १३ | स्वास्थ्य अधिकार | २२ |

### ५.४.१ शिक्षा अधिकार

नेपालको संविधान धारा ३१ ले शिक्षा सम्बन्धी हकलाई मौलिक अधिकारको रूपमा व्यवस्था गरेको छ । यस मौलिक हक अन्तर्गत आधारभूत शिक्षामा पहुँचको हक रहेको, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक रहेको, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपागंता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक रहेको, आफनो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक रहेको छ ।

उक्त मौलिक हक कार्यान्वयन गर्नका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ लागु रहेको छ । शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवं संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्न तथा शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिश्पर्धी एवं गुणस्तरयुक्त वनाउनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ मिति २०७५/६/२ देखि जारी भएको छ। यस ऐनले अनिवार्य शिक्षाको परिभाषा गरेको छ। अनिवार्य शिक्षा भन्नाले नेपाल सरकारद्वारा तोकिएको उमेर समूहका बालबालिकाहरूलाई विद्यालय वा अन्य वैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पूरा गर्ने बाध्यकारी व्यवस्थालाई सम्झनु पर्दछ। त्यस्तै आधारमूत शिक्षा भन्नाले कक्षा एकदेखि कक्षा आठसम्मको विद्यालयको शिक्षा सम्झनु पर्दछ। निःशुल्क शिक्षा भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क असूल नगरी दिईने शिक्षालाई सम्झनु पर्दछ।

कर्णालीमा बहुआयामिक गरिवी ५१.२ प्रतिशत रहेको छ । पाँच बर्ष माथिको जनसंख्या ६२.७७ प्रतिशत रहेको छ । १९ बर्षसम्मको बालबालिकाको जनसंख्या कर्णाली प्रदेशको कूल जनसंख्याको ५२.४९ प्रतिशत रहेको छ । माथिको तालिका अनुसार उक्त उमुर समहुका ५२.४९ प्रतिशतको पचास प्रतिशत भन्दा बढी बालबालिका अनिवार्य एवं निःशुल्क शिक्षा पाउने उमेर समूहका रहेका छन् ।

प्रदेशमा रहेको विजुली र सञ्चारको अवस्था, गरीवि, सोधनस्रोतको अभाव इत्यादीले गर्दा सम्भव हुन सकेन। जसले गर्दा विद्यार्थीहरू अध्ययन कार्यबाट पुर्णरुपमा प्रभावित भएको पाइयो । त्यस्तै भौगोलिक विकटताको कारणले कतिपय स्थानमा समयमै पाठ्यपुस्तकको उपलब्धता हुनपनि सकेन । कर्णाली प्रदेशमा ३४ प्रतिशत

नागरिक निरक्षर रहेको एक तथ्याङ्कले जनाएको छ । सामाजिक विकास मन्त्रालयका अनुसार ६६ प्रतिशत साक्षर रहेको कर्णालीमा ३४ प्रतिशत नागरिक साधारण लेखपढ गर्न जान्दैनन् ।

कोभिड-१९ को कारण लामो समय बन्द भएर साउन २१ गतेदेखि सञ्चालनमा आएका खत्याड गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा २०७८ असोज २० सम्म पाठ्यपुस्तक पुग्न सकेको छैन । कोभिड महामारीका कारण लामो समय विद्यालय बन्द हुँदा पढाइ प्रभावित भएको र हाल पाठ्यपुस्तक नहुँदा विद्यार्थीहरूको पढाइमा पुनः अवरोध भएको सरोकारवालाको गुनासो छ । गाउँपालिकाले समयमै पाठ्यपुस्तक नपुऱ्याउँदा आफ्नो विद्यालयका ४ सय विद्यार्थीहरूको पढाइमा बाधा भएको सर्वोदय माध्यामिक विद्यालयका प्रधानाध्यापक लोकेन्द्र कार्कीले इन्सेक प्रतिनिधिसँग बताएका थिए ।[१९]

जुम्ला जिल्ला तातोपानी गाउँपालिका-४ ठाँटाचौरस्थित नेत्रज्योती माध्यामिक विद्यालयमा बाढी पसेर बगरमा परिणत भएको छ । २०२० सालमा स्थापना भएको उक्त विद्यालयलाई २०७८ असोज ३१ साँझदेखि चार दिनसम्म आएको अविरल वर्षाको बाढीले बगरमा परिणत गरेको थियो । विद्यालयका प्रधानाध्यापक जाज्वल्याराज न्यौपानेले बाढीले विद्यालय बगाएपछि कक्षा एकदेखि बाह्रसम्मको पठन पाठन प्रभावित भएको बताउनुभयो । उहाँका अनुसार विद्यालयमा हाल ६ सय ५५ जना विद्यार्थी अध्ययनरत छन् ।[२०]

सिंजा गाउँपालिका नराकोटस्थित भैरव माध्यामिक विद्यालयमा अध्ययनरत कक्षा ११ र १२ का दृष्टि बिहिन विद्यार्थीका लागि ब्रेललिपी पाठ्यपुस्तक नहुँदा पठन पाठनमा समस्या भएको छ । कात्तिक तेस्रो सातासम्म पनि ब्रेललिपि पाठ्यपुस्तक नआएकोले पठन पाठनमा समस्या भएको कक्षा १२ मा अध्यनरत विद्यार्थी धर्मलाल प्याकुरेलले गुनासो गुर्नभयो ।

विद्यालय व्यवस्थापन समितिले स्थानीय बिदा गर्न पाउने अधिकार उपयोग गर्दै 'धेरै वर्ष अघिबाट लाग्दै आएको मेला लगाउनको लागि विद्यालयको प्राङ्गण दिने र विद्यालय बिदा दिने व्यवस्थापन समितिले दिने निर्णय गरेको रहेछ ।' जाजरकोटको पहिचानको रुपमा स्थापित पुस १५ को मेला स्थानीय उत्पादनसँग जोडिएको भएर विद्यार्थीले पाठ्यक्रम पढ्न नपाए पनि स्थानीय उत्पादनबारे सिक्ने अवसर पाउने पुनले जिकिर गरे ।[२१] हुम्लाको सदरमुकाम समेत रहेको सिमकोट गाउँपालिकाका १५ प्रतिशत दलित बालबालिका अझै विद्यालयको पहुँच बाहिर रहेका छन् । गाउँपालिकाको सहयोगमा गरिब तथा उपेक्षित कल्याण कार्यक्रमले हालै सार्वजनिक गरेको तथ्याङ्कमा दलित बालबालिका शिक्षाबाट वञ्चित रहेको पाइएको हो ।[२२]

## ५.४.२ स्वास्थ्य अधिकार

कर्णाली प्रदेशको साक्षरता दर ६३ प्रतिशत, गरिवीको दर ३९.८ प्रतिशत, मानव विकास सुचाकांक ०.४२६, पाँच बर्ष मुनिका बाल मृत्यु दर ५५, शिशु मृत्यु दर ४७, नवजात शिशु मृत्यु दर २९ रहेको पाइन्छ। यहाँका २४ प्रतिशत परिवार मात्र ३० मिनेट भित्र स्वास्थ्य संस्थामा पुग्न सक्छन र १५,००० जनसंख्याको लागि सरदर १ जना चिकित्सकको उपलब्धता रहको छ । ७७ प्रतिशत जनसंख्यामा मात्र सुरक्षित पिउने पानीको पहुँच रहेको छ । आधारभुत स्वास्थय सेवा र मानव अधिकारको विषयमा यस कार्यालयले अनुगमन गरेको

१९ https://inseconline.org/np/news/पाठ्यपुस्तक-दवि-नपुग्दा-

२० https://inseconline.org/np/news/विद्यालयमा-ठप-पस्दा-बाढी-

२१ https://www.onlinekhabar.com/2021/12/1058416

२२ https://ratopati.com/story/249316/2022/7/3/school

थियो । यस प्रदेशको छ जिल्लामा अनुगमन गर्दा प्राप्त तथ्यको आधारमा विस्तृत प्रतिवेदन केन्द्रिय कार्यालयमा सम्प्रेषण गरिएको छ । यस प्रतिवेदनमा आधारभुत स्वास्थ्य अधिकारको अनुगमन गर्दा प्राप्त तथ्यको आधारमा मानव अधिकार अवस्थाबारे संक्षिप्तमा उल्लेख गरिएको छ ।

**आधारभुत स्वास्थ्य सेवा**

"आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रूपमा निःशुल्क उपलब्ध हुने प्रबर्द्धात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थानात्मक सेवा सम्झनु पर्दछ।"

**जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३(४)**

संघ, प्रदेश र स्थानीय तहसित स्वास्थ्य सन्दर्भमा रहेको जिम्मेवारी निर्वाह तथा कार्यान्वयनका लागि संघका साथै प्रदेश र स्थानीय तहले स्वास्थ्य सम्बन्धी कानुननको निर्माण गर्नुपर्दछ । गत आ.ब.मा स्वास्थ्य अधिकार अवस्था सम्बन्धी अनुगमन गर्दा कर्णाली प्रदेश सरकारले स्वास्थ्य सम्बन्धी नीति, २०७६ लागु गरेतापनि स्वास्थ्य सम्बन्धि ऐन निर्माण गर्न सकेन । तर यस आ.ब.मा स्वास्थ्य सम्बन्धी ऐन, २०७८ मिति २०७८।१२।६ देखि लागु गरेको पाइयो । जुन सकारात्मक कुरा हो ।

अनुगमन गरिएकास्थानीय तहहरूले स्वास्थ्य सम्बन्धी ऐन निर्माण गरेतापनि केहीले अझैपनि निर्माण गर्न सकेका छैनन । यस अवस्थामा डोल्पाका स्थानीय तहहरू स्वास्थ्य सम्बन्धी ऐन नियावाली निर्माण निर्माण गर्ने कुरामा गम्भिर भएको देखिएन ।

कर्णाली प्रदेशमा प्रादेशिक अस्पताल, जिल्ला अस्पताल, आधारभुत स्वास्थ्य चौकि, आधारभुत अस्पतालको व्यवस्था भएपनि सर्वप्रथम ति संरचनामा स्विकृत दरवन्दी अनुसार विशेषज्ञ चिकित्सकहरूको स्थायी पदपुर्ति नभई न्युन पदपुर्ति मात्र भएको, आधी भन्दा धेरै स्वाथ्यकर्मीको दरवन्दी खाली रहेको, डोल्पा जिल्ला अस्पतालमा छात्रवृति करार सेवाका चिकित्सकबाट मात्र सेवा प्रदान हुदै आएको, स्वास्थ्य संस्थामा उपयुक्त साधनस्रोतको अभाव रहेको, स्थानीय तहहरूले समयमा स्वास्थ्य सामग्रीको व्यवस्थापन गर्न नसकेको कारणले उपलब्ध स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवामा नागरिकको पहुच निकै कमजोर रहेको देखियो । कर्णाली प्रदेशको स्वास्थ्य नीतिको दूरदृष्टि "प्रदेशवासीको पहुचमा सबल स्वास्थ्य प्रणाली : सचेत, स्वस्थ र सुखारी कर्णाली" अनुसार प्रदेशवासीको पहुचमा सबल स्वास्थ्य प्रणाली नभई दुर्वल स्वास्थ्य प्रणाली, सेवा र पहुच रहेको छ ।

कर्णाली प्रदेशको स्वास्थ्य संरचना र सेवा दुर्वल हुनुमा कर्णाली प्रदेश सरकार र स्थानीय सरकारहरूको कमिकमजोरी नै हो । त्यसको साथसाथै समाजमा जरो गाडी रहेका सामाजिक कुसस्कृतिहरू जस्तै बाल विवाह, वहुविवाह, जातिय भेदभाव, छाउप्रथा इत्यादी रहेका छन् । त्यस्तै भौगोलिक विकटता, गरिवी, अशिक्षा, खानेपानी तथा सरसफाइमा कमजोर व्यवस्थापन जस्ता विषय पनि महत्वपूर्ण कारकतत्वको रुपमा रहेका छन् ।

स्वास्थ्य अधिकार विषयमा २२ वटा जानकारी सँग्रहित रहेको छ । कालिकोट जिल्लाबाट १, जाजरकोट जिल्लाबाट २, जुम्लाबाट ३, डोल्पाबाट २, मुगुबाट ४, रुकुम पश्चिमबाट २, सल्यानबाट २, सुर्खेतबाट २ र हुम्लाबाट ४ वटा घटनाको जानकारी रहेको छ ।

**चार्ट ३ : स्वास्थय अधिकार सम्बन्धी जिल्लागत घटना ।**




सल्यान जिल्लामा स्वास्थ्यकर्मीको अभाव रहेको छ । छत्रेश्वरी गापा ४ लेखापोखरा स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा ३ बर्ष देखि डाक्टर नहुदा विरामी सदरमुकाम उपचार गराउन जान बाध्य भएका छन् ।[२३]

सुर्खेतका स्वास्थ्य संस्थाहरूमा औषधि अभाव हुन थालेको छ। यहाँका अधिकांश स्वास्थ्य चौकीमा पखालाका बिरामीलाई दिइने जिन चक्कीको अभाव भएको छ। ६ महिनायता जिन चक्कीको अभाव रहेको स्वास्थ्यकर्मीहरू बताउँछन् । स्वास्थ्य चौकी आउने बिरामी जिन चक्की नहुँदा चर्को मूल्य तिरेर निजी स्वास्थ्य संस्थामा उपचार गर्न बाध्य छन् । सुर्खेतको रामघाटस्थित स्वास्थ्य चौकीका बरिष्ठ स्वास्थ्य सहायक धिरेन्द्र घर्तीले पखलाका बिरामीलाई खुवाउने जिन चक्कीको अभाव रहेको बताए ।

राउटे कर्णबहादुर शाहीका दुःख यति मात्र छैनन्, उनलाई लामो समयदेखि हाडजोर्नी दुख्ने समस्याले सताएको छ । अरुको सहाराबिना उठबस गर्न सक्दैनन् । फिरन्ते राउटे समुदाय पहिले डाक्टरी उपचारमा त्यति विश्वास गर्दैनथे तर पछिल्ला केही वर्षयता भने उनीहरूको यो धारणा क्रमशः बदलिएको छ । कर्णबहादुरले पनि शुक्रबार बस्तीमा पुगेको एक सरकारी टोलीसँग उपचारको व्यवस्था मिलाइदिन आग्रह गरे ।[२४]

मुगुम कार्मारोङ गाउँपालिका–५ रिउस बगरमा रहेको १५ शैयाको सामुदायिक अस्पतालमा एक साताबाट औषधि अभाव हुँदा अस्पतालमा उपचार गर्न आउने सेवाग्राही मर्कामा परेका हुन । मुगुम कार्मारोङ गाउँपालिका–५ का ४३ वर्षीय सोनाम लामाले अत्यधिक ज्वरो आएपछि उपचारका लागि अस्पतालमा पुग्दा औषधि नभएको भन्दै स्वास्थ्यकर्मीले फर्काएको दुःखेसो पोख्नुभयो ।[२५]

२३ https://ekantipur.com/pradesh-

२४ https://www.onlinekhabar.com/2021/09/1015388

२५ https://inseconline.org/np/news/औषधी-सेवाग्रा-हुँदा-अभाव-2/

छेडागाड नगरपालिका-१३ स्थित कार्की गाउँ स्वास्थ्य चौकीमा औषधि अभाव भएपछि बिरामीले सहज उपचार पाउन सकेका छैनन् । बिरामी भएर स्वास्थ्य चौकीमा पुग्दा औषधि नभएको भन्दै स्वास्थ्यकर्मीले फर्काएको स्थानीय शेरबहादुर खत्रीले बताउनुभयो । नगरपालिका स्वास्थ्य शाखा संयोजक धनसिंह खड्काका अनुसार एक सातादेखि भाइरल ज्वरो तथा पखालाका बिरामी बढेपछि दैनिक २० देखि २५ जना व्यक्तिहरू ज्वरो, टाउको दुख्ने र पखालाका बिरामी भएर स्वास्थ्य चौकी आउने गरेता पनि औषधि नभएर फर्काउनु परेको छ ।[२६]

जिल्ला अस्पताल हुम्लामा सुत्केरीपछि आमा र नवजात शिशु दुबैको मृत्यु भएको छ। सिमकोट गाउँपालिका-५ की २१ वर्षीया टीका सार्कीको यही माघ ७ र नवजात शिशुको माघ ५ अकालमा मृत्यु भएको हो । अस्पतालका अनुसार उनीको शल्यक्रिया गरेर सुत्केरी गराइएको थियो ।[२७]

### ५.४.३ खाद्य अधिकार

खाद्य अधिकार वर्तमान नेपालको संविधानको धारा ३६ ले मौलिक हकको रुपमा व्यवस्था गरेको छ। उक्त व्यवस्था अनुसार प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक रहेको छ। खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक रहेको छ। साथै प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक रहेको छ। नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने । आधारभूत वस्तु तथा सेवामा सबै नागरिकहरूको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने नीति राज्यले अवलम्बन गरेको छ।

संविधान बमोजिम प्रदत्त खाद्य, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी मौलिक हकलाई कार्यान्व्यिन गर्ने र त्यसको लागि उपयुक्त संयन्त्र निर्माण गर्न तथा खाद्यमा नागकिरको पहुँच सुनिश्चित गर्ने सम्बन्धमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ मिति २०७५/६/२ देखि लागु रहेको छ। तर ऐन कार्यान्वयन गर्नका लागि नियमावली हालसम्म जारी गर्न सकिएको छैन ।

यस ऐनले खाद्य[२८], आधारभूत खाद्य[२९], खाद्य सम्प्रभुता[३०] र खाद्य सुरक्षा[३१] को परिभाषा गरेको छ ।[३२] यस ऐन बमोजिम खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकारको संरक्षण, प्रवर्द्धन तथा परिपूर्ति गर्ने कार्यलाई व्यवस्थित गर्नका लागि तीन तहका सन्यन्त्रको व्यवस्था गरेको छ। संघीय स्तरमा कृषि मन्त्रीको अध्यक्षतामा राष्ट्रिय खाद्य परिषद, प्रदेश कृषि मन्त्रीको अध्यक्षतामा प्रदेश खाद्य परिषद र नगरपालिका वा गाउपालिकाको प्रमुख वा गाउँपालिकाको अध्यक्षको अध्यक्षतामा स्थानीय तहमा एक खाद्य समन्वय समिति गठन गर्ने व्यवस्था गरेको छ । अनुगमन तथा सुपरीवेक्षणका लागि परिषदले तोकिए

२७ https://annapurnapost.com/news/dead-1-194771

२८ खाद्य भन्नाले जैविक स्रोतबाट प्राप्त सांस्कृतिक रूपमा स्वीकार्य प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित मानव अउपभोग्य पदार्थ सम्झनु पर्दछ। सो शव्दे त्यस्तो पदार्थको तयारी, प्रशोधन वा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थलाई समेत जनाउछ।

२९ आधारभुत खाद्य भनाले नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको आद्य पदार्थ सम्झनु पर्छ।

३० खाद्य सम्प्रभुता भन्नाले खाद्य उत्पादन तथा वितरण प्रकाणलीमा किसानले उपभोग गा अभ्यास गर्ने देहायको अधिकार : खाद्य सम्बन्धी नीति निर्माण प्रक्रियामा सहभागी हुने, खाद्य उत्पादन वा वितरण प्रणालीसँग सम्बन्धित कुनै पनि व्यवसाय रोज्ने, कृषि योग्य भूमि, श्रम, बीउ विजन, प्रविधि, औजारको छनौट गर्ने र कृषि व्यवसायको विश्वव्यापीकरण वा व्यापारीकरणको प्रतिकूल प्रभावबाट मुक्त रहने सम्झनु पर्दछ।

३१ खाद्य सुरक्षा भन्नाले सक्रिय र स्वस्थ मानव जीवनयापन गर्न आवश्यक हुने आद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पुँच सम्झनु पर्दछ।

३२ खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा २

बमोजिम उपसमिति गठन गर्न वा निरीक्षण अधिकृत तोक्न सक्ने व्यवस्था गरेको छ। स्थानीय खाद्य समन्वय समितिको सचिवालय सम्बन्धित नपा वा गापामा रहने व्यवस्था गरिएको छ।

कर्णाली प्रदेश खाद्य अधिकारको दृष्टिकोणले खाद्य अधिकारको संरक्षण, प्रवर्द्धन तथा परिपूर्ति सन्तोषजनक रहेको छैन । सबै जिल्ला एकअर्कासित जोडिने गरी सडक निर्माण भइसकेको छैन । हुम्ला र डोल्पा जिल्ला हालपनि सडक सञ्जालमा जोडिन सकिएको छैन । यद्यपि धेरै मात्रामा करिडोर निर्माण गर्ने कार्य सम्पन्न भएको छ । पुर्णरूपेण सडक सञ्जालसित जोडिन नसकिएको कारणले खाद्य व्यवस्थापन त्यति सहज हुनसकेको छैन । महगों ढुवानीले गर्दा तोकिएको मुल्य भन्दा धेरै मुल्य तिरी खाद्य सामग्री किनी उपभोग गर्नुपर्ने बाध्यता कर्णालीको हिमाली जिल्लाहरूमा रहेको छ। माथिल्लो कर्णालीको नामले चिनिने जिल्लाहरूको सदरमुकाम खाद्य सामग्रीको व्यवस्थापन जसोतसो हुनसकेतापनि ग्रामिण क्षेत्रमा व्यवस्थापन झन कठिन नै रहेको छ। हुम्ला र डोल्पामा अझैपनि खच्चडबाट खाद्य लगायतका सामग्री ढुवानी गर्नुपर्ने बाध्यता रहेको तथ्य अनुगमनबाट प्राप्त भएको थियो ।

खाद्य व्यवस्था तथा ब्यापार कम्पनि लिमिटेड मार्फत खाद्य सामग्री विशेषतः चामल आपुर्ति नेपाल सरकारले गर्दै आइरहेको छ । तर आपुर्तिका लागि लिमिटेडको ग्रामिण क्षेत्रमा रहेका डिपोहरूमा समयमै भण्डारण हुननसक्दा खाद्य अभाव सृजना हुदै आएको छ । त्यस्तै उक्त डिपोमा हुने भण्डारण सुरक्षित नहदा पनि कमसल खालका खाद्य सामग्री उपभोग गर्नुपर्ने बाध्यता रहेको देखिएको छ।

यस विषयमा ८ वटा समाचार संकलित भएका छन् । जुम्ला जिल्लाबाट २, मुगु जिल्लाबाट २ र हुम्ला जिल्लाबाट ४ रहेको छ।

**चार्ट ४ : खाद्य अधिकार**




खाद्य व्यवस्था तथा व्यापार कम्पनी सिमकोट शाखाले दशैंमा कुहिएको जापानिज चामल बिक्री गरेको पाइएको छ । शाखाको गोदामबाट २०७८ असोज १४ गते यता नियमित रूपमा सिमकोट गाउँपालिका भित्रका नागरिकलाई कुहिएको चामल बिक्री गरेको ज्ञानु रोकायले बताउनुभयो । यसैगरी नाम्खा गाउँपालिकाले चामल खरिद गर्नु अघि जाँच गर्दा पहिलो बोरामै कुहिएको चामल भेटिएको स्थानीय छेतेन लामाले बताउनुभयो। जापानिज चामल भनेर बिक्री गरिएको बोरा भित्र अर्कै चामल परेपछि स्थानीय मर्कामा परेको

लामाको भनाइ छ ।[३३] हुम्ला ताँजाकोट गाउँपालिका-३ मासपुरमा खाद्यन्नको समस्या भएको थियो । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको ढुवानी अनुदानको खाद्यान्न हालसम्म नपाएको स्थानीयले गुनासो गरेका छन् ।[३४]

हिमपातका कारण बाटो अवरुद्ध भएपछि हुम्लाको नाम्खा गाउँपालिका-६ लिमीमा खाद्यान्न अभाव देखिएको छ। भारी हिमपातका कारण ५ हजार उचाइको न्यालुलेकमा झन्डै ४ फिटसम्म हिउँ जमेपछि गाउँपालिकाको केन्द्र यलबाङलाई सदरमुकाम सिमकोट जोड्ने बाटो अवरुद्ध भएको हो । जसका कारण स्थानीयले खरिद गरेको खाद्यान्न बीचमै रोकिएको छ ।[३५]

मुगुम कार्मारोङ गाउँपालिकाका स्थानिय एक वर्षदेखि आयोडिन युक्त नुन उपभोग गर्नबाट बञ्चित भएका छन । साल्ट साल्ट्रेडिङ्गले वितरण गर्दै आएको उक्त नुन गाउँपालिकाले गतवर्ष ढुवानीको व्यवस्था गरेर गाँउपालिकाको केन्द्र पुलु बगरसम्म पुऱ्याएपछि स्थानियलाई बितरण गरेको थियो । एक वर्ष यता भने ढुवानी रकम नभएको भन्दै कर्पोरेसन र गाउँपालिकालेसमेत पहल नगर्दा गाउँपालिकाको १ हजार ४ सय घरधुरी आयोडियुक्त नुन खानबाट बञ्चित भएका हुन ।[३६]

जुम्लामा ट्यांक जुस खाँदा एकै विद्यालयका २४० जना विद्यार्थी बिरामी भएका छन्। गुठीचौर गाउँपालिका-५ देपालगाउँस्थित हिमाली बोडिङ स्कूलका विद्यार्थीले म्याद नाघेको ट्यांक जुस खाँदा एकै साथ बिरामी परेका हुन् । २४० जना विद्यार्थी रहेका मध्ये जुस खाएको पहिलो दिन तीन जना बिरामी भएका र भोलिपल्ट एकै साथै सबै बिरामी परेका हिमाली बोडिङ स्कूलका प्रिन्सिपल मञ्जिल गिरीले जानकारी दिए ।[३७]

### ५.४.५ विद्युत तथा सञ्चार अधिकार

माथिल्लो कर्णालीमा पर्ने जिल्लाहरूमा संचारको व्यवस्था प्रभावकारी देखिएको छैन । आजको २१औं शताव्दिको युगमा कुनै पनि व्यक्ति जहाँ भएपनि सञ्चारबाट टाढा रहन सक्दैन । सञ्चारले नै सुचना आदान प्रदान गर्ने गराउने कार्यमा सहयोग गर्दै आइरहेको छ । यस क्षेत्रमा रहेका नेपाल टेलिकम, एनसेल नेपाल दुवैको सञ्चार अवस्था उस्तै रहेको छ। दुवैले फोरजीको उपलब्धता रहेको दावा गर्दै आएपनि गुणस्तरीय र स्थिर सेवा रहेको छैन । जसले गर्दा साधारण नागरिक समेत प्रभावित भइरहेका छन् ।

सञ्चार प्रविधिको प्रयोग गरेर स्वतन्त्रत पत्रकारिताको भुमिका निर्वाह गर्ने सञ्चारकर्मी एव्म पत्रकारहरूको सेवा झन प्रभावित हुदै आएको छ । त्यस्तै विद्युत सेवा पनि नाजुक अवस्थामा रहेको छ । नेपाल विद्युत प्राधिकरणले राष्ट्रिय प्रसारण लाइन जोडने विस्तार गर्ने क्रम जारी राखेपनि सामान्यीकृत गर्न अझै धेरै समय लाग्ने अनुमान गर्न सकिन्छ । उक्त विस्तारिकण कार्य मार्फत सेवा निरन्तर र दिगो वनाउने कार्य झनै जटिल रहेको देखिन्छ ।

## ५.५ महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) १९७९

मानव अधिकार सम्बन्धी सामान्यीकरण व्यवस्थाले समाजभित्रका विशेष वर्गकोरुपमा रहेका महिलाहरूको

---

३३ https://inseconline.org/np/news/साहुलियतको/स-कुहिएको-चामल-

३४ https://inseconline.org/np/news/मासपुरबासीले/खा-अनुदानको-

३५ https://ekantipur.com/news/2021/10/26/163521518108686991.html

३६ समाचारहरू/केइन्स-inseconline.org)

३७ https://rajdhanidaily.com/id/59221/

अधिकारको समान संरक्षण हुननसकेको विषयवस्तु र परिस्थितीलाई मध्यनजर गरी महिला अधिकार सम्बन्धी विशिष्टिकृत अन्तर्राष्ट्रिय/राष्ट्रिय मानव अधिकार कानूनको व्यवस्था भएको हो । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धि महासन्धि (सिड्अ), १९७९, नेपालको संविधान लगायत प्रचलित नेपाल कानूनहरूमा महिला अधिकारसम्बन्धी व्यवस्था भएको छ । नीतिगत र कानुनी व्यवस्थाका साथसाथै प्रभावकारी संरक्षणका लागि कार्यान्व्यन एव्म अनुगमन सन्यन्त्रहरूको पनि व्यवस्था भएको छ ।

यस प्रदेशमा बढ्दो महिला हिंसा, मानव बेचविखन, बालविवाह, छाउपडी, वहुविवाह जस्ता समस्या चुनौतिको रूपमा रहेको छ । यस्ता समस्याहरू वर्तमान अवस्थामा पनि रोकथाम हुन सकिरहेको छैन । यी समस्याहरूको रोकथाम गर्नका लागि विषयगत कानून निर्माण भएता पनि कार्यान्वयन अवस्था फितलो रहेको हुनाले संरक्षण तह कमजोर देखिएको छ । समाजबाट चलिचलाउ हुदै आएका मुल्य मान्यताले छोराको चाहनाका लागी अथवा विवाह अघीनै गर्भ बसेकोमा गर्भपतन गर्ने संख्यामा बृद्धि भएको, किशोर किशोरीमा स्वास्थ्य, शिक्षा सम्बन्धी ज्ञानको अभाव रहेको र लैङ्गिक विभेदका कारण गर्भपतन हुने गरेको अबस्था बिधमान छ ।

अभिलेखिकरण भएको कुल १९५ मध्ये ३२ वटा यस महासन्धिसित सम्बन्धित रहेको छ । कुरिति विरुद्धको अधिकारमा १ वटा, घरेलु हिंसामा २ वटा, बलत्कार शिर्षका २ वटा, महिला अधिकार शिर्षकमा १० वटा, मानव वेचविखन विरुद्धको अधिकार शिर्षकमा ४ वटा, यौनजन्य दुर्व्यवहार शिर्षकमा १३ वटा अभिलेखिकरण भएको छ ।

**तालिका २३ : महिला अधिकार सम्बन्धी घटना तथ्याङ्क**

| क्र.सं. | मानव अधिकार महासन्धि र घटना विषय | घटना संख्या |
|---|---|---|
| | CEDAW | ३२ |
| १ | कुरीति बिरुद्धको अधिकार | १ |
| २ | घरेलु हिँसा | २ |
| ३ | बलात्कार | २ |
| ४ | महिला अधिकार | १० |
| ५ | मानव बेचंबिखन बिरुद्धको अधिकार | ४ |
| ६ | यौनजन्य दुर्व्यवहार | १३ |

कालिकोट जिल्लामा ३, जाजरकोटमा ३, जुम्लामा ४, डोल्पामा १, दैलेखमा ५, मुगुमा २, रुकुम पश्चिममा ४, सुर्खेतमा ४, हुम्लामा १ गरी ३२ वटा घटना रहेका छन् । इन्सकको मानव अधिकार बर्ष पुस्तक सन् २०२२ अनुसार कर्णाली प्रदेशमा महिला अधिकार विषयमा २०४ जना महिला पीडित भएको देखिन्छ ।[३८] राज्य पक्षबाट १ जना र अन्य पक्षबाट २०३ जना पीडित भएको देखिन्छ ।

३८ इन्सेक, मानव अधिकार बर्ष पुस्तक सन् २०२२ परिशिष्ट ८ कर्णाली प्रदेश :घटना प्रकार अनुसार पीडित अवस्था

कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेतले उपलब्ध गराएको जानकारी अनुसार यस आर्थिक बर्षको २०७९ जेठ महिनासम्म घरेलु हिंसा शिर्षकमा कुनै मुद्दा दर्ता भएको छैन । मानव बेचविखन तथा ओसारपसार शिर्षकमा ४ वटा, जबरजस्ती करणी शिर्षका १४२ वटा, जबरजस्ती करणी उद्योग शिर्षकमा ३९ वटा, यौन दुर्व्यवहार शिर्षकमा २ वटा, बोक्सीको आरोप शिर्षकमा १ वटा र बहु विवाह शिर्षकमा ७८ वटा गरी २६६ वटा मुद्दा दर्ता भएको देखिन्छ । महिला विरुद्ध हुने कसुर शिर्षकहरू मध्ये जबर्जस्ती करणीसम्बन्धि शिर्षकमा १४२ वटा मुद्दा दर्ता भएको तथ्याङ्कले महिला अधिकारको अवस्था धेरै नाजुक रहेको देखाउछ । कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेतले उपलब्ध गराएको जानकारीमा उल्लेख भएका कुल ९३ प्रकृतिका कसुर मध्ये जबर्जस्ती करणी चौथो स्थानमा रहेको छ ।

**तालिका २४ : चालु आ.ब. को २०७९ जेठ महिनासम्म मुद्दा दर्ता तथ्याङ्क**

| क्र.सं. | मुद्दा शिर्षक | मुद्दा संख्या |
|---|---|---|
| १ | जबर्जस्ती करणी | १४२ |
| २ | मानव बेचविखन तथा ओसारपसार | ४ |
| ३ | जबरजस्ती करणी उद्योग | ३९ |
| ४ | यौन दुर्व्यवहार | २ |
| ५ | बोक्सीको आरोप | १ |
| ६ | बहु विवाह | ७८ |
| **जम्मा** | | **२६६** |

*स्रोत : कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत*

## ५.६ सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि (CERD), १९६५

जातिय भेदभाव तथा छुवाछुत जस्तो सामाजिक अपराध समाजमा जरो गाडी वसेको छ । विवाह समारोहमा गैरदलितलाई निमन्त्रणा नगर्ने प्रवृति रहेको छ । गरिहाले खानपिनको अलग्गै व्यवस्था गर्ने अभ्यास रहेको छ । मरिराउ हुदा मलामी नजाने अभ्यास छ । दाहसंस्कारका लागी अलग घाट प्रयोग गर्ने अभ्यास रहेको छ । मन्दिर प्रवेशमा व्यवधान गर्ने गरिएको छ । गैरदलितको घरमा कोठा भाडामा नपाउने अवस्था छ । अन्तर्राजातिय विवाह व्यवहारमा अमान्य रहेको छ ।

जातिय भेदभाव तथा छुवाछुत समाजको विकृत सामाजिक अभ्यासको रुपमा रहि आएको छ । समाजको गहिरो जरा गाडी वसेको यस विषयलाई संसद मार्फत पनि जातिय भेदभाव शुन्य घोषणा भएतापनि व्यवहारमा जातिय भेदभावमुक्त समाज निर्माण हुन सकेको छैन । यस महासन्धिसित सम्बन्धित विषयमा ३ वटा घटना अभिलेखिकरण भएको छ । दैलेखका २ वटा र कालिकोटमा १ वटा रहेको छ । दैलेख जिल्ला गुरास गापा वडा नं. २ डुडापोखरा स्थित दलित वस्तिका मोतिकला नेपाली अन्तरजातिय बालविवाह गरेको कारणले विभिन्न किसिमका विभेद खेप्दै आएकी वताउछीन । उनि हाल विभेद विरुद्धको अभियन्ता समेत हुन ।[३९] त्यस्तै दैलेख जिल्ला दुल्लु नपा वडा नं. ७ बस्ने दलित महिला सदस्य भूमि वादी आफु वादी भएको

---

३९ https://annapurnapost.com/news/child-marriage-daughter-can't-study-188914

४० https://ekantipur.com/news/2021/10/25/16350865651887974.html

कारणले विभिन्न प्रकारका विभेद खेप्दै आएकी समाचार प्रकाशमा आएको थियो ।[४०] कालिकोट जिल्ला शुभकालिका गापा वडा नं. ४ बस्ने ४५ बर्षिय श्रीमोर सुनारलाई जातिय छुवाछुत गरी कुटपिट गरेको समाचार प्रकाशमा आएको थियो ।[४१] कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेत अनुसार यस आर्थिक बर्षमा यस शिर्षकमा ३ वटा मुद्दा दर्ता रेकर्डबाट देखिन्छ ।

**तालिका २५ : जातिय विभेद विरुद्धको अधिकार सम्बन्धी घटना**

| क्र.सं. | मानव अधिकार महासन्धि र घटना विषय | घटना संख्या |
|---|---|---|
| | **CERD** | ३ |
| १ | जातीय विभेद बिरुद्धको अधिकार | ३ |

## ५.७ बाल अधिकार महासन्धि (CRC) १९८९

कर्णाली प्रदेशमा बाल सुधार गृह छैन । प्रदेशगत १८ बर्ष मुनिका बालबालिकाको एकिन संख्या छैन । कर्णाली प्रदेशमा ०-१९ बर्षसम्मका बालबालिकाको संख्या ८,२४,३७३। रहेको छ । जुन जम्मा जनसंख्याको ५२.४९ प्रतिशत हो । सबै प्रदेशको तुलनामा यस प्रदेशमा बालसंख्या पहिलो स्थानमा रहेको छ । कानूनले बाल विवाहलाई अवैध घोषित गरेतापनि यस प्रदेशमा बाल विवाहको गम्भिर अवस्था रहेको छ । यसको रोकथाम तथा नियन्त्रण प्रभावकारी नरहेको हुनाले कानूनले अमान्य वनाएतापनि सामाजले मान्यता प्रदान गरिरहेको अवस्था छ ।

कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेतका अनुसार आ.व. २०७८/७९ मा ९ वटा बालविवाहका घटना दर्ता भएका छन् । यस महासन्धिसित सम्बन्धित कुल १६ वटा घटना अभिलेखिकरण भएको छ । बाल अधिकारसित सम्बन्धित तमाम विषयवस्तु मध्ये आवासको अधिकारमा १ वटा, बाल अधिकार शिर्षकमा १२ वटा, बाल विवाहमा १ वटा, यौनजन्य दुर्व्यवहारमा १ वटा, शिक्षको अधिकारमा १ वटा रहेको छ । पिताको मृत्यु पछि माताले अर्को विवाह गरी गएपछि संरक्षक विहीन २ बालबालिका आवास समेत नपाएको एक घटना रहेको छ । कालिकोटबाट ३ वटा, जुम्लाबाट ३ वटा, दैलेखबाट ३ वटा, मुगुबाट १ वटा, सल्यानबाट २ वटा, सुर्खेतबाट ३ वटा र हुम्लाबाट २ वटा घटनाको जानकारी अभिलेखिकरण गरिएको छ । कुल १६ घटना मध्ये बालिका बलत्कारसम्बन्धी घटना ६ वटा, बालिका हत्या घटना १ वटा, बाल अपहरण १ वटा, बालविवाह १ वटा र बाल कुपोष्ण सम्बन्धी २ वटा जानकारी रहेका छन् । कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत अनुसार बाल विवाह शिर्षकमा ९ वटा मुद्दा दर्ता भएको देखिन्छ ।

**तालिका २६ : बाल अधिकार विरुद्धका घटना तथ्याङ्क**

| क्र.सं. | मानव अधिकार महासन्धि र घटना विषय | घटना संख्या |
|---|---|---|
| | **CRC** | १६ |
| १ | आवासको अधिकार | १ |
| २ | बाल अधिकार | १ |
| ३ | बाल अधिकार | ११ |

४१ https://inseconline.org/np/news/

| क्र.सं. | मानव अधिकार महासन्धि र घटना विषय | घटना संख्या |
|---|---|---|
| ४ | बाल बिबाह | १ |
| ५ | यौनजन्य दुर्व्यवहार | १ |
| ६ | शिक्षाको अधिकार | १ |

***राउटे युवतीमाथि यौन दुर्व्यवहार गर्नेलाई सात वर्ष कैद, दुई लाख जरिवाना***

*राउटे युवतीमाथि यौन दुर्व्यवहार गर्नेलाई सुर्खेत जिल्ला अदालतले कैद र जरिवाना तोकेको छ । जिल्ला न्यायाधीश राजेन्द्रकुमार आचार्यको इजलासले राउटे युवतीमाथि यौन दुर्व्यवहार गर्ने दुई जनालाई सात/सात वर्ष कैद र जनही दुई लाख रुपैयाँ जरिवाना तोकेको छ भने यौन दुर्व्यवहार भएको होटलका सञ्चालकलाई ३ वर्ष ६ महिना कैद र एक लाख रुपैयाँ जरिवाना तोकेको हो ।*

*बिहीबार उक्त फैसला भएको हो । अदालतले युवतीमाथि यौन दुर्व्यवहार गर्ने चौमन घर्ती मगर र भूपेन्द्र बुढा मगरलाई सात/सात वर्ष कैद र जनही २ लाख रुपैयाँ जरिवाना तोकेको हो । उनीहरूले पीडित राहत कोषमा जनही ८ हजार रुपैयाँ जम्मा गर्नुपर्नेछ। यस्तै होटल सञ्चालक मनबहादुर पुनलाई ३ वर्ष ६ महिना कैद र १ लाख रूपैयाँ जरिवाना तोकिएको छ भने ४ हजार रुपैयाँ पीडित राहत कोषमा जम्मा गर्नुपर्ने फैसला भएको जिल्ला अदालत सुर्खेतका सूचना अधिकारी उज्ज्वल रावलले जानकारी दिए ।*

***स्रोत : https://www.setopati.com/social/276266***

सुर्खेत, दैलेख लगायतका जिल्लामा फिरन्ते जीवन बिताउदै आएका राउटे आदिवासी समुदायका मानिसहरू सुर्खेत जिल्लाको गुर्भाकोट नगरपालिकामा रहेको भेरी नदीको किनारमा बसोबास गर्दै आएको समयमा राउटे समुदायका दईजना यूवतीहरूलाई जिल्ला सुर्खेत गुर्भाकोट नगरपालिका–११ आँपसोती नजिकै गुर्भाकोट न.पा.–९ बोटेचौरका वर्ष २९ का विनोद पुनको होटलमा सोही ठाउँका वर्ष ३५ को चोमन बहादुर घर्ती र वर्ष २४ का भूपेन्द्र बुढाले मिति २०७८ साल जेष्ठ २१ गते राती १:३० बजे होटलमा लगी यौनजन्य क्रियाकलापमा सहभागी गराई राखेको भिडियो मानव अधिकार रक्षक र पत्रकारहरू मार्फत राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश, शाखा कार्यालय, जुम्लालाई प्राप्त भएपछि यस घटनाको अनुगमन गरेको थियो ।

## ५.८ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि

अपागंता भएका व्यक्तिहरूको जनसंख्या ४५,४१९ रहेको छ । अपागंता भएको व्यक्तिहरूको सम्बन्धमा कर्णाली प्रदेश सम्मेलन कार्यक्रम आयोगले २०७४ कार्तिकमा गरेको थियो । हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, जाजरकोट, सल्यान, रुकुम (प.) लाई अपागंता क्षेत्रमा पनि विशेष क्षेत्र घोषणा गरी अनुकूलताको सिद्धान्त अनुसार नीतिगत व्यवस्था र सहभागिता सुनिश्चित गर्नुपर्ने आवश्यकता सम्मेलनले औल्याएको थियो । समुदायमै आधारित आयआर्जन, शिक्षा, सीप विकास, उपचार तथा क्षमता अनुसारको रोजगारको व्यवस्था मिलाई पुनर्स्थापना गर्नुपर्ने, हवाई तथा सार्वजनिक गाडी यातायातमा छुटको व्यवस्था कार्यान्वयन गरिनुपर्ने, वेवारिसे तथा अभिभावकविहीन अपागंता भएका व्यक्तिहरूको संरक्षणमा विशेष ब्यवस्था गरि नुपर्ने विषय उठाइएको थियो । अपागंता भएका व्यक्तिहरूको हक अधिकारको विषयमा अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका दिन गम्भिर तरिकाले उठाइएको थियो । अपागंता भएका व्यक्ति र निजहरू आबद्ध रहेका

संघसंस्थासित नियमित सहकार्य तथा समन्वय गर्दै आइरहेको छ । अन्तर्राष्ट्रिय मानव अधिकार दिवस लगायत विषयगत दिवस समेत मनाउने कार्य यस कार्यालयबाट हुदै आइरहेको छ । कर्णाली प्रदेशका अधिकांश अपांगता भएका व्यक्तिहरू घरको चौघेरामा नै सिमित भएको पाइएको छ ।

## ५.९ आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICMW) १९९०

यस प्रदेशबाट भारतमा रोजगारको लागी जाने नेपालीहरूको संख्या दोस्रो स्थानमा रहेको छ । नेपालको विभिन्न नाकाबाट भारत जाने नेपालीहरूको तथ्याङ्क व्यवस्थापन निकै फितलो रहेको छ । नाकामा सोको तथ्याङ्क राख्ने सन्यन्त्रको विकास भइसकेको छैन । भारतमा रहने नेपाली आप्रवासीहरूको तथ्याङ्क राख्ने प्रणालीको विकास भारतमा पनि छैन । नेपाल भारत सम्भौता अनुसार एक अर्काको देशमा सहजै आवतजावत गर्न सकिने हुनाले नेपाली नागरिक भारत आफनैढंगले जाने, पाएको रोजगार गर्ने र आउनै परे आफनैढंगले फर्कि आउने परिपाटिको विकास भएको पाइन्छ ।

यस महासन्धिलाई नेपालले अनुमोदन गरेको छैन । तर नेपालबाट विदेश रोजगारको सिलसिलामा गएका नेपाली आप्रवासी कामदार र तिनका परिवारका सदस्यहरूको अधिकारसँग सम्बन्धित विषयवस्तु निकै ओझेमा परेका छन् । यस महासन्धिसित सम्बन्धित १ वटा मात्र अभिलेखिकरण भएको छ ।

२०७८ साउन १ गते बेलुकी देखि घर नफर्केका जुम्ला सुर्की गाउँका चार जना किशोर हालसम्म सम्पर्कविहीन अवस्थामा रहेका छन् । तातोपानी गाउँपालिका- ७ सुर्की गाउँ जुम्ला बस्ने गोविन्द रावतका १६ वर्षीय छोरा पदमबहादुर रावत र रामबहादुर रावतका १६ वर्षीय छोरा भीमबहादुर रावत, मुनबहादुर रावतका १७ वर्षीय छोरा तुल रावत र देविभक्त रावतका १७ वर्षीय छोरा कालीबहादुर रावत ४० दिनदेखि सम्पर्कमा नआएको सोही गाउँका स्थानीय युवा राजु रावतले जानकारी दिए । "यहाँका प्रायः नागरिक मजदूरीका लागि भारतको हिमाञ्चल, उत्तर प्रदेशमा जान्छन्न् ।", राजुले भने, "त्यही भएर भारतमा उपलब्ध हाम्रा आफन्त र चिनजानेका सबैसँग सम्पर्क गर्यौं तर उनीहरू कतै पनि नपुगेको खबर आयो ।" गाउँलेहरूले उनीहरू कालापहाड गएको हुनसक्ने आशङ्का गरेको उनले बताए ।[४२]

माथि उल्लिखित घटनासम्बन्धि खवरले कर्णाली प्रदेशको वास्तविक अवस्था झल्केको छ । कर्णाली प्रदेशबाट अनौपचारिकढंगले भारतिय भुमिमा काम गर्न जाने गर्दछन् । जसको अभिलेख व्यवस्थापन न नेपाल सरकारबाट भइरहेको अवस्था छ नत भारितय सरकारबाट भइरहेको अवस्था छ । जसले भारतमा रहेका नेपाली आप्रवासी कामदारहरूको मानव अधिकार अवस्था दुवै सरकारबाट ओझेलमा परेको अवस्था छ ।

**तालिका २७ : आप्रवासी कामदारहरूको अधिकार सम्बन्धी घटना तथ्याङ्क**

| क्र.सं. | मानव अधिकार महासन्धि र घटना विषय | घटना संख्या |
|---|---|---|
| | IMW | १ |
| १ | आप्रवासी कामदारको अधिकार | १ |

४२ https://www.ratopati.com/story/196429/2021/8/26/missing

## ५.१० यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि (CAT)

पक्राउ परेको वा थुनामा परेको व्यक्तिलाई शारिरिक तथा मानसिक यातना नदिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भनि यातना विरुद्धको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । यस्तो कार्यलाई दण्डनीय पनि बनाएको छ । यस्ता अपराध गर्ने पदाधिकारी, कर्मचारी व्यक्तिगत हिसाबले जिम्मेवार बन्नुपर्ने कानूनी दायित्व सृजना गरेको छ। अपराध अनुसन्धानको सिलसिलामा दिइने कुनै पनि किसिमको दुर्व्यवहार वा यातनालाई निषेध गरेको छ । यातना विरुद्धको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मानव अधिकार कानूनसित मेल खानेगरी राष्ट्रिय कानुनको विकास भइसक्दा पनि अनुसन्धान कार्य यातनामुक्त हुनसकेको छैन । यसका लागि अनुसन्धान अधिकारीलाई उपलब्ध गराइएको साधन स्रोत, ज्ञान इत्यादीले पनि फरक पार्न सक्दछ। कानून कार्यान्वयन गर्ने निकायमा आबद्ध रहेको राष्ट्र सेवकहरूलाई यसवारे सचेतना निर्माण गर्दागर्दै पनि पुर्णरुपेण रोक्न सकिएको छैन। पर्याप्तढंगले नागरिक सचेतना निर्माण हुनसकेको छैन । यस महासन्धिलाई नेपालले अनुमोदन गरिसकेको हुनाले नेपाल कानून सरह लागु हुन्छ । यस महासन्धिले परिभाषा गरे बमोजिम यातना विरुद्धको अधिकार सम्बन्धी घटना घटेको जानकारी बाहिर मिडियामा प्रकासित भएको थियो । कुल १९५ मध्ये ४ वटा घटना यस महासन्धिसित सम्बन्धित रहेका छन् ।

**तालिका २८ : क्याट महासन्धिसित सम्बन्धित घटना**

| क्र.सं. | मानव अधिकार महासन्धि र घटना विषय | घटना संख्या |
|---|---|---|
| | CAT | ४ |
| १ | दुर्व्यवहार | ४ |

दैलेख जिल्ला नारायण नपा वडा नं. ६ काँडाचौर बस्ने २९ बर्षिय ओम रेग्मीलाई जिल्ला प्रहरी कार्यालय दैलेखका प्रहरी नीरिक्षक इन्द्रजीत सुनारले २०७८ फागुन २ गते आफनै कार्यकक्षमा हातपाता गरेको खबर मिडियामा प्रकासित भएको थियो ।[४३] त्यस्तै डोल्पा जिल्ला छार्कताङसोङ गापा वडा नं. ५ पिम्री गाउँमा घेराङबाट कागकोटमा २०७९ बैशाख १३ गते उम्मेदवारी दर्ता गर्न गइरहेको बेला स्थानीय युवा धावा गुरुङमाथि निवर्तमान वडा अध्यक्ष सोनाम साङवो गुरुङको समूहले कुटपिट गरेको थियो । यस समाचारले स्वतन्त्रपुर्वक निर्धक्क तरिकाले उम्मेदवारी दिने कार्यमा बाधा पुऱ्याएको देखियो । जिल्ला स्वास्थ्य कार्यालय जाजरकोटका तत्कालिन निमित्त व्यवस्थापक टिकाराम जैसीलाई नेपाल कम्युनिष्ट पार्टी विप्लव नेतृत्वका कार्यकर्ता दिपेन्द्र सिंहले २०७८ बैशाख ५ गते कालो मोसो दलेर दुर्व्यवहार गरेको घटनामा जिल्ला प्रहरी कार्यालय जाजरकोटले निज आरोपित पीडकलाई पक्राउ गरी अनुसन्धान प्रक्रिया अगाडी बढाएको थियो । त्यस्तै उपचार गराउनका लागि जिल्ला वाहिर पुऱ्याउनका लागि हुम्लाको सिमकोट विमान स्थल पुगेका हुम्ला इन्सेक जिल्ला प्रतिनिधि नन्द सिंहलाई सिता एयरका सिमकोट स्टेशन इन्चार्ज छेपाल लामाले दुर्व्यवहार गरेको प्रतिनिधिले जनाएका थिए । जिल्ला अस्पताल हुम्लाले रिफर गरेका लालधन टमटा लगायतका विरामीलाई उपचार गराउन जिल्ला वाहिर पठाउनका लागि निज नन्द सिंहले इन्चार्जसित टिकटको लागि अनुरोध गर्ने क्रममा उक्त दुर्व्यवहार भएको थियो ।

४३ https://inseconline.org/np/news
४४ https://www.onlinekhabar.com/2022/04/1116260
४५ https://inseconline.org/np/news/
४६ https://inseconline.org/np/news/

## परिच्छेद : छ

# दिगो विकास लक्ष्य र मानव अधिकार

### ६.१ दिगो विकास लक्ष्य र मानव अधिकार

**दिगो विकास लक्ष्यहरू मध्ये ९ वटा लक्ष्यसँग सम्बन्धित घटना विवरण**

लक्ष्य नं. २ शुन्य भोकमरी,
लक्ष्य नं. ३ राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर,
लक्ष्य नं. ४ गुणस्तरीय शिक्षा,
लक्ष्य नं. ५ लैङ्गिक समानता,
लक्ष्य नं. ६ स्वच्छ पानी र सरसफाई,
लक्ष्य नं. ७ खर्चले धान्न सक्ने उर्जा,
लक्ष्य नं. ८ मर्यादित काम र आर्थिक वृद्धि, लक्ष्य नं. १६ शान्ति, न्याय र सुदृढ संस्थाहरू

चालु आर्थिक बर्षमा मानव अधिकार सम्बन्धी विविध विषयमा मिडिया र मानव अधिकार सम्बन्धी संघ संस्थाबाट प्रकासित समाचार खवरहरूलाई अभिलेखिकरण गरिएको थियो । मानव अधिकार अवस्था मापन, विश्लेषण र बुझ्नका लागि मानव अधिकार सम्बन्धी सूचना जानकारीको अभिलेखिकरण महत्वपूर्ण हुन्छ। यस कार्यालयबाट यस आर्थिक बर्षमा कुल १९५ वटा घटनाको अभिलेखिकरण गरिएको थियो । अभलिेखिकरण गरिएका १९५ वटा घटना सम्बन्धी जानकारी यस कार्यालयको प्रत्यक्ष स्रोत (Primary Source) नभई गौण स्रोत (Secondary Source) को रुपमा रहेको छ। विभिन्न स्रोतबाट संकलित सूचना तथा जानकारीको पुष्टयाई वा त्यस उपर थप कारवाहीको विषयमा यस कार्यालयबाट बुझ्ने कार्य नभएको हुनाले अन्यथा हुन सक्ने सम्भावना पनि त्यतिकै छ। तरपनि जानकारी तथा विश्लेषण गर्ने प्रयोजनको लागि संकलित गरिएको छ।

दिगो विकासले निर्धारण गरेको १७ वटा लक्ष्य[४७] मध्ये ९ वटा लक्ष्यसित सम्बन्धित घटनाहरू रहेका छन् । दिगो विकास लक्ष्य नं. १ गरीबी विहिन, लक्ष्य नं. २ शुन्य भोकमरी, लक्ष्य नं. ३ राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर, लक्ष्य नं. ४ गुणस्तरीय शिक्षा, लक्ष्य नं. ५ लैङ्गिक समानता, लक्ष्य नं. ६ स्वच्छ पानी र सरसफाई, लक्ष्य नं. ७ खर्चले धान्न सक्ने उर्जा, लक्ष्य नं. ८ मर्यादित काम र आर्थिक वृद्धि, लक्ष्य नं. १६ शान्ति, न्याय र सुदृढ संस्थाहरू रहेका छन् ।

लक्ष्य नं. १ शिर्षकसित सम्बन्धित ५ वटा घटना, लक्ष्य नं. २ शिर्षकसित सम्बन्धित ८ वटा घटना, लक्ष्य नं. ३ शिर्षकसित सम्बन्धित २४ वटा घटना, लक्ष्य नं. ४ शिर्षकसित सम्बन्धित १५ वटा घटना, लक्ष्य नं. ५ शिर्षकसित सम्बन्धित ७ वटा घटना, लक्ष्य नं. ६ शिर्षकसित सम्बन्धित १३ वटा घटना, लक्ष्य नं. ७ शिर्षकसित सम्बन्धित ६ वटा घटना, लक्ष्य नं. ८ शिर्षकसित सम्बन्धित ५ वटा घटना र लक्ष्य नं. १६ शिर्षकसित सम्बन्धित ११२ वटा घटना अभिलेखिकरण भएको छ ।

४३ लक्ष्य नं. १ गरीबी विहिन, लक्ष्य नं. २ शुन्य भोकमरी, लक्ष्य नं. ३ राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर, लक्ष्य नं. ४ गुणस्तरीय शिक्षा, लक्ष्य नं. ५ लैङ्गिक समानता, लक्ष्य नं. ६ स्वच्छ पानी र सरसफाई, लक्ष्य नं. ७ खर्चले धान्न सक्ने उर्जा, लक्ष्य नं. ८ मर्यादित काम र आर्थिक वृद्धि, लक्ष्य नं. ९ उद्योग प्रबर्द्धन र पूर्वाधार, लक्ष्य नं. १० असमानता घटाउने, लक्ष्य नं. ११ सहरहरू र समुदायहरूको दिगोपना, लक्ष्य नं. १२ उपभोग र उत्पादनमा जिम्मेवारीपना, लक्ष्य नं. १३ जलवायु सम्बन्धी कार्य, लक्ष्य नं. १४ जलमुनिको जीवन, लक्ष्य नं. १५ भूसतहको जीवन, लक्ष्य नं. १६ शान्ति, न्याय र सुदृढ संस्थाहरु, लक्ष्य नं. १७ लक्ष्यहरूका निम्ति साझेदारीहरू ।

**चार्ट ५ : दिगो विकास लक्ष्य र घटना**




## ६.२ दिगो विकास लक्ष्य जिल्लागत रुपमा हेर्दा

लक्ष्य नं. १ सित सम्बन्धित घटना कालिकोटमा १, सर्खेतमा २ र हुम्लामा ३ गरी ५ वटा रहेका छन् । लक्ष्य नं. २ सित सम्बन्धित जुम्लामा २, मुगुमा २ र हुम्लामा ४ गरी जम्मा ८ घटना रहेका छन् । लक्ष्य नं. ३ सित सम्बन्धित कालिकोटमा २, जाजरकोटमा २, जुम्लामा ४, डोल्पामा २, मुगुमा ४, रुकुम पश्चिममा २, सल्यानमा २, सुर्खेतमा २ र हुम्लामा ४ गरी जम्मा २४ वटा घटना रहेका छन् । लक्ष्य नं. ४ सित समन्धित कर्णाल प्रदेशमा १, कालिकोट, जाजरकोट, डोल्पा, दैलेख, हुम्लामा १/१ वटा, जुम्लामा ३ वटा, मुगुमा २ वटा, सल्यानमा ४ वटा गरी १५ वटा घटना रहेका छन् । लक्ष्य नं. ५ सित सम्बन्धित कालकोटमा ३, जाजरकोटमा, सल्यानमा १/१ वटा, दैलेखमा २ वटा गरी जम्मा ७ वटा घटना रहेका छन् । लक्ष्य नं. ६ सित सम्बन्धित कालिकोट, जुम्लामा २/२ वटा, जाजरकोट, सल्यान, सुर्खेतमा १/१ वटा, रुकुम पश्चिम र हुम्लामा ३/३ वटा गरी जम्मा १३ वटा घटना रहेका छन् । लक्ष्य नं. ७ सित सम्बन्धित मुगुमा २, सल्यानमा १ र हुम्लमा ३ गरी जम्मा ६ वटा घटना रहेका छन् । लक्ष्य नं. ८ सित सम्बन्धित कालिकोट, जुम्ला, सल्यान, सुर्खेत र हुम्लामा १/१ गरी जम्मा ५ वटा घटना रहेका छन् । लक्ष्य नं. १६ सित सम्बन्धित कालिकोटमा ४, जाजकारकोटमा १२, जुम्लामा २०, डोल्पामा २, दैलेखमा १४, मुगुमा ४, रुकुम पश्चिममा ९, सल्यानमा १३, सुर्खेतमा १९, हुम्लामा १५ गरी जम्मा ११२ वटा घटना रहेका छन् । यसरी कोलिकोटमा १४, जाजरकोटमा १७, जुम्लामा ३२, डोल्पामा ५, दैलेखमा १७, मुगुमा १४, रुकुम पश्चिममा १४, सल्यानमा २३, सुर्खेतमा २५ र हुम्लामा २३ गरी जम्मा १९५ घटना रहेका छन् ।

**तालिका २९ : जिल्लागत रुपमा दिगो विकास लक्ष्य**

| क्र. सं. | दिगो विकास लक्ष्य | कर्णाली प्रदेश | कालिकोट | जाजरकोट | जुम्ला | डोल्पा | दैलेख | मुगु | रुकुम पश्चिम | सल्यान | सुर्खेत | हुम्ला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | खर्चले धान्न सकिने स्वच्छ उर्जा | | | | | | | २ | | १ | | ३ | ६ |
| २ | गरिबी बिहिन | | १ | | | | | | | | २ | २ | ५ |
| ३ | गुणस्तरीय शिक्षा | १ | १ | १ | ३ | १ | १ | २ | | ४ | | १ | १५ |
| ४ | मर्यादित काम र आर्थिक बृधि | | १ | | १ | | | | | १ | १ | १ | ५ |
| ५ | राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर | | २ | २ | ४ | २ | | ४ | २ | २ | २ | ४ | २४ |
| ६ | लैंगिक समानता | | ३ | १ | | | २ | | | १ | | | ७ |
| ७ | शान्ति, न्याय र सुदृध संस्थाहरु | | ४ | १२ | २० | २ | १४ | ४ | ९ | १३ | १९ | १५ | ११२ |
| ८ | शुन्य भोकमरी | | | | २ | | | २ | | | | ४ | ८ |
| ९ | स्वच्छ पानी र सरसफाई | | २ | १ | २ | | | | ३ | १ | १ | ३ | १३ |
| | **जम्मा** | १ | १४ | १७ | ३२ | ५ | १७ | १४ | १४ | २३ | २५ | ३३ | १९५ |

## ६.३ दिगो विकास लक्ष्य, मानव अधिकार सन्धि र जिल्ला

दिगो विकास लक्ष्यलाई मानव अधिकार महासन्धिसित जाडेर हेर्दा : दिगो विकसा लक्ष्य नं. १ मा बाल अधिकार महासन्धि र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिाकर सम्बन्धी महासन्धि गरी दुई वटा महासन्धितिस सम्बन्धित रहेका छन । बाल अधिकार महासन्धिसित सम्बन्धित १ वटा कालिकोट जिल्लामा र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धिमा ४ वटा सुर्खेतमा २ र हुम्लामा २ वटा रहेका छन् ।

लक्ष्य नं. २ मा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार महासन्धिसित सम्बन्धित ८ वटा घटना रहेका छन् । यस महासन्धिमा कालिकोटमा १, जाजरकोट १, जुम्ला २, रुकुम पश्चिम २, सल्यान १, सुर्खेत १ र हुम्ला ३ वटा रहेका छन् ।

लक्ष्य नं. ३ मा महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, बाल अधिकार महासन्धि, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासीन्ध गरी ३ वटा महासन्धिसित सम्बन्धित घटनाहरू रहेका छन् । सिड्असित सम्बन्धित जुम्लामा १, सिआरसीसित सम्बन्धित कालिकोटमा १, इयससिआरसित सम्बन्धित कालिकोटमा १, जाजरकोटमा २, जुम्लामा ३, डोल्पामा २, मुगुमा ४, रुकुम पश्चिममा २, सल्यानमा २, सुर्खेतमा २ र हुम्लामा ४ वटा रहेका छन् ।

लक्ष्य नं. ४ मा सिआरसी र इयससिआर गरी २ वटा महासीन्धसित सम्बन्धित रहेका छन् । सिआरसीमा मुगुमा १ वटा रहेको छ भने इयससिआरमा कर्णाली प्रदेशमा १, कालिकोटमा १, जाजरकोटमा १, जुम्लामा ३, डोल्पा, दैलेख, मुगु र हुम्लामा १/१ वटा र सल्यानमा ४ वटा रहेका छन् ।

लक्ष्य नं. ५ मा सिड्अ, सिआरसी र इयससिआर गरी ३ महासन्धिसित सम्बन्धित रहेका छन् । सिड्अमा जुम्लामा १ वटा, सिआरसीमा कालिकोटमा १ वटा, इयससिआरमा कालिकोटमा १, जाजरकोटमा २, जुम्लामा ३, डोल्पामा २, मुगुमा ४, रुकुम पश्चिममा २, सल्यानमा २, सुर्खेतमा २ र हुम्लामा ४ वटा रहेका छन् ।

लक्ष्य नं. ६ मा आइसिसिपिआर र इयससिआर गरी २ महासन्धिसित सम्बन्धित रहेका छन् । आइसिसिपिआरमा कालिकोटमा १, इयससिआरमा कालिकोट, जाजरकोट, सल्यान, सुर्खेतमा १/१ वटा, जुम्लामा २ वटा, रुकुम पश्चिममा ३ वटा र हुम्लामा ३ वटा रहेका छन् ।

लक्ष्य नं. ७ मा इयससिआरसित सम्बन्धित मात्र रहेका छन् । मुगुमा २, सल्यानमा १ र हुम्लमा ३ गरी ६ वटा घटना रहेका छन् ।

लक्ष्य नं. ८ मा इयससिआर र आइसिएमडब्ल्यु गरी २ महासन्धिसित सम्बन्धित रहेका छन् । इयससिआरमा कालिकोट, सल्यान, सुर्खेत र हुम्मा १/१ गरी ४ वटा र आइसिएमडब्ल्युमा जुम्लामा १ वटा रहेका छन् ।

लक्ष्य नं. १६ मा क्याट, सिड्अ, सर्ड, सिआसी, आइसिसिपिआर र इयससिआर गरी ६ वटा महासन्धिसित सम्बन्धित घटना रहेका छन् । क्याटमा जाजरकोटमा १, डोल्पामा १, दैलेखमा १ र हुम्ला १ गरी ४ वटा रहेका छन् । सिड्अमा जाजरकोटमा २, जुम्लामा ३, डोल्पामा १, दैलेखमा ५, मुगामा २, रुकुम पश्चिममा ४, सल्यानमा ४, सुर्खेतमा ५ र हुम्लामा १ गरी २७ वटा रहेका छन् । सिआरसीमा कालिकोटमा १, जुम्लामा ३, मुगुमा २, सल्यानमा १, सुर्खेतमा ३ र हुम्लामा २ गरी १२ वटा रहेका छन् । आइसिसिपिआरमा कालिकोटमा १, जाजरकोटमा ६, जुम्लामा १०, दैलेखमा ६, मुगुमा २, रुकुम पश्चिममा ५, सल्यानमा ८, सुर्खेतमा १० र हुम्लामा ६ गरी जम्मा ५४ वटा घटना रहेका छन् । इयससिआरमा कालिकोटमा १, जाजरकोटमा ३, जुम्लामा ४, सर्खेतमा १ र हुम्लामा ५ गरी १४ वटा घटना रहेका छन् ।

**तालिका नं. ३० : दिगो विकास लक्ष्य, मानव अधिाकर महासन्धि र जिल्लागत घटना**

| दिगो विकास लक्ष्य नं. | दिगो विकास लक्ष्य | कर्णाली प्रदेश | कालिकोट | जाजरकोट | जुम्ला | डोल्पा | दैलेख | मुगु | रुकुम पश्चिम | सल्यान | सुर्खेत | हुम्ला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | खर्चले धान्न सकिने स्वच्छ उर्जा | | | | | | | २ | | १ | | ३ | ६ |
| | ICESCR | | | | | | | २ | | १ | | ३ | ६ |
| १ | गरिबी बिहिन | | १ | | | | | | | | २ | २ | ५ |
| | CRC | | १ | | | | | | | | | | १ |
| | ICESCR | | | | | | | | | | २ | २ | ४ |

| दिगो विकास लक्ष्य नं. | दिगो विकास लक्ष्य | कर्णाली प्रदेश | कालिकोट | जाजरकोट | जुम्ला | डोल्पा | दैलेख | मुगु | रुकुम पश्चिम | सल्यान | सुर्खेत | हुम्ला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | गुणस्तरीय शिक्षा | १ | १ | १ | ३ | १ | १ | २ | | ४ | | १ | १५ |
| | CRC | | | | | | | १ | | | | | १ |
| | ICESCR | १ | १ | १ | ३ | १ | १ | १ | | ४ | | १ | १४ |
| ८ | मर्यादित काम र आर्थिक बृधि | | १ | | १ | | | | | १ | १ | १ | ५ |
| | ICESCR | | १ | | | | | | | १ | १ | १ | ४ |
| | IMW | | | | १ | | | | | | | | १ |
| ३ | राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर | | २ | २ | ४ | २ | | ४ | २ | २ | २ | ४ | २४ |
| | CEDAW | | | | १ | | | | | | | | १ |
| | CRC | | १ | | | | | | | | | | १ |
| | ICESCR | | १ | २ | ३ | २ | | ४ | २ | २ | २ | ४ | २२ |
| ५ | लैंगिक समानता | | ३ | १ | | | २ | | | १ | | | ७ |
| | CEDAW | | ३ | १ | | | | | | | | | ४ |
| | CERD | | | | | | २ | | | | | | २ |
| | CRC | | | | | | | | | १ | | | १ |
| १६ | शान्ति, न्याय र सुदृध संस्थाहरु | | ४ | १२ | २० | २ | १४ | ४ | ९ | १३ | १९ | १५ | ११२ |
| | CAT | | | १ | | १ | १ | | | | | १ | ४ |
| | CEDAW | | | २ | ३ | १ | ५ | २ | ४ | ४ | ५ | १ | २७ |
| | CERD | | १ | | | | | | | | | | १ |
| | CRC | | १ | | ३ | | २ | | | १ | ३ | २ | १२ |
| | ICCPR | | १ | ६ | १० | | ६ | २ | ५ | ८ | १० | ६ | ५४ |
| | ICESCR | | १ | ३ | ४ | | | | | | १ | ५ | १४ |
| २ | शुन्य भोकमरी | | | | २ | | | २ | | | | ४ | ८ |
| | ICCPR | | | | | | | | | | | | |
| | ICESCR | | | | २ | | | २ | | | | ४ | ८ |

| दिगो विकास लक्ष्य नं. | दिगो विकास लक्ष्य | कर्णाली प्रदेश | कालिकोट | जाजरकोट | जुम्ला | डोल्पा | दैलेख | मुगु | रुकुम पश्चिम | सल्यान | सुर्खेत | हुम्ला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | स्वच्छ पानी र सरसफाई | | २ | १ | २ | | | | ३ | १ | १ | ३ | १३ |
| | ICCPR | | १ | | | | | | | | | | १ |
| | ICESCR | | १ | १ | २ | | | | ३ | १ | १ | ३ | १२ |
| | **जम्मा** | १ | १४ | १७ | ३२ | ५ | १७ | १४ | १४ | २३ | २५ | ३३ | १९५ |

# परिच्छेद-सात
# उपलब्धी र चुनौति

## ७.१ उपलब्धी

### ७.१.१ सात जिल्लामा उपस्थिति

यस कार्यालयको भौगोलिक कार्यक्षेत्र मुगु र जुम्ला दुई जिल्ला मात्र भएपनि थप ५ जिल्लामा उपस्थिती जनाउन सफल भएको छ। हुम्ला, जाजरकोट र सल्यान वाहेक ७ जिल्लामा कार्यालयको कामले टोली पुगि आयोगको उपस्थिती जनाएको छ।

### ७.१.२. लक्षित अनुसन्धान सम्पन्न

जुम्लामा सम्पर्क कार्यालय स्थापना भएदेखि हालसम्म विभिन्न समयमा दर्ता भई कार्यालयमा विचाराधिन अवस्थामा रहेका कूल उजुरी ११० आ.ब. ०७७/७८ मा केन्द्रिय कार्यालयमा ३५ थान उजुरी फाइल आवश्यक निर्णयार्थ केन्द्रिय कार्यालय पठाइएको थियो भने चालु आ.ब. ०७८/७९ मा ३७ थान उजुरी फाइल केन्द्रिय कार्यालय आवश्यक निर्णयार्थ पठाइएको छ। अनुसन्धानका लागि लक्षित ५ वटा अनुसन्धान पुर्ण रुपमा सम्पन्न गर्न सफल भइएको छ।

### ७.१.३. आर्थिक तथा भौतिक प्रगति हासिल

यस कार्यालयलाई के.का.ले चालु आर्थिक बर्षको लागि कार्यक्रम तर्फ कोड नं. २२५२२ मा प्रगति प्रतिशत ९४ र कोड नं. २२५२९ तर्फ प्रगति प्रतिशत ९९ गरी औसतमा आर्थिक प्रगति ९४ प्रतिशत रहेको छ। त्यस्तै बार्षिक कार्यक्रममा कार्यक्रम संख्या कुल २७ रहेकोमा सम्पन्न कुल कार्यक्रम संख्या ३७ रहेको हुनाले भौतिक प्रगति १३७ प्रतिशत रहेको छ।

### ७.१.४. प्रमुख दलहरूलाई पत्राचार

देशमा संघियता लागु भएपछि दोस्रो पटक स्थानिय तह सदस्य निर्वाचन २०७९ बैशाख ३० गते सम्पन्न भएको छ। उक्त निर्वाचनलाई मानव अधिकारमैत्री बनाउनका लागि यस कार्यालयले कर्णाली प्रदेशका दश वटै जिल्लाका प्रमुख राजनीतिक दलहरूलाई पत्राचार गरी मानव अधिकार उल्लङ्घन घटनामा दोषि देखिएका व्यक्तिहरूलाई उम्मेदवार नबनाउनका लागि अनुरोध गरिएको थियो। त्यसका साथै निर्वाचन प्रक्रियामा बालबालिकाहरूलाई प्रयोग नगर्न, अमर्यादित शव्द र वैमनश्यता फैलाउने प्रकृतिका अभिव्यक्ति नदिनका लागि अनुरोध गरिएको थियो।

### ७.१.५. कार्ययोजना कार्यान्वयनका लागि पत्राचार

मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्नका लागि कर्णाली प्रदेशका प्रदेश सरकार, १० वटै जिल्ला समन्वय समिति र ७९ वटै स्थानीय तहलाई पत्राचार गरी अनुरोध गरिएको थियो। यस कार्यालयबाट भएको पत्राचार अनुसार सुर्खेतको चिङ्गाड गाउँपालिकाको कार्यालय अवलचिङ्ग, सुर्खेत, चौरहजारी नगरपालिकाको कार्यालय, चौरहजारी, रुकुम (पश्चिम) ले स्थानीय समन्वय समिति गठन गरेको छ। जिल्ला समन्वय समिति जुम्ला र रुकुम (पश्चिम) ले जिल्ला समन्वय समिति गठन गरेको छ। कर्णाली प्रदेश समन्वय समितिले समिति गठन गर्नका लागि यस कार्यालयबाट प्रतिनिधि माग गरेको थियो।

#### ७.१.६. सुर्खेतमा आयोगको कार्यालय

सबै प्रदेशमा आयोगको प्रदेश कार्यालय स्थापना गर्ने नीति अनरुप कर्णाली प्रदेशमा पनि प्रदेश कार्यालय स्थापना हुनुपर्ने हो । तर नेपाल सरकारले हालसम्म आयोगले स्विकृतिका लागि पठाएको आयोगको सांठनिक संरचना स्विकृत नभएका कारण स्थापित हुन नसकेको हो । यद्यपि कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री जीवनबहादुर शाहीको सकारात्मक सहयोग र पहलले विरेन्द्रनगर, सुर्खेतमा आयोगले सानो आकारको भएपनि कार्यालय संचालनमा ल्याएको छ। २०७९ जेठ देखि संचालनमा आएको उक्त कार्यालयमा हाल एक जना अधिकृत र एक कार्यालय सहयोगी कार्यरत रहेका छन् ।

## ७.२ चुनौति

### ७.२.१ आन्तरिक चुनौति

#### १. सिमित साधनस्रोत

कार्यालयको कामकारवाही सहजढंगले गर्नको लागि यथोचित साधनस्रोतको व्यवस्थापन अति जरुरी हुन्छ । कर्मचारीको मनोवल मात्र उच्च भएर काममा प्रभावकारिता आउन सक्दैन । मन छ तर साधन छैन भने कामकारवाही प्रभावित हुन्छ । यस समस्याबाट कार्यालय गम्भिररुपमा गुज्रिरहेको छ । विशेषतः कार्यालयको कामकारवाही प्रभावकारीढंगले सञ्चालन गर्नका लागि आवश्यक पर्ने विजुली, कम्प्युटर, सवरी साधन, उचित वजेट र मानव संशाधनको उचित तालमेल मिल्नु पर्दछ । कार्यालयमा रहेका अधिकाशं डेप्कटप र ल्याबटप पुराना भई काम नगर्ने हालतमा रहेका हुनाले उक्त प्रविधिमा आधारित भई गर्नुपर्ने कामकारवाहीहरू प्रभावित हुदै आएका छन् ।

जुम्ला कार्यालय आयोगको फिल्ड कार्यालय हो । यसले जिल्ला स्तरमा मानव अधिकार सम्बन्धमा रहेका समस्या उपर स्वस्फुर्तढंगले भुमिका निर्वाह गर्नु कार्यालयको दायित्व र प्रकृति पनि हो । तर कार्यालयमा सवारीसाधनको नाममा दुई वटा मोटरसाइकल मात्र रहेका छन् । ति दुई मध्ये एक पुरानो भई नचल्ने अवस्थामा पुगेको छ । मोटरसाइकलमा मात्र सबै स्थानमा सबै प्रकारका कामकारवाही गर्न सकिने अवस्था नरहने हुनाले अपेक्षाकृत ढंगले कार्य प्रक्रिया अगाडी बढाउन सकिएको छैन ।

#### २. न्यून मानव संशाधन

कार्यालयमा सबै किसिमका व्यवस्थापन असल रहेपनि मानव संशासधन व्यवस्थापन असल भएन वा पर्याप्त भएन वा यथोचित भएन भने अन्य व्यवस्था आफै सक्रिय भई उद्देश्य हासिल गर्ने होइन । अन्य व्यवस्था अमुर्त हो भने मानव संशाधन मुर्त हो । मानव संशाधनको अभावमा कार्यालयले मुर्त स्वरुप प्राप्त गर्न सक्दैन । कार्यालयको सांगठनिक संरचना अनुसार कूल चौध कर्मचारीको दरवन्दी रहेको यस कार्यालयमा हाल ७ जना मात्र कार्यरत रहेका छन । ति ७ जना मध्ये श्रेणीविहिन स्तरमा ४ जना, सहायक स्तरमा १ जना र अधिकृतस्तरमा २ जना रहेका छन् । ५ जना मानव अधिकार अधिकृत रहने स्थानमा १ जना मात्र अधिकृत रहेका छन । कार्यालयको प्रमुख कार्यहरू अधिकृत स्तरका कर्मचारीबाट हुने भएता पनि १ जना अधिकृत मात्र रहेको हुनाले कार्यालयको काम प्रभावित हुदै आइरहेको छ ।

### ३. बृहत भौगोलिक कार्यक्षेत्र

